# प्रशासनिक सरोकार

वर्ष १३ | अङ्क ५ | माघ, २०८२ | मूल्य रु. १००/- | www.prashasaniksarokar.com

मासिक



# निर्वाचन राज्य निर्माणको नैतिक मार्ग

लोकसेवा विशेष

नेपाल सरकार
भूमी व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय हरिवन

हरिवन, सर्लाही

## घर/जग्गा खरिद गर्दा ध्यानदिनु पर्ने विषयहरु:

- खरिद गर्न चाहेको क्षेत्रको औषत मूल्य जानकारी,
- खरिद गर्ने जग्गाको लालपूर्जा/नक्सा,
- जग्गाको मूल स्रोतको जानकारी,
- नापी नक्सा/हालसाविक स्थिति,
- जग्गाधनी र उसका हकदार परिवार,
- जग्गाको रोक्काको स्थिति/विवाद,
- नक्सामा बाटो कायमको अवस्था/प्लटिङ,
- बाटो/कुलो/खोलासँग जोडिएको भए मापदण्ड छोडेर घर निर्माण हुन/नहुने ।

**प्रकाश श्रेष्ठ**
**(प्रमुख मालपोत अधिकृत)**

---

## "स्वच्छ, सुन्दर र समुन्नत शहर, मधेशको शान लालबन्दी नगर"

- आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- नगरपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही, मधेश प्रदेश, नेपाल




**२० | आवरण**

**निर्वाचन राज्य निर्माणको नैतिक मार्ग**

- सुरेशराज बराल





**६**

अन्तर्वार्ता

**'शिक्षा र स्वास्थ्यको विकासलाई उपलब्धीको रूपमा लिएको छु'**

**▌वासुदेव अधिकारी**

नगर प्रमुख

लालबन्दी नगरपालिका, सर्लाही


साथमा


सार्वजनिक खरिदः अबको यात्रा कस्तो रहनुपर्ला ?

- मुकुन्दप्रसाद निरौला / १३

निष्ठा, अनुशासन र सुशासनः प्रभावकारी राज्य संयन्त्रको नयाँ मार्ग

- तोमनाथ उप्रेती / ३१

प्रकृतिसँग मेलमिलापः जलवायु परिवर्तनको साझा भविष्य

- यशोदा कोइराला / ३५

लोकसेवा विशेष / ३८-४०





**१०**

अन्तर्वार्ता

**'सुशासनको पक्षमा गरेको काम नै मेरो उपलब्धी हो'**

**▌रमेश बुढाथोकी**

नगर प्रमुख

हरिवन नगरपालिका, सर्लाही





**१६**

अन्तर्वार्ता

**'हामी आफैंलाई स्थानीय सरकारको अनुभूति भएको छैन'**

**▌भोगेन्द्र मिश्र**

अध्यक्ष

लक्ष्मीनिया गाउँपालिका, धनुषा





**२४**

अन्तर्वार्ता

**'अनुशासन बोलीमा होइन, व्यवहारमा देखिनुपर्छ'**

**▌सुशीलप्रसाद आचार्य**

प्रमुख प्रशासकीय अधिकृत

औरही नगरपालिका, महोत्तरी





**२८**

अन्तर्वार्ता

**'सुशासन, पारदर्शिता र सेवा सुधारको मार्गमा छौं'**

**▌विनय पौडेल**

प्रमुख प्रशासकीय अधिकृत

हरिपुर नगरपालिका, सर्लाही




द्रष्टव्यः यस पत्रिकामा प्रकाशित लेख-रचनाहरुमा व्यक्त गरिएका विचारहरु सम्बन्धित लेखकका निजी हुन् । ती विभिन्न विचारहरुले यस संस्थाको आधिकारिक रुपमा प्रतिनिधित्व गर्दैनन् । - प्रधान सम्पादक



**संस्थागत वार्षिक ग्राहक शुल्क रू. १,५००/-**

प्रशासनिक सरोकार
जि.प्र.का. काठमाडौं द.नं. ४७/०६९/०७०




**प्रकाशक/प्रधान सम्पादक:**
सुरेशराज बराल

**सम्पादक:**
सरोज घिमिरे

**कार्यकारी सम्पादक:**
राजेश अधिकारी

**वरिष्ठ संवाददाता:**
यशोदा कोइराला

**समाचार प्रमुख:**
समुन्द्र अधिकारी

**ठेगाना:**
का.म.न.पा. १०, काठमाडौं
prashasaniksarokar@gmail.com

**मुद्रण:**
ग्रिष्मा ग्राफिक प्रा.लि.
बागबजार, काठमाडौं
grishmagraphic@gmail.com

सम्पादकीय |

# वर्तमान राजनीति, जनअपेक्षा र चुनावी नैतिकता

नेपालमा २०७२ सालको संविधानले संघीय शासन संरचना स्थापना गरे पनि यसको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण देखिन्छ । केन्द्र, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक जटिलता, कमजोर समन्वय र जिम्मेवारीको अस्पष्टताले सेवा प्रवाहमा ढिलाइ, दोहोरो खर्च र असमानता सिर्जना गरेको छ । यसले नागरिकको दैनिक जीवनमा मात्र होइन, राज्यप्रतिको विश्वास र लोकतान्त्रिक चेतनामा समेत नकारात्मक असर पारेको छ ।

आजको नेपाली समाज आर्थिक असमानता, बेरोजगारी, वैदेशिक पलायन, कमजोर सेवा प्रवाह र सुशासनको अभावबाट पीडित छ । यस्ता समस्याले जनजीवनमा गहिरो दुःख सिर्जना गरिरहेका छन् । यस्तो अवस्थामा निर्वाचन जनताको पीडालाई सम्बोधन गर्ने अवसर हुनुपर्छ । तर व्यवहारमा निर्वाचन प्रतिस्पर्धा, खर्चिलो प्रचार, शक्ति प्रदर्शन र आर्थिक प्रभावको केन्द्रमा सीमित हुँदै गएको देखिन्छ । चुनावी प्रक्रियामा पैसाको अत्यधिक प्रयोग, नकारात्मक प्रचार, चरित्र हत्या र अस्वस्थ प्रतिस्पर्धाले लोकतान्त्रिक मूल्यहरू कमजोर बनाइरहेका छन् । यसले जनतामा निराशा, अविश्वास र राजनीतिक उदासीनता बढाएको छ । जब राजनीति जनताको दुःखबाट टाढा जान्छ, तब त्यसमा नैतिकताको स्थान क्रमशः कमजोर हुँदै जान्छ ।

हालको राजनीतिक परिवेशमा जेन-जेड आन्दोलनले नयाँ चेतना र सक्रिय नागरिकताको स्वर उजागर गरेको छ । युवा पुस्ताले पारदर्शी, जवाफदेही र सेवाउन्मुख शासनको माग गर्दै डिजिटल निगरानी, सामाजिक संजाल र सार्वजनिक दबाबमार्फत सुधारको पहल गरिरहेका छन् । उनीहरूले स्पष्ट सन्देश दिएका छन्- संरचनात्मक परिवर्तन मात्र पर्याप्त छैन, मूल्य-आधारित राजनीतिक संस्कार अनिवार्य छ ।

प्रशासनिक संयोजनको अभावले स्वास्थ्य, शिक्षा, विकास र सामाजिक सेवामा गम्भीर समस्या सिर्जना गरेको छ । तहबीचको कमजोर समन्वयले स्रोतको दुरूपयोग, ढिलाइ र सेवामा असमानता बढाएको छ । यसले संघीयताको मूल उद्देश्य नै कमजोर बनाइरहेको छ । राजनीतिक भ्रष्टाचार, मत किनबेच, हिंसा, चरित्र हत्या र आर्थिक दुरूपयोग आत्मिक अशुद्धताका प्रतिफल हुन् । जब नेतृत्वमा आत्मिक अनुशासन हुँदैन, तब राष्ट्र दिशाहीन बन्छ। सत्ता बाहिर रहँदा जनताको पीडाको भाषा बोल्नेहरू सत्ता प्राप्त गरेपछि अहंकारको किल्लाभित्र थुनिन्छन्, जसले राजनीतिक पतन निम्त्याउँछ ।

आगामी २०८२ को निर्वाचन आत्मसमीक्षाको निर्णायक मोड हो । के हामी आत्मिक अनुशासनयुक्त, नैतिक र सेवा-मुखी राजनीति रोज्नेछौं ? कि फेरि लोभ, स्वार्थ र हिंसाको पुरानै बाटोमा फर्किनेछौं ? जनताको दुःखसँग जोडिएको, नैतिक मूल्यद्वारा निर्देशित राजनीति स्थापित हुन सके मात्र लोकतन्त्र सार्थक, समावेशी र दिगो बन्न सक्छ । यही चेतनाले नेपालको वर्तमान र भविष्यलाई उज्यालो दिशातर्फ डोऱ्याउने आशा गर्न सकिन्छ ।

# निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा

- ▶▶| मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं ।
- ▶▶| तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं ।
- ▶▶| मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं ।
- ▶▶| महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं ।
- ▶▶| निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं ।
- ▶▶| आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं ।
- ▶▶| कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं ।

**निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**

# विज्ञापन बोर्ड

प्रतिनिधिसभा निर्वाचन-२०८२

# ३ हजार ४८४ उम्मेदवार मैदानमा, ६२ प्रतिशतउम्मेदवार ४० वर्षमुनिका

## महिला उम्मेदवार ११ प्रतिशतमात्रै

**प्रतिनिधिसभा** सदस्य निर्वाचन-२०८२ अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ मनोनयन दर्ता गर्ने उम्मेदवारको संख्या ३ हजार ४ सय ८४ पुगेको छ । निर्वाचन आयोगले सार्वजनिक गरेको प्रारम्भिक तथ्यांकअनुसार कुल उम्मेदवारमध्ये महिलाको संख्या ११ प्रतिशत अर्थात ३ सय ९५, पुरूष ३ हजार ८८ अर्थात ७९ प्रतिशत र अन्य १ जना छन् ।

राजनीतिक दलको तर्फबाट मनोनयन दर्ता गराउने उम्मेदवारको संख्या २ हजार २ सय ९७ छ । तीमध्ये १० प्रतिशत अर्थात २ सय ३५ महिला, ९० प्रतिशत अर्थात २ हजार ६४ पुरूष र १ जना अन्य लिङ्गका उम्मेदवार छन् । स्वतन्त्र उम्मेदवारको संख्या १ हजार १ सय ८७ पुगेको छ, जसमा १ सय ६० महिला र १ हजार २४ पुरूष छन् ।

उमेर समूहका आधारमा हेर्दा ३६ देखि ४० वर्ष समूहमा सबैभन्दा बढी ४६ प्रतिशत अर्थात १ हजार ६ सय १० उम्मेदवार छन् । यो समूहमा २ सय ३५ महिला र १ हजार ३ सय ७५ पुरुष छन् । २५ देखि ३५ वर्ष उमेर समूहमा १६ प्रतिशत अर्थात ५ सय ८३ जना उम्मेदवार दर्ता भएका छन् भने ४१ वर्षदेखि ४५ वर्ष उमेर समूहमा ३१ प्रतिशत अर्थात १ हजार ९० जना उम्मेदवार छन् । ४५ वर्षभन्दा माथिका उम्मेदवारको संख्या ५ प्रतिशत अर्थात २ सय १ रहेको आयोगको विवरणमा उल्लेख छ ।




निर्वाचन आयोगका अनुसार यसपटक प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिएका राजनीतिक दलको संख्या ६८ छ । आयोगले सार्वजनिक गरेको विवरण प्रारम्भिक भएकाले सामान्य हेरफेर हुनसक्ने जनाएको छ ।

# तिर्न बाँकी सरकारी ऋण २८ खर्ब नाघ्यो, ६ महिनामा थपियो १ खर्ब ३२ अर्ब

नेपालको सार्वजनिक ऋण २८ खर्ब नाघेको छ । चालु आर्थिक वर्ष २०८२/८३ को सुरू हुँदा कुल सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब चार करोड रहेकोमा पुस मसान्तसम्ममा एक खर्ब ३२ अर्ब ३४ करोड थप वृद्धि भई २८ खर्ब छ अर्ब ३९ करोड पुगेको हो । हाल सरकारले तिर्न बाँकी कुल सरकारी ऋण कुल गार्हस्थ्य उत्पादनको ४५ दशमलव ९५ प्रतिशत बराबर हुन आउँछ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५३ प्रतिशतअर्थात् १४ खर्ब ८७ अर्ब २६ करोड २२ लाख र आन्तरिक ऋणको हिस्सा ४७ प्रतिशतअर्थात् १३ खर्ब १९ अर्ब १३ करोड १० लाख रहेको छ । कुल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋणको अनुपात २१ दशमलव ६० र बाह्य




ऋणको अनुपात २४ दशमलव ३५ प्रतिशत रहेको छ ।

सरकारले चालु आवका लागि पाँच खर्ब ९५ अर्ब बराबर सार्वजनिक ऋण उठाउने लक्ष्य राखेको छ । अर्धवार्षिक समीक्षा अवधिसम्ममा दुई खर्ब १४ अर्ब ५५ करोड प्राप्ति भइसकेको छ । जुन वार्षिक लक्ष्यको ३६ दशमलव ०२ प्रतिशत हुन आउँछ । पछिल्लो छ महिनामा सरकारले उठाएको ऋणमा आन्तरिक ऋणको हिस्सा ८२ दशमलव ८१ र बाह्य ऋणको हिस्सा १७ दशमलव १९ प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

सरकारले चालु आवका लागि तीन खर्ब ६२ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेकोमा पुस मसान्तसम्ममा एक खर्ब ७७ अर्ब ६६ करोड ६९ लाख बराबर उठाइसकेको छ । त्यस्तै, बाह्य ऋणतर्फ दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख उठाउने सरकारी लक्ष्य रहेकोमा हालसम्म ३६ अर्ब ८९ करोड २२ लाख मात्रै उठाएको छ ।

सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा पनि पछिल्लो छ महिनामा ठुलो रकम खर्च भएको छ । सार्वजनिक ऋणको साँवा ब्याज तिर्न सरकारले चालु आवका लागि चार खर्ब ११ अर्ब एक करोड बजेट विनियोजन गरेकोमा गत पुस मसान्तसम्ममा एक खर्ब ८७ अर्ब १२ करोड भुक्तानी भइसकेको छ ।

## "फिक्कल समृद्धिको मूल आधार, कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार"

- आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- गाउँपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- गाउँपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।

**फिक्कल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

खाङसाङ, सिन्धुली, बागमती प्रदेश, नेपाल

**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**स्वास्थ्य सेवा विभाग**

**टेकु, काठमाडौं**

## नियमित रुपमा स्वास्थ्य जाँच गरौं

**नियमित स्वास्थ्य परीक्षण किन ?**

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

**त्यसैले,**

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।



हामीले स्वास्थ्य, शिक्षा, कृषि, सिंचाइ, पूर्वाधार र युवा/खेलकुद क्षेत्रमा समग्र विकास र सेवा सुधारका लागि योजनाबद्ध र क्रमिक रूपमा काम अघि बढाएका छौं । सार्वजनिक सहभागिता, प्राविधिक साझेदारी र योजनागत लगानीमार्फत जनताले प्रत्यक्ष अनुभव गर्ने सेवाहरू सुनिश्चित गर्न निरन्तर प्रयास गर्दैछौं ।

**वासुदेव अधिकारी**
नगर प्रमुख
लालबन्दी नगरपालिका
सर्लाही

# ‘शिक्षा र स्वास्थ्यको विकासलाई उपलब्धीको रुपमा लिएको छु’

मेरो कार्यकालको करिब चार वर्षमा भएको ठूलो उपलब्धीमा स्वास्थ्य क्षेत्रमा गरेको उपलब्धी हो । यहाँबाट हामीले धेरै मान्छेलाई उपचार दिनेको हुनाले जिल्लामा र प्रदेशमा पनि पहिलो भएकाले त्यसलाई एउटा उपलब्धीको रूपमा लिएको छु ।

लालबन्दी नगरपालिका मधेश प्रदेशको सर्लाही जिल्लामा अवस्थित कृषि उत्पादनका हिसाबले पनि नेपालको महत्वपूर्ण स्थानीय तहमध्ये एउटा स्थानीय तह हो । नेपालमा संघीयता कार्यान्वयनमा आएसँगै स्थानीय शासनलाई सुदृढ बनाउने प्रयत्नस्वरूप २०७९ सालमा सम्पन्न दोस्रो स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार बन्नु भएका *वासुदेव अधिकारी* नगर प्रमुखमा निर्वाचित भएर करिब चार वर्षदेखि यो नगरपालिकाको नेतृत्व गर्दै आउनुभएको छ । नगर प्रमुख अधिकारीको नेतृत्वमा लालबन्दी नगरपालिकाले नागरिकलाई आधारभूत सेवाहरू उपलब्ध गराउँदै सुशासनको

**अनुभूति दिने प्रयास गरिरहेको छ । नागरिकका लागि स्थानीय तह राज्यको सबैभन्दा नजिकको, छिटो प्रतिक्रिया दिने र प्रत्यक्षरूपमा अनुभूत गर्न सकिने संरचना हो । यस अर्थमा स्थानीय तहहरू संघीय शासनको मूर्त प्रतिनिधीमात्र होइनन्, नागरिक-सरकार सम्बन्धको जीवन्त स्वरूप पनि हुन् । नगर प्रमुख अधिकारीको नेतृत्वमा लालबन्दी नगरपालिकामा भएका विकास, सेवा प्रवाह र पारदर्शिताका लागि हासिल भएका उपलब्धिहरू र आगामी योजनाका सन्दर्भमा *समुन्द्र अधिकारीले* गरेको कुराकानी प्रस्तुत छः**

**तपाईँले आफ्नो कार्यकालको ४ वर्षको अवधिमा लालबन्दी नगरपालिकामा नागरिकलाई दिगो विकास र सुशासनको अनुभूति दिनेगरी कस्ता योजना तथा कार्यक्रमहरू सम्पन्न गर्नुभयो ?**

सुरूवातको चरणमा हामी केही हदसम्म "कुहिरोको काग" जस्तै अवस्थामा प्रवेश गरेका थियौं । कहाँबाट सुरू गर्ने, के प्राथमिकता दिने भन्ने अलमल थियो । त्यसबेला प्रभावकारी मार्गदर्शन पनि त्यति हुन सकेन । कतिपयले अप्ठ्यारो परिस्थितिलाई अवसरका रूपमा उपयोग गर्न खोज्ने प्रवृत्ति पनि देखियो । तर हामीले हतार नगरी क्रमशः काम अगाडि बढायौं । सुरुमा सामान्य मर्मत-सम्भारका कामहरूको थालनी गऱ्यौं ।

अब स्थानीय सरकारले गर्नुपर्ने, दुखी, पिडितको औषधी उपचारको लागि साधन स्रोतले भ्याएसम्म त्यसलाई प्रत्येक वडा वडामा व्यवस्था गरेका छौं । ५० प्रतिशत बजेटै वडामा जानेगरी हामीले त्यो अधिकार प्रत्यायोजन गरेका छौं । नागरिकले सेवा चाहिँ कमसेकम आफ्नै ठाउँबाटै वडा तहबाटै पाउन् भन्ने हिसाबले हामीले काम गऱ्यौं । अब काम गर्दै जाँदा हामीलाई के अनुभव भयो भने शिक्षा क्षेत्रमा तह व्यवस्थापन नगरीकन अगाडि बढ्न नसकिने रहेछ भन्ने कुरा देख्यौं त्यसपछि हामीले तह व्यवस्थापन गऱ्यौं । तह व्यवस्थापन गरिसकेपछि त्यसमा केही सुधार अगाडि बढ्यो ।

स्वास्थ्यको क्षेत्रमा अलिकति अगाडि जान ग्रामिण क्षेत्रका नागरिकले कसरी सुविधा पाउलान् । अलि हुने खाने त सहर बजारतिर गइहाल्छन् । अनि अब यिनीहरूलाई के गर्न सकिन्छ भनेर हामीले नगर अस्पताल सुरू गऱ्यौं । नगर अस्पतालमा एउटा विशेषज्ञ डाक्टर ल्याएर सुत्केरी सेवा यहिँबाट संचालन गरौं भनेर सुरु गऱ्यौं । त्यो पनि प्रभावकारी भयो त्यसपछि गाउँभरीलाई हामीले सुत्केरीहरूलाई आमाबच्चा सुरक्षाको लागि भनेर एउटा एम्बुलेन्स, त्यो चाहिँ शुद्ध सुत्केरीको लागि मात्रै प्रयोग हुने व्यवस्था गरेका छौं । अहिले स्वास्थ्यमा चाहिँ हामी प्रदेशमै पहिलो हुन सफल भयौं । त्यसमा नागरिकले आधारभूत सेवा पनि लिन सके । यस्ता यस्ता सबै कुरा गर्दै जाँदाखेरी अलिकति हामीले यहाँ सिंचाईको अभाव, त्यसको विकल्प नखोजि हुन्न भनेर विगतमा दुई वटा प्रधानमन्त्रीसँग सुनकोशी मणिर डाइभर्सनलाई सर्लाहीको लखनदेही नदी वा अरू कुनै नदीमा झारेर सिंचाइ गर्न सकियोस् भनेर योजना स्वीकृत गरेर समावेश गऱ्यौं । त्यो स्वीकृति भइसकेको थियो आन्दोलन लगायत विभिन्न कारणले अहिले रोकिएको छ । त्यसबाट हामीले सिंचाइको सुविधा उपलब्ध गराउन सक्यौं भने त्यसमा स्थानीय स्वरोजगारी प्राप्त हुन्छ भन्ने लागेको छ ।

हामीले ऐलानी र अव्यवस्थित रुपमा रहेको जग्गालाई नम्बरिङ गरेर व्यवस्थित गर्नका लागि सुरूदेखि नै निरन्तर प्रयास गरेका छौं । अब मलाई लाग्छ निर्वाचन पछाडि चाहिँ यसले अलिकति गति पाउँछ । मैले प्रयास गर्दा त्यसको सकारात्मक पक्ष आएको छ । यतिमात्रै नभएर प्रदेश या जिल्लास्तरमा पनि हामीले अरू केही काम गर्नुपर्छ भनेर प्राविधिक धारमा चाहिँ यता अलि कमजोरै भएको हुनाले काठमाडौं युनिभर्सिटीसँग प्राविधिक सम्झौता गरेर प्राविधिक धारको पढाई लालबन्दी नगरपालिका होस् भन्ने हिसाबले अगाडि बढायौं । त्यसका लागि वन विभागबाट जग्गा पनि जग्गा प्राप्त भयो । शिक्षा मन्त्रालयबाट त्यो प्रस्ताव अगाडि बढाएर कृषि, वातावरण र वन विज्ञान अध्ययन संस्थानका लागि प्रास्ताव अगाडि बढाएका छौं । यति मात्रै नभएर सिन्धुलीसम्म जाने एउटा क्रसिङको बाटोको अभाव भएको हुनाले त्रिभुवन नगरदेखि दुम्जासम्म जाने बाटोलाई एउटा रणनीतिक बाटो बनाऔं भन्ने हिसाबले प्रस्ताव गऱ्यौं र त्यसको पनि काम अगाडि बढायौं । यति हुँदा उत्तर-दक्षिणको सम्बन्ध बढ्ने र त्यसपछि त्यहाँ उत्पादन भएका चिजले बजार पाउने र एउटा पर्यटकीय हिसाबले पनि त्यसलाई पनि हामीले अगाडि बढायौं । यता फेरी भारदहदेखि पतलैयासम्म जति पनि गाडी दुर्घटना हुन्छन्, औषधी उपचार गर्ने एउटा ट्रमा सेन्टरको व्यवस्था नभएको हुनाले त्यसका लागि हामीले स्वास्थ्य मन्त्रालयमा कुराकानी गऱ्यौं । त्यसमा पनि करिब करिब सहमति भइसकेको थियो । यता आउँदासम्म फेरी जेनजी आन्दोलन भयो । अहिले प्रदेश सरकारबाट पनि त्यसलाई अगाडि बढाउन सकारात्मक कुरा आएको हुनाले अगाडि बढाएका छौं । खेलकुदका क्षेत्रमा एउटा रंगाशाला कमसेकम नयाँ युवापिँढीको त्यसमा अध्यान जाओस् भनेर त्यसका लागि पनि प्रयास गर्दैछौं ।

**तपाईँहरूले चालु आर्थिक वर्षका लागि जे जस्ता योजनाहरू अगाडि सार्नुभएको थियो त्यसको लक्ष्य पूरा हुन सक्ने अवस्था छ कि छैन ?**

अहिलेसम्म जति पनि हाम्रा योजनाहरू गर्ने भनेर भनेका छौं ति सबै पूरा भएका छन् । ९० देखि ९५ प्रतिशतसम्म सफल भएका छन् । करिब चैतसम्म हाम्रो आन्तरिक स्रोतका चाहिँ पूरा हुन्छन् भन्ने छ । तर यो ऐलानी जग्गाको हिस्सा ७० प्रतिशत भएकोले आन्तरिक स्रोतचाहिँ बाहिरबाट देखिएको अवस्था जस्तो छैन । अब संघीय सरकारबाट आउने अनुदानबाट हुने योजनाको पनि ठेक्कापट्टा लगाउनका लागि सम्झौता गर्ने काम सम्पन्न भएको हुनाले चाहिँ त्यसलाई कम समयमै जेठभित्र सक्नुपर्छ । असारे विकासमा पर्खिनु हुन्न भन्ने मनसायका साथ अगाडि बढेका छौं ।

**संघ-प्रदेश-स्थानीय तहबिचको समन्वय चाहिँ कत्तिको प्रभावकारी रह्यो ?**

संघीय सरकारसँग ४/५ वटा ठूला काम त्यसका लागिमात्रै मैले संघीय सरकारसँग पहल गरेँ । प्रधानमन्त्री, मन्त्रीहरूकोमा जाँदा रेस्पोन्स पाएँ । अलि स्थिर मन्त्री भए म यो ऐलानी जग्गाको कुरा अगाडि बढाउँथेँ । यहाँ त मन्त्री हेरफेर भइरहने, मुलुकमै कतिवटा जिल्ला छन् भनेर थाहा नपाउने मान्छे पनि मन्त्रि पदमा पुगेका छन् । एउटा आउने अर्को जाने गर्दैगर्दै गाह्रो थियो । अब अहिले त्यो कुराले गति लिएको छ । अब प्रदेश सरकारले चाहिँ नगरपालिकासँग समन्वय गरेर अगाडि जानुपर्ने तर यसो हेर्दाखेरी

त्यति नभएको देखिन्छ । हाम्रो पनि काम हो भन्ने हिसाबले प्रदेश सरकारलाई पनि जस लिने मैले ती कामहरूको अपनत्व तपाइँहरू नै लिनुस् । सडकको प्रदेश सरकारले लिने हो । अब यो ट्रमा सेन्टरको अपनत्व प्रदेश सरकारले लिने हो । त्यसमा हामी सहयोग गर्ने हो । कमसेकम प्रदेश सरकार र स्थानीय सरकारको बिचमा समन्वय भएर संघीय सरकारमा पनि जानुपर्छ । तीन वटै सरकारको समन्वयमा चलेका योजना पनि चाहिन्छ भन्ने हिसाबले चाहिँ मैले आफ्नो तर्फबाट प्रदेश सरकारसँग समन्वय गर्ने काम चाहिँ गरेको छु । उपलब्धी चाहिँ खासै नभए पनि व्यवहारिक हिसाबमा चाहिँ आउने जाने आदि इत्यादि छन् । प्रदेशमा अलिकति समस्या छन् । योजना नै पहिल्यै बिक्री गर्ने आदि इत्यादि सुनिन्छ । हामीले चाहिँ आवश्यकता एउटा भनेको हुन्छ त्योभन्दा बाहिरका कार्यक्रमहरू आइरहेका छन् । कताकताबाट कार्यक्रम आउँछन् त्यसमा काम हुन्छ जान्छ त्यो नगरपालिकालाई थाहै हुँदैन । मैले उहाँहरूलाई भनेको जे जस्तो कार्यक्रम आए पनि नगरपालिकालाई त्यो नगरपालिकाभित्र भएका कामको जानकारी तपाइँहरूले दिँदाखेरी केही न केही हामीले अनुगमन गर्न पायौं भनेदेखि प्रभावकारी हुन्थ्यो भन्ने चाहिँ गरेको छु ।



**हाम्रो अर्को सवल पक्ष भनेको यहाँ तीन वटा पार्टीहरू कांग्रेस, एमाले, माओवादीका गरेर ९/९ जना जनप्रतिनिधि छौं । अहिलेसम्म यहाँ जे काम भएको छ सहमतिमै भइरहेको छ । मलाई कुनै त्यस्तो अवरोध भएको छैन ।**

**भन्ने बेलामा त स्थानीय तहलाई संविधान कार्यान्वयनको पहिलो पाठशाला भने पनि संविधानको भावना विपरित संघ र प्रदेशले स्थानीय तहसँग समन्वय नगरी सानातिना योजनाका लागि आफैं अघि सर्ने प्रवृत्तिले अनावश्यक दोहोरोपना, स्रोतको विखण्डन, कार्यान्वयनमा हुने ढिलाई जस्ता कुराले कत्तिको चुनौति थपेको अनुभूति गर्नुभएको छ ?**

वास्तवमा संविधानले जुन हक प्रत्याभूत गरेको छ त्यो एउटा कुरा लालपूर्जा बाँड्ने काम चाहिँ संविधानले स्थानीय सरकारलाई दिएको छ । कानुन बनाउने कसले बनाउने ठाउँमै समस्या छ । बन्दै बन्दैन अनि नबनिकन कसरी हामीले काम गर्ने त । जुन प्रदेशले बनाउनुपर्ने कानुन, संघले बनाउनुपर्ने कानुन बेलामा बनाइदिएर दिएको भए हुन्थ्यो । हामी अहिले केही न केही रूपमा नियन्त्रित छौं । अब यता संघीय सरकारलाई स्थानीय सरकार छ भनेर पन्छान भएको छ । प्रदेशलाई स्थानीय सरकार भनेर पन्छाउन मिलेको छ । तर त्यो स्थानीय सरकारले आफु सम्प्रभूत्व भएर अगाडि बढ्न सक्ने हैसियत अहिलेसम्म पाइसकेको छैन । हरेक नियम कानुन बन्छ । अनि संघ र प्रदेशमा विवाद हटाउनुपर्छ भन्ने छ तर त्यो कहिल्यै अगाडि बढ्दैन । स्थानीय सरकारको हकमा पहिला प्रदेश र संघले नदेखेको कुराको पनि कानुन बनाउनुपर्छ । यी सब कुरामा अलिकति समन्वय नभएको हुनाले कानुनी जटिलता पनि छ । व्यवहारिक कुरा पनि छन् । व्यवहारमा अहिले तीन तहबिच समन्वय भन्ने कुरा करिब करिब मलाई लाग्छ हुनै सकेको छैन भन्दा पनि हुन्छ । संघको एउटा राम्रो पाटो भनेको तोकिए बमोजिम पैसा आउँछ र त्यो पैसाबाट हामीले कार्यक्रम बनाएर जान्छौं । हाम्रै निगरानीमा हुन्छ । अनि बेलामा त्यो काम गर्न नसके त्यो पैसा त्यही बाटो जान्छ । त्यो भएको हुनाले पहिल्यैदेखि केही न केही चासो राखेन भने गाह्रो हुन्छ ।

**तपाइँले लालबन्दी नगरपालिकामा सहरी व्यवस्थापन तथा सरसफाईका लागि कस्ता कार्यक्रम अगाडि बढाउनु भएको छ नि ?**

लालबन्दीमा सरसफाईको विषयमा मैले पहिले खानेपानी मै हुँदाखेरी सरसफाईको लागि कार्यक्रम अगाडि बढाएको थिएँ । त्यो कुरा मैले नगरपालिकामा बुझाएँ । १५ प्रतिशत नगरपालिकामा बुझाएपछि त्यो हाम्रो योजना नै चल्थ्यो । अन्तका मान्छेहरूले हेर्ने ठाउँ हुन्थ्यो, त्यो हुन सकेन । तर पनि अस्थायी हिसाबले डम्पिङसाइटको व्यवस्था चाहिँ हामीले गरेका छौं । अहिले त्यो अस्थायीरूपमा रहेकाले त्यसलाई व्यवस्थापन गर्ने काम भइरहेको छ । फोहोर व्यवस्थापनका लागि कसरी व्यवस्थित रूपमा अगाडि जाने भनेर २/३ वटा पालिकासँगको सहकार्यमा जाउँ भन्ने हिसाबले प्रस्ताव पनि मैले अगाडि बढाएको छु तर त्यसले गति लिन सकेको छैन । त्यसमा अलिकति बसपार्क आदि इत्यादिको लागि ठाउँको साह्रै अभाव भएकोले बसपार्क बनाउन सकिएको छैन । त्यस्तै कोसेली घर भन्ने कुरा पनि धेरै आइरहेको छ । त्यसतर्फ पनि ठाउँको अभावले गर्दा हुन सकेको छैन । यी कुराको क्रमशः समाधान हुँदै जाँदाखेरी कार्यक्रमहरू अगाडि बढ्थे ।

**स्थानीय तहमा धेरै अनियमितता हुन्छ भन्ने आरोपलाई चिर्न पनि आफ्नो पालिकामा बेरूजु नियन्त्रण र वित्तीय पारदर्शिता सुनिश्चित गर्नका लागि के कस्ता उपायहरू अवलम्बन गरिरहनुभएको छ ?**

मैले नगरपालिकाको आर्थिक लेखालाई अत्यन्त कडाइका साथ अगाडि बढाउने भनेको छु । काम गर्दाखेरी लेनादेना कुराहरूलाई रोक्ने, काहिँ त्यस्तो छ भने मसँग सोझै आउन सक्नुहुन्छ । मैले २४ सै घण्टा नागरिकहरूका लागि ढोका खुला राखेको छु । त्यसमा बेरूजुको क्रमचाहिँ हाम्रोमा साह्रै कम छ । बेरूजु त्यति धेरै छैन । त्यसलाई सामाजिक हिसाबले चाहिँ हामीले संचार माध्यमबाट सार्वजनिक सुनुवाईको कार्यक्रम अगाडि बढाइरहेका छौं । त्यो पाटोबाट चाहिँ हेर्दा पनि हाम्रोमा त्यस्तो समस्या छैन । अलिकति यो ठेक्कापट्टामा त्यसमा पनि खोलाको ठोक्कापट्टाको प्रचार चारैतिरबाट आउँछ । त्यसलाई पनि सामना गर्दै कमसेकम हामी हिजो जसरी आएका थियौं भोलि त्यसैगरी जान सकियोस् भन्ने हिसाबले चाहिँ मभन्दा माथिका निकायबाट खेल्न खोजे पनि मैले स्पष्टसँग कुरा राखेको छु अब यस्ता चलेखेल गर्नु हुँदैन । हामी

पारदर्शी हुनपर्छ भन्ने हिसाबले गइरहेका छौं । तर यो पहिलादेखि नै लागेको बानी भएकाले पनि छुटाउन अलि समय लाग्ने रहेछ ।

**आफ्नो कार्यकालको यो चार वर्षको अवधिमा सबैभन्दा ठूलो र ठोस उपलब्धी केलाई दिनुहुन्छ नि ?**

मेरो कार्यकालको करिब ४ वर्षमा भएको ठूलो उपलब्धीमा स्वास्थ्य क्षेत्रमा गरेको उपलब्धी हो । यहाँबाट हामीले धेरै मान्छेलाई उपचार दिनेको हुनाले जिल्लामा र प्रदेशमा पनि पहिलो भएकाले त्यसलाई एउटा उपलब्धीको रूपमा लिएको छु । त्यसपछि कुपोषणको क्षेत्रमा पनि हामी अगाडि बढेका छौं । क्षयरोगको विषयमा पनि राष्ट्रिय सम्मानै पायौं । त्यसपछि शिक्षक व्यवस्थापन गरेर शिक्षाको गुणस्तर सुधार्न सफल भएकाले त्यो पनि उपलब्धी भएको छ । अरू ति जुन मैले चाहिँ नगरपालिकाबाट ४/५ वटा आयोजनाहरू चाहिँ संघीय सरकारसँग प्रस्ताव गरैं । अहिले ती आयोजना क्षेत्रतिर जाँदाखेरी मान्छेले नगरप्रमुखले गरेको कुरा ठिक छ भन्ने गरेका छन् । यसलाई अगाडि बढाउनुपर्छ भनेर जनताले अपनत्व लिएको हुनाले सबैभन्दा ठूलो काम यो भएको छ भन्ने कुरा मलाई महसुस भइरहेको छ ।

**कार्यकालको बाँकी एक वर्षमा कस्ता कार्यक्रम पूरा गर्ने लक्ष्य लिनुभएको छ नि ?**

अब मैले सर्सर्ति हेर्दाखेरी अगाडि मैले भनेका ४/५ वटा कार्यक्रमहरू सम्पन्न गर्न सकियो भने ३० वर्षदेखि मैले समाज सेवामार्फत बोकेको सपनालाई अझै पनि १०/१५ अगाडि बढाउन सकिन्छ भन्ने विश्वास लिएको छु र त्यसले चाहिँ जिल्ला प्रदेश सबैलाई प्रभावित पार्छ । मेरो जोड भनेको सानातिना कुरालाई भन्दा त्यो देखिने कामहरूलाई बढी हुन्छ ।

**अनावश्यक ढिलासुस्ती, सिफारिस र कागजी झन्झट घटाउन प्रविधिमुखी सुधारका लागि कत्तिको जोड दिनुभएको छ नि ?**


करिब करिब सेवाचाहिँ हामीले रहेक वडाबाटै दिइरहेका छौं । त्यसमा तलमाथि कहिलेकाहिँ अहिले जेनजी आन्दोलनले घर जलेको हुनाले चाहिँ ८/१० दिन हामीले सेवा दिन सकेनौं । कम्प्युटर, कागजपत्र आदि इत्यादि सबै जलेको हुनाले नत्र मलाई लाग्छ त्यस्तो समस्या हामीसँग छैन । त्यसलाई अझै पनि प्रविधिमैत्री बनाएर जस्तो शिक्षकको हाजिरी कन्ट्रोल गर्ने कुरादेखि लिएर वडा वडामा कर्मचारीको व्यवस्थापन गर्नेदेखि लिएर सबै कुरा भइरहेको छ । मेरो टेबुलमा आएका काम तुरून्तै भएर जान्छ । मैले आफ्नो कर्तव्य पालना गरेको छु । उपमेयरको पनि न्यायिक समितिबाट सम्पादन हुने मुद्दा मामिलाको क्षेत्रचाहिँ अलिकति गाह्रो कुरा रहेछ । अझै पनि त्यसलाई चाहिँ हामीले अपेक्षित हिसाबले लैजान सकिरहेका छैनौं । तर अरू सेवामा हाम्रो प्रविधिमैत्री छ । वडा सचिवहरूलाई बेलाबेलामा निर्देशन दिएका छौं । म आफैं पनि बेलाबेलामा पुग्छु । उपमेयर हुनुहुन्छ । वडाअध्यक्षहरूलाई पनि जागृत बनाएका छौं । हरेक वडाको मेयर भनेको तपाईँहरू नै हो भन्ने हिसाबले हामी गएका छौं । हाम्रो अर्को सबल पक्ष भनेको यहाँ ३ वटा पार्टीहरू कांग्रेस, एमाले, माओवादीका गरेर ९/९ जना जनप्रतिनिधि छौं । अहिलेसम्म यहाँ जे काम भएको छ सहमतिमै भइरहेको छ । मलाई कुनै त्यस्तो अवरोध भएको छैन । त्यसैले समयमै गर्नुपर्ने काम सम्पन्न गर्न सकेका छौं र सहयोग पनि प्राप्त भइरहेको छ । ■


"शिक्षा, सडक, सिंचाइ र कृषि गोलन्जोरको पूर्वाधार, तरकारी खेति, पशुपालन र पर्यटन विकाश समृद्धिको मूल आधार"

- आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- गाउँपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- गाउँपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

गोलन्जोर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली, बागमती प्रदेश



**रमेश बुढाथोकी**
नगर प्रमुख
हरिवन नगरपालिका
सर्लाही

हाम्रो बेरूजु एकदमै न्यून छ । हामीले नीति, नियमभन्दा बाहिर गएर काम गर्न जानेका छैनौं । अझ सार्वजनिक खालका काम गर्दा पनि पैसा कहाँ कति खर्च भयो भनेर त्यसको विवरण सार्वजनिक गर्ने गरेका छौं । गुणस्तरमा ध्यान दिएका छौं ।

# 'सुशासनको पक्षमा गरेको काम नै मेरो उपलब्धी हो'

हरिवनमा सुशासन, पारदर्शिता र जनसहभागितालाई केन्द्रमा राख्दै हामीले वार्षिक सार्वजनिक छलफल, सार्वजनिक सुनुवाइ र पारदर्शी कर्मचारी नियुक्तिको अभ्यास स्थापित गरेका छौं । खुला बहस, निगरानी र नियमित अनुगमनका कारण विकासका योजनाहरू गुणस्तरीय, जिम्मेवार र विश्वासयोग्य बनेका छन् ।

नेपालमा संघीय शासन प्रणाली लागू भएसँगै स्थानीय तहको पुनर्संरचना भएर जनप्रतिनिधिले नेतृत्व सम्हालेको पनि करिब नौ वर्ष पुग्न लागेको । नागरिकका लागि स्थानीय तह सरकारको सबैभन्दा नजिकको, छिटो प्रतिक्रिया दिने र प्रत्यक्षरूपमा अनुभूत गर्न सकिने एउटा संरचना हो । तर पनि स्थानीय तहहरू संविधानले कल्पना गरेको स्वायत्त, सक्षम र जवाफदेही स्थानीय सरकारको परिकल्पनालाई मूर्तरूप दिन अझै संघर्षरत छन् ।

संघीयता कार्यान्वयनसँगै स्थानीय शासन सुदृढ बनाउने उद्देश्यका साथ २०७९ सालमा सम्पन्न दोस्रो स्थानीय तह निर्वाचनमा सर्लाही जिल्लाको हरिवन नगरपालिकाको नगर प्रमुखका लागि तत्कालिन नेकपा (माओवादी केन्द्र) का तर्फबाट उम्मेदवारी दिनुभएका *रमेश बुढाथोकी* स्थानीय सरकारको प्रमुखमा निर्वाचित हुनु भएको हो । उहाँको नेतृत्वमा नगरपालिकाले करिब चार वर्षदेखि नागरिकलाई आधारभूत सेवा प्रदान गर्दै सुशासनको अनुभूति दिलाउने प्रयास गरिरहेको छ । नगर प्रमुख बुढाथोकीसँग नगरपालिकामा भएका विकासका गतिविधि, सुशासन र भावी योजनाका सम्बन्धमा *सुरेशराज बराल*ले गरेको कुराकानी प्रस्तुत छः

**तपाईंले आफ्नो कार्यकालको करिब ४ वर्षको अवधिमा नागरिकलाई दिगो विकास र सुशासनको अनुभूति दिनेगरी कस्ता योजना तथा कार्यक्रमहरू सम्पन्न गर्नुभयो ?**

हामीले अहिलेसम्म जनतालाई पहिलो कुरा आधारभूत कुराहरूमै जोड दियौं । त्यसमा बाटोको पहिलो काम हामीले गर्‍यौं । हामीले अर्को कुरा रैथाने बालीको प्रवर्द्धनका लागि कोदो, फापर र आलस जस्ता बालीलाई उत्पादनमा अनुदान दिने काम गर्‍यौं । त्यसपछि मान्छेलाई स्वस्थ बनाउने अभियान अन्तर्गत हामीले विभिन्न ठाउँमा योगहरू संचालन गरेका छौं । सरसफाईका कार्यक्रमहरू अगाडि बढाएका छौं । नगरपालिकामा नेपाल सरकारले तोकेको औषधीहरू निःशुल्क उपलब्ध गराइरहेका छौं । कोल्डस्टोरहरूको व्यवस्था गरेका छौं । महिलाहरूलाई निःशुल्क सेनेटरी प्याडहरू उपलब्ध गराएका छौं । खानेपानीको लागि पनि काम गरेका छौं । कृषि सिंचाइमा पनि किसानलाई अनुदान दिने काम गरेका छौं ।

**चालु आर्थिक वर्षका लागि जे जस्ता योजनाहरू अगाडि सार्नुभएको थियो त्यसको कार्यान्वयन पक्ष कत्तिको सन्तोषजनक छ नि ?**

कार्यान्वयन तिव्रगतिमा भइरहेको छ । हामीले नीति तथा कार्यक्रम उल्लेख भएका सबै योजनाहरू अगाडि बढाइरहेका छौं । कार्यान्वयनमा कुनै समस्या छैन ।

**संघ, प्रदेश र स्थानीय तहबिचको समन्वय कस्तो रह्यो नि ?**

बजेटमा तोकेर यति दिन्छौं भनेको पैसा पनि पुरै आएको अवस्था छैन । विभिन्न बाहानामा दिन्छु भनेको न्यूनतम पैसा पनि हामीले पाइरहेका छैनौं । त्यसकारणले हाम्रो पालिकाको आम्दानीमा सबै कुरा गर्न सकिने अवस्था छैन । माथिबाट आउने अनुदानमा पनि कटौती हुने कारण र अनि त्यो पनि बेलामा नआउने, पुरा पनि आइरहेको छैन ।

**भन्ने बेलामा त स्थानीय तहलाई संविधान कार्यान्वयनको पहिलो पाठशाला भने पनि संविधानको भावना विपरित संघ र प्रदेशले स्थानीय तहसँग समन्वय नगरी सानातिना योजनाका लागि आफैं अघि सर्ने प्रवृत्तिले अनावश्यक दोहोरोपना, स्रोतको विखण्डन, कार्यान्वयनमा हुने ढिलाई जस्ता कुराले कत्तिको चुनौति थपेको अनुभूति गर्नुभएको छ ?**

हो, राजश्व बाँडफाँडबाट आउनुपर्ने रकम हामीलाई यति आउँछ भनेर तोकेको रकम पनि पूर्ण पाएका छैनौं । हामीले आउँछ र भुक्तानी दिन्छौं भनेर गराएका कामको पनि भुक्तानी दिन नसकेर त्यसको दायित्व अर्को वर्षका लागि सर्दै गएको छ ।

**नागरिकको चाहना सम्बोधन गर्न आफ्नै दिगो स्रोतका लागि कत्तिको जोड दिनुभएको छ नि ?**

हामीले आफ्नो आम्दानीको लागि खोजी त गरेका छौं । पहिलेको भन्दा आम्दानीमा वृद्धि पनि भएको छ । त्यसले मात्रै पर्याप्त मात्रामा काम गर्न सक्ने अवस्था छैन । आफुसँग भएका स्रोतको उपयोगका लागि पनि माथिल्ला निकायले फाइलहरू अगाडि नबढाइदिने, ढिलासुस्ती गरिदिने त्यो खालको अवस्था पनि हामीले भोग्नुपरेको छ ।

**जनतालाई स्थानीय रोजगारीमा जोड्न सीप विकास, लघु उद्यम प्रवर्द्धन, सहकारी सहयोग र बजार व्यवस्थापनका लागि चाहिँ तपाईंको नेतृत्वमा रहेको स्थानीय सरकारले कत्तिको सफलता पाएको अनुभूति गर्नुभएको छ ?**

हामीसँग ठूल्ठूला उद्योग खोल्न क्षमतै छैन । साना साना कुटिर उद्योगहरू खोलेर मान्छेलाई रोजगार बनाउने, रोजगारी सिर्जना गर्ने काम हामीले अगाडि बढाएका छौं । त्यसबाट केही मान्छे रोजगार हुने कुरा पनि भएको छ ।

**शिक्षा, सरसफाई जस्ता अधारभूत कुरामा यो ४ वर्षको अवधिमा के कस्ता ठोस उपलब्धी हासिल गर्नेभयो नि ?**

शिक्षामा पनि हामीले परिवर्तन गरेका छौं । हिजोको तुलनामा सामुदायिक विद्यालयको गुणस्तर वृद्धि भएको छ । भौतिक पूर्वाधारको कामहरू पनि अगाडि बढेको छ । धेरै विद्यार्थी भएको विद्यालयमा विषयगत शिक्षकको पनि नियुक्ति गरेका छौं । केही विद्यालयमा कम्प्युटर शिक्षकहरूको पनि व्यवस्था गरेका छौं । हामीले प्राविधिक शिक्षामा पनि जोड दिएका छौं ।

**स्थानीय तहमा धेरै अनियमितता हुन्छ भन्ने आरोपलाई चिर्न पनि आफ्नो पालिकामा बेरूजु नियन्त्रण र वित्तीय पारदर्शिता सुनिश्चित गर्नका लागि के कस्ता उपायहरू अवलम्बन गरिरहनुभएको छ ?**

हाम्रो बेरूजु एकदमै न्यून छ । हामीले नीति, नियमभन्दा बाहिर गएर काम गर्न जानेका छैनौं । अझ सार्वजनिक खालका काम गर्दा पनि पैसा कहाँ कति खर्च भयो भनेर त्यसको विवरण सार्वजनिक गर्ने गरेका छौं । गुणस्तरमा ध्यान दिएका छौं । त्यसले गर्दा अहिले

हाम्रोमा बेरूजु चाहिँ एकदमै न्यून छ । मेरो पालामा अहिलेसम्म बेरूजु छैन भने पनि हुन्छ ।

**तपाइँको कार्यकालको ४ वर्षको अवधिमा सबैभन्दा ठूलो उपलब्धी केलाई लिनुनुहुन्छ ?**

मैले सुशासनको पक्षमा गरेको काम नै मेरो उपलब्धी हो । अनि पारदर्शिताको पनि काम हामी गरेका छौं । त्यसपछि हामीले वार्षिकरूपमै सार्वजनिक छलफलहरू चलाउने, सार्वजनिक सुनुवाइका काम पनि गरेका छौं । जसले गर्दा अब सचेत नागरिकहरूले हामीले के के गऱ्यौं भन्ने कुराको सूचना प्राप्त गर्नुहुन्छ । हामीले कर्मचारी नियुक्ति गर्दा पनि पारदर्शि ढंगले गरेका छौं । भनसुनको भरमा कर्मचारी नियुक्ति गरेका छैनौं । विकासका योजनामा हामीले सार्वजनिक बहस गरेर चाहे उपभोक्ता समितिमार्फत होस्, चाहे ठेकेदारमार्फत होस् यति पैसाको योजना हो भनेर जानकारी गराएर मात्रै त्यसरी काम गरेका छौं । हामीले यस्तो काम छ यसमा सबैले निगरानी गरौं, अनि राम्रो काम गराउँ भनेर सार्वजनिक रूपमै आह्वान गर्छौं । हामीले एकदम सचेतनापूर्वक आफ्ना काम अनुगमन गर्ने गरेका छौं । अनुगमन गरेका कारणले कामहरू पनि गुणस्तरीय र स्तरीय भएका छन् ।

**कार्यकालको करिब एक वर्षमा अब तपाइँको प्राथमिकता विशेषगरी केमा रहन्छ ?**

हामीले नगरपलिकाको आफ्नै आम्दानी वृद्धिको लागि अहिलेसम्म धेरै काम गरेका छौं । बाटोघाटो पनि हाम्रो अन्तिम अन्तिम अवस्थामा पुगिसक्यो । ९५ प्रतिशत बाटो पिच पनि भइसकेको छ । जसले गर्दा भौगोलिक सहजता पनि भएको छ । अब थोरै बाटो पिच हुन बाँकी छ त्यो पनि पूरा हुन्छ । अनि त्यो बाटोमात्रै बनाएर भएन हामीले त्यसका लागि निकास पनि दिनुपर्छ । निकासको लागि हामी अहिले नाला बनाउने अभियानमा पनि छौं । हामी किसानलाई उन्नत जातको भैंसी उपलब्ध गराउने अभियानमा छौं । शुद्ध पानी खुवाउने अभियानमा त्यसको लागि हाम्रो त्यति धेरै समस्याहरू रहेका छैनन् । हामीले पाखा भित्तामा रहेका मान्छेलाई पनि पानी खुवाउने काम गरिरहेका छौं । एक दुई ठाउँमा बाँकी छ त्यसलाई पनि पूरा गर्छौं । यसरी जनतालाई चाहिने आधारभूत आवश्यकताहरू हामीले परिपूर्ति गर्दै गएका छौं । अहिले हामीले शिक्षा, स्वास्थ्य, बाटो, बिजुली यी चिजहरू प्रायः घरघर पुऱ्याइसकेका छौं ।

**किसान, महिला, पिछडिएको वर्ग, भूमीहिनका लागि के कस्ता कार्यक्रमहरू संचालन भइरहेका छन् नि ?**

हामीले सबै किसानको लागि चाहिँ उहाँहरूलाई चाहिने कृषि उपकरणहरू, साना साना उपकरणहरू जुन दैनिक आवश्यक पर्छ, त्यो कम खर्चमा धेरै काम होस् भनेर हामीले सादभ्केदारीमा कृषि औजारहरू वितरण गर्ने गरेका छौं । हामीले तरकारी उत्पादन गर्न प्रोत्साहन गर्ने, वेमौसमी तरकारीहरू उत्पादन गर्न सिकाउने, त्यसको लागि तालिम दिने कामहरू अगाडि बढाएका छौं । दलित वर्गको लागि पनि हामीले काम गरेका छौं । हामीकहाँ धेरै छुवाछुतका समस्याहरू पनि छैन । यहाँ दलित भनेर त्यस्तो विभेद एकदमै छैन भने पनि हुन्छ । हामीले दलित, जनजाति, मुस्लिम, थारू सबैको क्षेत्रमा काम गरेका छौं । आमजनतालाई सुसुचित हुने, सचेत हुने र राज्यप्रति जवाफदेही हुने, र अनि राज्यबाट पाउनुपर्ने सेवा सुविधा पनि सहजतापूर्वक पाउनेगरी काम गरेका छौं । त्यस्तै

हाम्रोमा सुकुम्बासी समस्या थोरै छ । त्यसमा पनि हामीले काम गरिरहेका छौं । हाम्रो भूमीहिन, दलित, सुकुम्बासीहरूको क्षेत्रमा जमिनको नापीदेखिको काम भइसकेको छ । अब सुकुम्बासी समस्याका लागि आयोग बन्ने अनि कहिले खारेज हुने, अनि सरकार परिवर्तन भएपछि उसले फेरी अर्को आयोग बनाइदिने, त्यसले काम राम्रोसँग गर्न नपाउँदै फेरी अर्को हुने जस्ता समस्याले पनि त्यसमा राम्रोसँग काम हुन सकेको छैन । सुकुम्बासी समस्या अन्त्यचाहिँ भएको छैन तर त्यसको समाधान छिट्टै हुन्छ भन्ने कुरामा लागेका छौं । ■


## डिभिजन वन कार्यालयको अनुरोध

**वन फाँड्ने, वन क्षेत्रमा खनजोत गर्ने, खनिज उत्खनन् गर्ने, पूर्वाधार तथा घर टहरा बनाउने, व्यवसाय संचालन गर्ने, विना इजाजत राष्ट्रिय वन, निजी वन तथा निजी आवादी समेतका वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने सबै कार्य वन अपराध हुन् । यस्ता कार्य गरेमा वन ऐन, २०७६ वमोजिम वरामद वन पैदावारको विगो जफत गरी अधिकतम् पाँच वर्ष सम्म कैद वा दश लाख रुपैयाँ सम्म जरिवाना हुने व्यवस्था रहेको छ । कानुनले वञ्चित गरेका वन पैदावारहरु विना ईजाजत आफुखुसी प्रयोग नगरौं, प्रयोग भएको पाईएमा तुरुन्त डिभिजन वन कार्यालयमा खबर गरौं । त्यसैले उक्त निषेधित कार्यहरु नगर्न नगराउनु हुन सबैमा अनुरोध गरिन्छ ।**

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय**
लालबन्दी, सर्लाही

# सार्वजनिक खरिदः अबको यात्रा कस्तो रहनुपर्ला ?

**नेपालको संघीय संरचनामा अब प्रदेश र स्थानीय तहहरूको भूमिका झनै महत्वपूर्ण हुँदै गइरहेको छ । यस्तो अवस्थामा, विकेन्द्रीकरणसँगै नीति, प्रक्रिया र कार्यान्वयनबिच समन्वय कायम गर्नु गाह्रो र जरूरी दुवै भएको छ ।**



**मुकुन्दप्रसाद निरौला**
**सचिव, नेपाल सरकार**

**सार्वजनिक खरिद प्रणालीको दिगो सुधारका लागि प्रविधिको प्रयोगसँगै पेशागत जनशक्तिको विकास अनिवार्य बनिसकेको छ । आज अधिकांश निकायमा खरिद कार्य अप्रशिक्षित वा सहायक जिम्मेवारीका रूपमा गरिँदै आएको छ, जसले प्रक्रियागत त्रुटि, ढिलाई र उत्तरदायित्वमा कमी ल्याउने गरेको छ ।**

नेपालमा सार्वजनिक खर्चका् करिब ६० प्रतिशतभन्दा बढी अंश सार्वजनिक खरिदमार्फत खर्च हुने गर्छ । चाहे विद्यालय निर्माण होस् वा स्वास्थ्य उपकरण खरिद, सडक बनाउने होस् वा औषधी आपूर्ति, सार्वजनिक खरिद प्रणालीले देशको विकास र सेवा प्रवाहमा प्रत्यक्ष प्रभाव पार्दछ । यति महत्वपूर्ण प्रणालीको कार्यक्षमता, पारदर्शिता र उत्तरदायित्वमाथि नागरिकको विश्वास र सरकारी परिणाम निर्भर रहन्छ ।

पछिल्ला दशकमा सार्वजनिक खरिद प्रणालीमा पुग्रै सुधार प्रयासहरु भएका छन्, जस्तै e–GP प्रणालीको कार्यान्वयन, खरिद ऐन र नियमावलीमा संशोधन, प्रशिक्षण कार्यक्रमहरूको विस्तार आदि । यद्यपि, यी प्रयासहरूमा सुधारको गति, गहिराई र दिगोपन अझ धेरै सुदृढ हुन आवश्यक छ । विशेषगरी बद्लिँदो प्रविधि, जलवायु संकट, सुशासनका अपेक्षा र अन्तर्राष्ट्रिय सूचकाङ्कहरूमा नेपालको प्रगतिलाई ध्यानमा राख्नुपर्ने देखिन्छ ।

त्यसै गरी, अन्तर्राष्ट्रिय अभ्यासहरु हेर्दा Merit Point Evaluation System, Green Public Procurement, Open Contracting Data Standard र AI-supported procurement decision systems जस्ता अवधारणाहरु विश्वभर फैलिँदै छन्, जसले खरिदको लागत घटाउने, आपूर्ति शृङ्खलामा इमानदारी बढाउने र सेवाको गुणस्तर सुधार गर्ने उद्देश्य राख्छन् ।

नेपालले पनि अब केवल ऐनको पालनामात्र होइन, आधुनिक व्यवस्थापन, डेटाप्रेरित निर्णय, वातावरणीय जिम्मेवारी र दक्ष जनशक्तिको विकासमार्फत सार्वजनिक खरिद प्रणालीलाई पूर्ण रूपान्तरण गर्नुपर्ने छ ।

## Merit Point Evaluation System

नेपालको सार्वजनिक खरिद प्रणाली लामो समयदेखि lowest evaluated price प्रणालीमा अधारित छ, जसमा ठेक्काको छनोट मून्यको न्यूनतम प्रस्तावलाई प्राथमिकता दिने गरिन्छ । यद्यपि मुल्यकेन्द्रित मूल्यांनले खरिदको गुणस्तर, समयमै कार्यान्वयन, दीर्घकालीन लागत र नवप्रवर्तन जस्ता महत्वपूर्ण पक्षहरूलाई उपेक्षा गरिरहेको यथार्थ देखिन्छ । यसकै परिणामस्वरूप धेरैजसो ठूला आयोजनाहरूमा कामको ढिलाइ, गुणस्तरमा कमजोरी र ठेका विफलताका घटना बारम्बार देखिन्छन् ।

यस्तो समस्याबाट समाधान खोज्नका लागि अब नेपालले Merit Point Evaluation System मूल्याङ्कन प्रणाली अपनाउनुपर्ने आवश्यकता छ । हालसालै विश्व बैंक र एसियाली विकास बैंक जस्ता दातृसंस्थाहरूले नेपालमा यो प्रणालीको प्रयोगका लागि स्पष्ट सिफारिस गरेका छन् । MPES ले प्रस्तावकको प्राविधिक क्षमता, कार्यान्वयन योजना, पूर्वअनुभव, नवप्रवर्तन क्षमताअनुसार अंक प्रदान गर्दछ र त्यसपछि मूल्य अंकसँग समायोजन गरी समग्र मूल्याङ्कन हुन्छ । उसले मूल्य मात्र होइन, गुणस्तर, विश्वसनीयता र दीर्घकालीन प्रभाव सुनिश्चित गर्छ ।

नेपालको सन्दर्भमा, बढ्दो आयोजना जटिलता, संघीय संरचनाअन्तर्गत स्थानीय तहको विविध क्षमता र प्राविधिक आपूर्तिकर्ताको संख्या वृद्धि भएका कारण MPES ले बढी सान्दर्भिकता राख्दछ । यसले कागजपत्रमा मात्रै बलियो देखिने कम्पनी र कार्यान्वयनमा अक्षम निर्माण व्यवसायीबिच स्पष्ट छुट्याउने आधार तयार गर्छ । साथै, यस्तो प्रणालीले नवप्रवर्तन, वातावरणमैत्री उपायहरु र स्थानीय स्रोत–साधनको प्रयोगलाई समेत सकारात्मक

रूपमा अंक दिने सुविधा राख्छ, जसले समग्र रूपमा दिगो र समावेशी विकासलाई प्रवर्द्धन गर्दछ ।

## Green Public Procurement
**दिगो भविष्यका लागि खरिद प्रणालीको रूपान्तरण**

सरकारी खर्चले बजारलाई दिशा दिने शक्ति राख्दछ । त्यसैले सार्वजनिक खरिदको प्रत्येक निर्णयले वातावरण, उत्पादन शृङ्खला र सामाजिक प्रभावमा भूमिका खेल्दछ । यस्तो अवस्थामा GPP लाई आगामी वर्षहरूमा सार्वजनिक खरिदको मूल मर्मका रूपमा स्थापित गर्नुपर्ने आवश्यकता अत्यन्तै महत्त्वपूर्ण छ । GPP लाई केवल "हरित वस्तुको छनोट" को रूपमा नलिएर दिगो अर्थतन्त्र निर्माणमा सरकारी नेतृत्वको अभिव्यक्तिका रूपमा लिनुपर्छ ।

यसका लागि, सबैभन्दा पहिले GPP नीति रूपरेखा तयार गर्नु जरूरी छ, जसले वातावरणमैत्री खरिदका मानकहरू परिभाषित गर्नेछ । हाल प्रयोग हुँदै आएको मूल्यमा आधारित छनोट प्रकिया सुधार गरी life-cycle cost, कार्बन फुटप्रिन्ट, पुनःप्रयोग योग्यता र ऊर्जा दक्षता जस्ता सूचकहरूलाई मूल्याङ्कनमा समावेश गर्नुपर्ने देखिन्छ। यसका लागि sector-specific GPP criteria को विकास आवश्यक छ, जस्तै भवन निर्माण, ICT, यातायात, कृषि उपकरण, स्टेसनरी आदिमा छुट्टाछुट्टै वातावरणीय सूचक अपनाउनुपर्ने हुन्छ ।

यससँगै, बजारमा GPP अनुरूप सामग्री उपलब्ध गराउन स्थानीय आपूर्तिकर्ता तथा साना, मझौला उद्यमहरूलाई सक्षम तुल्याउने योजना आवश्यक छ । त्यसका लागि Eco-labelling System लागु गर्न सकिन्छ, जसले आपूर्तिकर्तालाई हरित मान्यता प्रदान गर्छ र खरिदकर्तालाई छनोटमा सहजीकरण गर्छ ।

साथै प्रत्येक खरिद एकाइमा GPP फोकल व्यक्ति तोकिने जो यससम्बन्धी तालिम प्राप्त होस् र GPP सूचकहरूको कार्यान्वयनमा जिम्मेवार रहने प्रावधान गरिनुपर्छ ।

e-GP प्रणालीमा पनि GPP अनुकुल परिवर्तन आवश्यक छ । खरिद माग दर्ता हुने बेलामा यदि वातावरणीय मापदण्डको सूचक समावेश भएमा, त्यसको ट्र्याकिङ, रिपोर्टिङ र विश्लेषण गर्न मिल्ने प्रणाली विकास गर्न सकिन्छ । त्यसले नीति निर्माणकर्तालाई तथ्य आधारित निर्णय गर्न सहयोग पुर्‍याउनेछ । त्यस्तै ठूला विकास आयोजना र अन्तर्राष्ट्रिय सहयोगअन्तर्गत हुने खरिदमा पनि GPP को अनिवार्य समावेश गर्ने खाका तयार गर्न सकिन्छ किनभने धेरै दातृ निकायहरूले अहिले नै GPP लाई पूर्वसर्तका रूपमा अघि सारेका छन् ।

यसबाहेक GP को अभ्यासलाई बलियो बनाउने उपायको रूपमा Pilot Project हरु सुरू गर्न सकिन्छ । सुरुवातमा केही मन्त्रालय, स्थानीय तह वा सार्वजनिक संस्थानमा अनिवार्य GPP मापदण्डसहित खरिद प्रक्रियाको अभ्यास गर्न सकिन्छ । यसले नीतिगत सुधारको लागि आवश्यक तथ्य र सिकाइ प्रस्तुत गर्नेछ ।

## Professional Procurement Cadre को विकास र व्यवस्थापन

सार्वजनिक खरिद प्रणालीको दिगो सुधारका लागि प्रविधिको प्रयोगसँगै पेशागत जनशक्तिको विकास अनिवार्य बनिसकेको छ । आज अधिकांश निकायमा खरिद कार्य अप्रशिक्षित वा सहायक जिम्मेवारीका रूपमा गरिँदै आएको छ, जसले प्रक्रियागत त्रुटि, ढिलाइ र उत्तरदायित्वमा कमी ल्याउने गरेको छ । हामीले अब एकीकृत र क्यारि


# कमलामाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
माढी बजार, सिन्धुली, बागमती प्रदेश, नेपाल

## जनस्वास्थ्य सम्बन्धी सन्देशमुलक सूचना

- प्रत्येक ६/६ महिनामा नियमित स्वास्थ्य परीक्षण गरौं ।
- स्वास्थ्य परीक्षणलाई नियमित तथा स्वास्थ्य सेवा लिन राष्ट्रिय बीमा कार्यक्रममा आवद्ध होऔं ।
- गर्भा अवस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं र स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुती सेवा लिऔं ।
- नियमित पोषिलो खानेकुरा खाऔं ।
- सुत्केरी तथा गर्भवती महिला, किशोर-किशोरी तथा बालबालिकाको पोषण अवस्थामा विशेष ध्यान दिऔं ।
- बच्चा जन्मने बित्तिकै बिगौती दुध जतिसक्दो चाँडो खुवाऔं साथै ६ महिनासम्म आमाको मात्र दुध खुवाऔं ।
- बच्चा जन्मेपछि पनि सुत्केरी जाँच कम्तीमा ४ पटक स्वास्थ्य संस्था गएर गराऔं ।
- आफ्ना बालबालिकालाई राष्ट्रिय तालिका अनुसार स्वास्थ्य संस्थामा गई पूर्ण खोप लगाऔं ।
- कोभिड १९ लगायत अन्य सरुवा रोगहरुबाट बचौं ।
- नसर्ने रोगको प्रकोप नियमित बढिरहेको हुँदा नियमित खानपानमा ध्यान दिनुका साथै नियमित शारीरिक व्यायाम तथा कसरत गरौं ।
- डाक्टर तथा स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधीको प्रयोग नगरौं ।

यरमुखी Professional Procurement Cadre स्थापना गर्नुपर्ने आवश्यकता देखिएको छ ।

यसका लागि सार्वजनिक खरिदका लागि आवश्यक योग्यता, संरचना र सेवा सर्त समेटिएको Procurement Cadre Framework तयार गर्न सकिन्छ । अनिवार्य प्रमाणित तालिम, नियमित अपडेट, प्रशिक्षण र कार्यसम्पादन मूल्याङ्कनका आधारमा पदोन्नतिको स्पष्ट मार्ग बनाइनुपर्छ । यस्तो संरचनाले खरिद कार्यलाई पेशागत पहिचान दिनेछ र institutional memory पनि मजबुत बनाउनेछ ।

त्यस्तै, e-GP प्रणालीमा खरिदकर्ताको प्रोफाइल, निर्णय क्षमता र कार्य सम्पादनको अभिलेख राख्ने प्रणाली विकास गर्न सकिन्छ, जसले पारदर्शिता मात्र होइन, दण्ड-जिम्मेवारी प्रणालीलाई पनि प्रभावकारी बनाउनेछ ।

व्यावसायिक जनशक्तिविनाको डिजिटल प्रणाली अधुरो हुन्छ । त्यसैले अबको यात्रा डिजिटल प्रविधि र दक्ष जनशक्तिको सहकार्यमा आधारित हुनुपर्छ ।

## Open Contracting Data Standard

सार्वजनिक खरिदमा पारदर्शिता र जनउत्तरदायित्व सुनिश्चित गर्न अब हामीले Open Contracting Data Standard अपनाउने दिशामा ठोस पाइलाहरु चाल्नुपर्ने देखिन्छ । OCDS ले सम्पूर्ण खरिद चक्र "प्रारम्भिक योजना, बोलपत्र आह्वान, ठेक्का स्वीकृति, कार्यान्वयन र मूल्याङ्कनसम्मका विवरणलाई मानकीकृत खुला ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था ल्याउँछ। यसले नागरिक निगरानी, संचारमाध्यमको अनुसन्धान र नीति विश्लेषणमा आधारित सुधार सम्भव बनाउँछ ।

हामीले e-GP प्रणालीमा OCDS अनुरूप डेटा नियमित गर्ने संरचना विकास गर्न सक्नेछौं, जसबाट प्रत्येक खरिद प्रक्रिया सार्वजनिक रूपमा सरल, खोजयोग्य र विश्लेषण गर्न मिल्ने स्वरूपमा उपलब्ध हुनेछ । साथै contract dashboard वा open procurement portal मार्फत प्रमुख ठेक्काहरूको म्याद, लागत, संशोधन र कार्यान्वयन स्थिति देखाउने सार्वजनिक प्लेटफर्म विकास गर्नु अर्को सम्भावना हो ।

यस प्रयासको प्रयोगले केवल पारदर्शिता मात्र होइन, समान प्रतिस्पर्धा बजारको विश्वास र भ्रष्टाचार नियन्त्रणमा समेत उल्लेखनीय प्रभाव पार्न सक्छ । OCDS मा आधारित खरिद डाटालाई AI वा Big Data Tools बाट विश्लेषण गर्दा रणनीतिक खरिद नीतिहरूको निर्माणमा समेत सहजीकरण हुने सम्भावना प्रवल हुन्छ ।

## डिजिटाइजेसन र कृत्रिम बुद्धिमत्ता (AI)

सार्वजनिक खरिद प्रणालीको रूपान्तरण डिजिटाइजेसन र कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोगबिना सम्भवः दिखिँदैन । हामीले सुरू गरिसकेको e-GP प्रणालीले खरिद प्रक्रियालाई कागजविहीन, पारदर्शी र ट्र्याक योग्य बनाउने आधार तयार गरेको छ । अब त्यसलाई अर्को चरणमा लैजानु आवश्यक छ, जहाँ डेटा प्रवाह, विश्लेषण र निर्णय लिनेसम्मको प्रक्रिया प्रविधिमैत्री र स्वचालित हुन्छ ।

सुरूवातका लागि e-GP प्रणाली AI मा आधारित red flag प्रणाली विकास गर्न सकिन्छ, जसले असामान्य बोलपत्र मूल्य, दोहोरिएका आपूर्तिकर्ता वा ढिलाइ भइरहेका टेक्काहरूको स्वतः पहिचान गरी चेतावनी दिनेछ। यस्तै, predictive analytics प्रयोग गरेर टेक्काको सम्भावित जोखिम, ढिलाई वा मूल्य वृद्धि पहिल्यै अनुमान गर्न सकिनेछ । यो प्रणालीले नीति निर्माणकर्तालाई छिटो डेटा आधारित निर्णय लिन सहयोग पुऱ्याउनेछ ।

त्यस्तै, Natural Language Processing प्रविधिको प्रयोगबाट हजारौं ठेक्काको सर्वे, अनुबन्ध वा नवीकरण विवरण विश्लेषण गरी समानता, विसङ्गति र जोखिम पत्ता लगाउन सकिन्छ । साथै, Chatbot वा Digital Assistant को माध्यमबाट कर्मचारी वा आपूर्तिकर्ताहरूलाई खरिद प्रक्रियाबारे मार्गदर्शन दिन सकिनेछ ।

डिजिटाइजेसनको अर्को महत्वपूर्ण पक्ष mobile-friendly e-GP interface हो । यसले ग्रामीण तथा स्थानीय तहमा पहुँच, प्रयोग र अभिलेख व्यवस्थापनलाई सरल बनाउँछ । डिजिटल प्रविधिको सफल प्रयोगले पारदर्शिता मात्र होइन, समय, लागत र कार्य क्षमता तीनै पक्षमा दीर्घकालीन सुधार ल्याउनेछ ।

## अन्य सान्दर्भिक सुधारका सम्भावनाहरू

सार्वजनिक खरिद प्रणालीको प्रभावकारिता केवल प्रविधि वा कानुनी सुधारमा मात्र निर्भर हुँदैन, यसको आत्मा हो "उत्तरदायित्व, समावेशिता र जनकेन्द्रित सोच" । खरिद प्रक्रिया पारदर्शी, दिगो र परिणाममुखी बन्नका लागि हामीले प्रणालीगत मात्र नभई संरचनागत र सामाजिक सुधार पनि समानरूपमा विचार गर्नुपर्ने हुन्छ ।

नेपालको संघीय संरचनामा अब प्रदेश र स्थानीय तहहरूको भूमिका झनै महत्वपूर्ण हुँदै गइरहेको छ । यस्तो अवस्थामा, विकेन्द्रीकरणसँगै नीति, प्रक्रिया र कार्यान्वयनबिच समन्वय कायम गर्नु गाह्रो र जरूरी दुवै भएको छ । त्यसैले, खरिद प्रणालीमा केही थप सुधारका क्षेत्रहरूलाई ध्यानमा राख्दै अगाडि बढ्न सकिन्छ ।

## उपसंहार

सार्वजनिक खरिद प्रणालीमा सुधारका विषयहरूमध्ये कतिपय यस्ता छन्, जुन वर्तमान प्रणाली, जनशक्ति, कानुनी संरचना वा प्रविधिगत तयारीका कारण तत्काल लागु गर्नु अलिक कठिन वा सन्दर्भ बाहिरको प्रयासजस्तो लाग्न सक्छ । तर ती सुधारहरु दीर्घकालीन रूपमा सार्वजनिक वित्तीय उत्तरदायित्व, सुशासन, परदर्शिता र विकासको प्रभावकारिता सुनिश्चित गर्न अत्यावश्यक छन् ।

Green Public Procurement, Open Contracting Data Standard, Digitalization with AI, Professional Procurement Cadre Menit Point Evaluation System लगायतका उपायहरु अहिलेको व्यवस्थाभन्दा अगाडि सोच्ने अभ्यास हुन्, जसले परिणाम एकैछिनमा देखिँदैनन्, तर क्रमशः संस्थागत संस्कार र नीतिगत परिपक्वता निर्माण गर्न योगदान दिन्छत संस्कार र नीतिगत परिपक्वता निर्माण गर्न योगदान दिन्छन् । यी सुधारहरु प्रारम्भमा चुनौतीपूर्ण, स्रोतसाधन गहन वा राजनीतिक इच्छाशक्तिमा निर्भर जस्तो लाग्न सक्छन् । तर हरेक मुलुक जसले सार्वजनिक खरिदमा सुधार गरेर विकासमा गति ल्याएको, ती सबैले यस्ता विषयहरूलाई दीर्घकालीन दृष्टिकोणले आत्मसात गरेका छन् ।

त्यसैले नेपालले पनि यस्ता सुधार हरूलाई तत्काल नतिजा दिने प्रयासको सट्टा, नीति निरन्तरता, क्षमता विकास, कानूनी पूर्वाधार र संस्थागत प्रतिवद्धतासहितको दीर्घकालीन रणनीतिक कार्ययोजनामार्फत अगाडि बढाउनु आवश्यक छ । परिवर्तनको बीउ आज रोपिएको खण्डमा मात्र, भविष्यमा दिगो, विश्वासयोग्य र समावेशी सार्वजनिक खरिद प्रणालीको फसल काट्न सकिन्छ ।

हामीले आज सोच्नुपर्छ 'खर्च गरिने हरेक सार्वजनिक रूपियाँले मूल्य दिनुपर्छ र त्यो मूल्य केवल वस्तु वा सेवा होइन, भरोसा, दिगोपन र परिणाम हो । ■



हाम्रो लक्ष्मीनिया गाउँपालिकामा आर्थिक अनियमितता छैन । सबै काम पारदर्शिरूपमा हुने गरेको छ । कुनै कर्मचारीमाथि हामी कुनै पनि जनप्रतिनिधिको दवाव छैन । स्वच्छ र निष्पक्ष तवरले कार्यसम्पादन भइरहेको छ ।

**भोगेन्द्र मिश्र**
अध्यक्ष, लक्ष्मीनिया गाउँपालिका, धनुषा

# ‘हामी आफैंलाई स्थानीय सरकारको अनुभूति भएको छैन’

लक्ष्मीनिया गाउँपालिकामा हामीले स्थानीय शासन २०७४ बमोजिम काम गर्दै नियम, नीति र कानुनको पूर्ण पालना गरेका छौं र जनप्रतिनिधिको दायित्वअनुसार बजेट व्यवस्थापन गरी विकास कार्य संचालन गर्दै आएका छौं । तर अधिकारको सीमितता, बहुमतको मानसिकता र प्रशासनिक निर्भरता भएका कारण हालको स्थानीय सरकार नाममात्रको भएको महसुस भइरहेको छ।

**लक्ष्मीनियाँ गाउँपालिका मधेश प्रदेशको धनुषा जिल्लामा पर्ने एउटा स्थानीय तह हो । नेपालमा संघीयताको कार्यान्वयनसँगै स्थानीय तहको दोस्रो कार्यकालका लागि २०७९ सालमा सम्पन्न निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार *भोगेन्द्र मिश्र* अध्यक्षमा निर्वाचित भई स्थानीय सरकारको नेतृत्व गरिरहनुभएको छ । स्थानीय तहहरू संविधानले कल्पना गरेको स्वायत्त, सक्षम र जवाफदेही स्थानीय सरकारको परिकल्पनालाई मूर्तरूप दिन अझै संघर्षरत छन् । तर पनि अत्यन्तै सुझबुझका साथ लक्ष्मीनिया गाउँपालिकालाई तीव्र विकासको गतिमा अगाडि लैजाने प्रयास गरिरहनुभएका अध्यक्ष मिश्रसँग लक्ष्मीनियाको विकासका लागि कार्यकालको करिब चार वर्षको अवधिमा गरेका कामको समीक्षा र भावि योजनाका विषयमा केन्द्रित भएर *सुरेशराज बरालले* गरेको कुराकानी प्रस्तुत छः**

**तपाईंले आनो कार्यकालको ४ वर्षको अवधिमा लक्ष्मीनिया गाउँपालिका नागरिकलाई दिगो विकास र सुशासनको अनुभूति दिनेगरी कस्ता योजना तथा कार्यक्रमहरू सम्पन्न गर्नुभयो ?**

हामीले लक्ष्मीनिया गाउँपालिकामा स्थानीय शासन २०७४ बमोजिम गर्नुपर्ने काम गरिरहेका छौं । नीति, नियम, कानुन जुन स्थानीय तहमा छ त्यसलाई हामीले शतप्रतिशत पालना गरेका छौं । त्योभन्दा बाहेक हामीले दायाँबायाँ गरेको छैन । हाम्रो गाउँपालिकाका जति पनि कर्मचारीहरू छन् उनीहरूलाई जनप्रतिनिधिबाट त्यो काम तपाइँहरूले गर्नैपर्छ भनेर कुनै दवाव छैन । हामीले उल्टै उहाँहरूलाई यस्तो निर्देशन दिइरहेका छौं कि हामीले तोक ओदश लिखित मौखिक जे गरे पनि तपाइँहरूले कानुनले मिल्छ भने गर्नुस् हैन भने नगर्नुस् ।

अब स्थानीय सरकार भन्नलाई त हामीलाई भनिन्छ तर स्थानीय सरकारको अनुभूति हामीलाई आफैं छैन । हामी के अनुभूति गरिरहेका छौं भने नेपाल सरकारबाट हामीलाई विकास गर्नको लागि जुन ५ करोड, १० करोड रूपैयाँ आउँछ त्यसलाई हामी सबै जनप्रतिनिधिले बाँडेर विकासका लागि काम गर्छौ । हामीहरूको जुन तलब सुविधा छ त्यो हामी खान्छौं । हाम्रो काम स्थानीय सरकारको यति मात्रै हो त । हामी जनताको सेवक भएर आएका छौं, जनताबाट छानिएर आएका छौं । हामीलाई तलव सुविधाको कुनै आवश्यकता छैन । म २०४९ सालमा हामी गाविस उपाध्यक्ष थिएँ । २०५४ सालमा गाविस अध्यक्ष थिएँ । त्यो बेलामा त अहिलेको जस्तो पैसा आउँदैन थियो । कुनै तलव सुविधा थिएन । तर अहिले बजेट दिन्छ । गाउँपालिकाबाट बहुमतबाट पास गरेर प्रत्येक वडाअध्यक्षलाई, यातायात सुविधाको लागि मोटरसाइकल किनेर दिन्छ, मोबाइल दिन्छ । वडा सदस्यहरूलाई साइकल दिन्छ भने मानौं न यो त दुरूपयोग हो नि ।

म गाउँपालिका राष्ट्रिय महासंघको एउटा कार्यक्रममा गएको थिएँ मैले त्यहाँ तपाइँहरूले गाउँपालिका राष्ट्रिय महासंघको प्रतिनिधित्व गर्नुहुन्छ । यसलाई रोक्नुस् न, प्रदेशलाई खारेज गर्नुस्, जबसम्म प्रदेश खारेज हुँदैन तबसम्म नेपालको जनताको शरीरमा रगत आउँदैन । अब जहाँ गाउँपालिकाको अध्यक्ष एउटा पार्टीको छ, उपाध्यक्ष अर्को पार्टीको छ, वडा अध्यक्ष कुन पार्टीको छ । जसले गर्दा अल्पमतमा परेकाले काम सकिएको छैन । सरकारले जुन पैसा दिएको छ त्यो हामी जनप्रतिनिधिहरूलाई आफुखुसी वडा वडामा बाँडफाँड गर्नको लागि दिएको हैन । तर हामीले बाँडफाँड गरेर बजेट नदिए हाम्रो नीति तथा कार्यक्रमा नै पास हुँदैन । यसका लागि हाम्रो नीति, नियम, संविधान संशोधन गर्नुपर्ने कुरा हो । जनप्रतिनिधिलाई तलब भत्ताको कुनै आवश्यकता छैन । बैठक भत्ताको लागि पनि एउटा मापदण्ड हुनुपर्छ । जनप्रतिनिधिहरू निरक्षर छन्, ल्याप्चे लगाउने जनप्रतिनिधिहरू छन् । तर उनीहरूले के बुझ्छन् भने हाम्रो बहुमत छ मात्रै भनिरहेका हुन्छ । अहिले किताब कसैले पल्टाउँदैन । हाम्रो बहुमत छ हामी जे निर्णय गर्छौं, त्यो लागू हुन्छ भन्ने मानसिक रहेको छ । हामीले के बुझ्छौं हैन हामीलाई बहुमत भएता पनि स्थानीय शासन २०७४ मा जुन कुरा लेखिएको छ, विधान लेखिएको छ । त्यसलाई टेकेरमात्रै हामी काम गर्न सक्छौं । यो कुरा त सबैले बुझिराखेको छैन । यो कुरामा कसरी सुधार हुन्छ । हामी स्थानीय सरकार भन्छौं अनि एउटा बाटो बनाइरहेका छौं । त्यहाँ कसैले अवरोध गरिदियो, कसैले भत्काइदियो अनि यहाँबाट जिल्ला प्रशासनलाई चिठ्ठी लेख्यो भने उसले तपाइँ आफैं स्थानीय सरकार हो भनेर भन्छ । हामी प्रशासन त होइन नि । हाम्रो हातमा पुलिस प्रशासन त छैन । अनि हामीले कसरी कार्यान्वयन गर्ने । त्यसैले अहिले यो जुन स्थानीय सरकार छ त्यो नामको मात्रै छ । हामीले अहिले यही कुरा बुझिराखेका छौं । नेपाल सरकारबाट जुन बजेट यहाँ आउँछ त्यो यतियति भनेर तोकेर हामीले वडा वडामा पठाएर विकास गर्छौं अहिलेलाई स्थानीय सरकारको परिभाषा यही हो जस्तो मलाई लाग्छ ।

**तपाइँको कार्यकालको ४ वर्षे अवधिमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई जस्ता आधारभूत क्षेत्रमा के कस्ता ठोस उपलब्धी हासिल गर्नुभयो ?**

हामीले प्रत्येक वडामा बाटो, पक्की नाला, खानेपानी, सिंचाइको व्यवस्थाका लागि काम गरिरहेका छौं । यहाँका १८ वटै प्रत्येक विद्यालयका धेरै कुरा डिजिटलै छ । ति विद्यालयलाई गुणस्तर सुधारका लागि काम गरिरहेका छौं । हाम्रो पालिका डिजिटलै छ । हामीले गरेको बैठक पनि लाइभ हुन्छ । हामीले एकदम सिष्टमेटिक रूपमा काम गरिरहेका छौं । विगतमा हाम्रो पालिकाबाट अख्तियारमा २७ वटा उजुरी परेको थियो । त्यसमा २५ वटा मुद्दाको किनारा लगाइसकेका छौं । हामी जनस्वास्थ्यमा जिल्लामै प्रथम भएका छौं । अरू धेरै विषयमा राम्रो गर्ने गरी अगाडि बढेका छौं । तर ठिक छु भने हाम्रा जनप्रतिनिधि पनि ठिक हुनुपर्‍यो । अहिले त्यस्तो अवस्था छैन । मेरो विचारमा जब एउटा कार्यालय सहयोगीको पनि न्यूनतम योग्यता अनिवार्य हुनुपर्छ । जब वडाको एउटा जनप्रतिनिधि जसले ३/४ हजार जनताको प्रतिनिधित्व गर्छ । जसले चाहिँ करोडौं रूपैयाँ चलाउँछ । तर त्यो निरक्षर हुन्छ । जो व्यक्ति साक्षर छैन भने उसबाट जनताले के आशा गर्ने त । यसरी काम गर्छु भन्ने सुझबुझ त हुनुपर्‍यो नि । कमसेकम जनप्रतिनिधिहरूले पनि हाम्रो अधिकार कति छ, हाम्रो कर्तव्य के हो भन्ने कुरा बुझ्नुपर्छ ।

**जनतालाई स्थानीय रोजगारीमा जोड्न सीप विकास, लघु उद्यम प्रवर्द्धन, सहकारी सहयोग र बजार व्यवस्थापनका लागि तपाइँको नेतृत्वमा रहेको स्थानीय सरकारले कत्तिको सफलता पाएको अनुभूति गर्नुभएको छ ?**

हामीले सकेसम्म हाम्रो जुन बजार छ त्यो विद्यालयको नाममा छ । त्यसको हामीले व्यवस्थापन गरेका छौं । यहाँ जति पनि नेपाल सरकारको नाममा सार्वजनिक जग्गा छ त्यो हामीले जुन संस्थालाई दिएका छौं । उसले त्यसको एकदम राम्रोसँग भोग गरिराखेको छ ।

त्यसबाहेका सार्वजनिक जग्गा त्यो अतिक्रमणमा छ त्यसलाई हामीले फिर्ता गर्न सकेका छैनौं । हामीले त फिर्ता गर्ने भनेर कार्यपालिकाबाट निर्णय गरिसकेका छौं । तर अनुगमन वडाअध्यक्षहरूबाट भइरहेको छैन । भोटको राजनीति चलिरहेको छ । त्यो मेरै मान्छे हो भन्छ, उता प्रशासन मौन छ । अनि कसरी हुन्छ । जसलाई जे मन लाग्यो त्यो गर्छ, लोकतन्त्र त आयो त्यो सँगसँगै अराजकता पनि छ ।

**भन्ने बेलामा त स्थानीय तहलाई संविधान कार्यान्वयनको पहिलो पाठशाला भने पनि संविधानको भावना विपरित संघ र प्रदेशले स्थानीय तहसँग समन्वय नगरी सानातिना योजनाका लागि आफैं अघि सर्ने प्रवृत्तिले अनावश्यक दोहोरोपना, स्रोतको विखण्डन, कार्यान्वयनमा हुने ढिलाई जस्ता कुराले कत्तिको चुनौति थपेको अनुभूति गर्नुभएको छ ?**

यसबाट हामीलाई धेरै चुनौति छ । भन्नलाई मात्रै स्थानीय सरकार छ तर त्यस्तो अवस्था छैन । माथिबाट संघले जुन पैसा पठाउँछ त्यो पैसा हामीले प्रत्येक वडा पठाउँछौं अनि त्यही पैसाले सकेको विकास गर्ने हो । फेरी त्यो पनि विभिन्न बाहानामा कटौती हुँदै आएको छ । उसले जतिबेला मन लाग्यो त्यतिबेलै रोकिदिन्छ । अनि हाम्रा थालनी भएका योजना पनि रोकिँदा त्यसको दायित्व सर्दै जान्छ ।

**स्थानीय तहमा धेरै अनियमितता हुन्छ भन्ने आरोपलाई चिर्न पनि आफ्नो पालिकामा बेरूजु नियन्त्रण र वित्तीय पारदर्शिता सुनिश्चित गर्नका लागि के कस्ता उपायहरू अवलम्बन गरिरहनुभएको छ ?**

अन्त जे जस्तो छ त्यो मैले भन्न सकिन । तर हाम्रो लक्ष्मीनिया गाउँपालिकामा आर्थिक अनियमितता छैन । सबै काम पारदर्शिरूपमा हुने गरेको छ । हाम्रोमा सबै कुरा डिजिट छ । हातबाट कुनै काम हुँदैन । कुनै कर्मचारीमाथि हामी कुनै पनि जनप्रतिनिधिको दवाव छैन । स्वच्छ र निष्पक्ष तवरले कार्यसम्पादन भइरहेको छ । कुनै पनि काम सुरू गर्नुभन्दा अगाडि आमनागरिकलाई सूचना प्रवाह गरेर पारदर्शिता अपनाएको छ । हाम्रो बैठक पनि लाइभ हुन्छ ।

**चालु आर्थिक वर्षका लागि जे जस्ता योजनाहरू अगाडि सार्नुभएको थियो त्यसको कार्यान्वयन पक्ष कत्तिको सन्तोषजनक छ नि ?**

विभिन्न अप्ठ्यारा गतिविधिका बावजुद हामी हाम्रो बजेटको लक्ष्य पूरा गर्ने प्रयास छौं । गत भदौमा भएको जेनजी आन्दोलन पछाडि सरकारले स्वीकृत गरेको बजेट पनि काटिएको छ । चुनावसम्मको लागि सामान्य प्रशासन मन्त्रालयबाट पनि कुनै नयाँ काम नगर्न परिपत्र भएको छ । अहिले चुनावका कारण पनि आचारसंहिता लागु भएकाले पनि कामले गति लिन सकेको छैन । चुनाव पछि कामले गति लेला भन्नेमा छौं । डेलि बुकमा योजनाहरू छन् तर कति कट्टा गरिएका छन् चुनावपछि नै हामी निष्कर्षमा पुग्छौं ।

**कार्यकालको करिब १ वर्ष अब कस्ता कार्यक्रमलाई प्राथमिकता दिनुहुन्छ ?**

अब मेरो बाँकी कार्यकालमा स्वास्थ्य, शिक्षा, कृषिका लागि नै प्राथमिकता रहन्छ । रोजगारी सिजर्नामा हाम्रो जोड रहन्छ । अहिले पनि रोजगारीका सूचिकृत भएकाहरूलाई हामीले उहाँहरूको सीपअनुसार काममा लगाइरहेका छौं । सहयोग गरिरहेका छौं । त्यस्तै कृषिमा बाख्रा, गाई, भैंसी पालना, तरकारी खेतीमा सहयोग गरिरहेका छौं । उनीहरूको चाहनाअनुसार हामीले लगानी गरिरहेका छौं । ■


# घ्याङलेख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली, बागमती प्रदेश, नेपाल

## जनस्वास्थ्य सम्बन्धी सन्देशमुलक सूचना

- प्रत्येक ६/६ महिनामा नियमित स्वास्थ्य परीक्षण गरौं ।
- स्वास्थ्य परीक्षणलाई नियमित तथा स्वास्थ्य सेवा लिन राष्ट्रिय बीमा कार्यक्रममा आवद्ध होऔं ।
- गर्भा अवस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं र स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुती सेवा लिऔं ।
- नियमित पोषिलो खानेकुरा खाऔं ।
- सुत्केरी तथा गर्भवती महिला, किशोर-किशोरी तथा बालबालिकाको पोषण अवस्थामा विशेष ध्यान दिऔं ।
- बच्चा जन्मने बित्तिकै बिगौती दुध जतिसक्दो चाँडो खुवाऔं साथै ६ महिनासम्म आमाको मात्र दुध खुवाऔं ।
- बच्चा जन्मेपछि पनि सुत्केरी जाँच कम्तीमा ४ पटक स्वास्थ्य संस्था गएर गराऔं ।
- आफ्ना बालबालिकालाई राष्ट्रिय तालिका अनुसार स्वास्थ्य संस्थामा गई पूर्ण खोप लगाऔं ।
- कोभिड १९ लगायत अन्य सरुवा रोगहरुबाट बचौं ।
- नसर्ने रोगको प्रकोप नियमित बढिरहेको हुँदा नियमित खानपानमा ध्यान दिनुका साथै नियमित शारीरिक व्यायाम तथा कसरत गरौं ।
- डाक्टर तथा स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधीको प्रयोग नगरौं ।

## "सबल, सक्षम सुशासनयुक्त विकासमुखी स्थानीय सरकार"

- आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- नगरपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।

### कागेश्वरी मनोहरा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं, बागमती प्रदेश, नेपाल

---

## जग्गा खरिद दर्ता गर्दा ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरू

१) जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति बुझेर सो कित्ता जग्गा निजको हकभोगमा छ, छैन प्रष्ट हुनुपर्ने ।
२) उक्त कित्ताको मोठ श्रेष्ता, फोटो र तीनपुस्ते ठीक भए नभएको एकीन गर्ने ।
३) कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए नभएको बारेमा आफु प्रष्ट हुने ।
४) जग्गा र नक्सामा प्रष्टरुपमा बाटो छ, छैन राम्ररी बुझ्ने ।
५) जग्गामा गरेको हकभोगको आकार प्रकार मिल्छ, मिल्दैन एकीन गर्ने ।
६) जग्गा रैकर वा गुठी के हो प्रष्ट हुने ।
७) उक्त जग्गामा मोही भए नभएको फिल्डमा हेरी प्रष्ट हुने ।
८) लालपुर्जा, जमीन र नक्साको क्षेत्रफल मिल्छ, मिल्दैन एकीन गर्ने ।
९) उक्त कित्ताको चारैतर्फको सीमानामा विवाद भए नभएको जमीनमा नै गई साँध-सधीयारहरुबाट बुझ्ने ।
१०) नक्सा जमिनमा चारैतर्फ सीमाना एकीन गर्न रेखाङ्कन गराउने ।

नेपाल सरकार
भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
### नापी विभाग
### नापी कार्यालय, हरिवन
सर्लाही



■ यो स्केच एआईद्वारा सिर्जना गरिएको हो ।

**आवरण**

# निर्वाचन राज्य निर्माणको नैतिक मार्ग



सुरेशराज बराल

**लोकतन्त्रको आधारस्तम्भ जनमत हो । आफ्नो मतमार्फत नागरिकले देशको भविष्य निर्धारण गर्छन् । निर्वाचन केवल उम्मेदवारको प्रतिस्पर्धा होइन, यो जनताको चेत, जिम्मेवारी र विश्वासको उत्सव हो । सचेत सहभागितामै समृद्ध नेपालको मार्ग लुकेको छ ।**

**आगामी २०८२ को निर्वाचन यस्तो मोड हो, जहाँ मुलुकले आत्मसमीक्षा गर्नुपर्नेछ । के हामी आत्मिक अनुशासनयुक्त, नैतिक र सेवा–मुखी राजनीति रोज्नेछौँ ? कि फेरी लोभ, हिंसा र स्वार्थको बाटो अपनाउनेछौँ ?**

नेपालको समसामयिक राजनीति गहिरो पुनःसंरचनाको चरणमा प्रवेश गरेको संकेत पछिल्ला घटनाक्रमले स्पष्ट पारेका छन् । सडक आन्दोलन, सामाजिक सञ्जालमा व्यापक बहस र राज्यप्रतिको खुला असन्तुष्टिले वर्तमान राजनीतिक संरचनामाथि गम्भीर प्रश्न उठाएका छन् । यही पृष्ठभूमिमा २१ फागुन २०८२ मा प्रतिनिधिसभाको निर्वाचन घोषणा भएको छ । यो निर्वाचन केवल सत्ता परिवर्तनको औपचारिक प्रक्रिया मात्र होइन, राज्य–निर्माणको दिशालाई पुनःपरिभाषित गर्ने ऐतिहासिक अवसरका रूपमा उभिएको छ ।

नेपालको मतदाता संरचना हेर्दा युवाको भूमिका निर्णायक देखिन्छ । निर्वाचन आयोगका विवरणअनुसार कुल दर्ता मतदाता करिब एक करोड ८० लाखको हाराहारीमा छन् । तीमध्ये १८ देखि ४० वर्ष उमेर समूहका मतदाता करिब ४० प्रतिशत रहेको अनुमान छ भने १८–२९ वर्ष उमेर समूहमात्र पनि झन्डै एक तिहाइ हिस्सा ओगट्छ । संख्यात्मक रूपमा मात्र होइन, चेतनात्मक रूपमा पनि युवा आज निर्णायक मोडमा छन् ।

विगतमा 'सबै दल उस्तै' भन्ने निराशाजनक सोचले धेरै युवा मतदान

प्रक्रियाबाट टाढा थिए । तर पछिल्ला आन्दोलनहरूले देखाएको सक्रियता र प्रश्न गर्ने संस्कारले त्यो धारणा परिवर्तन हुँदै गएको संकेत दिएको छ । युवाले अब मौन बस्ने होइन, नीति र नेतृत्वको जवाफदेहिता माग गर्ने तहमा आफूलाई उभ्याएका छन् । यही परिवर्तन आगामी निर्वाचनको सबैभन्दा महत्वपूर्ण तत्व बन्न सक्छ ।

प्रत्येक वर्ष ७–८ लाख नेपालीले श्रम स्वीकृति लिएर विदेश जाने अवस्था केवल आर्थिक आवश्यकता मात्र होइन, राज्यप्रतिको अविश्वासको मौन जनमत पनि हो । तीमध्ये ठूलो हिस्सा १८–३५ वर्षका युवा हुन् । देशमै अवसर सिर्जना गर्ने राजनीतिक प्रतिबद्धता चुनावी नारामा सीमित हुँदा युवाले आफ्नो भविष्य विदेशमा खोज्न बाध्य भएका छन् । विदेशमा रहेका लाखौं युवाले मतदान गर्न नपाउनु प्रतिनिधित्वको गम्भीर प्रश्न हो । यदि उनीहरूको मत समावेश हुन सकेको भए, राजनीतिक सन्तुलन नै फरक हुन सक्थ्यो ।

लोकतन्त्रको आधारस्तम्भ जनमत हो । आफ्नो मतमार्फत नागरिकले देशको भविष्य निर्धारण गर्छन् । निर्वाचन केवल उम्मेदवारको प्रतिस्पर्धा होइन, यो जनताको चेत, जिम्मेवारी र विश्वासको उत्सव हो । सचेत सहभागितामै समृद्ध नेपालको मार्ग लुकेको छ ।

## हालको राजनीतिक परिवेशमा जनताको अपेक्षा र चुनावी नैतिकता

नेपालमा २०७२ सालको संविधानले संघीय शासन संरचना स्थापना गरे पनि यसको व्यवहारिक कार्यान्वयन अझै चुनौतीपूर्ण छ । केन्द्र, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक जटिलताले सेवा प्रवाहमा ढिलाइ, दोहोरो खर्च र जिम्मेवारीको अस्पष्टता सिर्जना गरेको छ । यसले नागरिकको दैनिक जीवन मात्र होइन, राज्यप्रतिको विश्वास र लोकतान्त्रिक चेतनामा समेत गहिरो असर पारेको छ ।

आजको नेपाली समाज आर्थिक असमानता, बेरोजगारी, वैदेशिक पलायन, सेवा प्रवाहको कमजोरी र सुशासनको अभावबाट पीडित छ। यी समस्याले जनताको जीवनमा दुःख सिर्जना गरिरहेका छन् । यस्ता परिस्थितिमा निर्वाचन जनताको पीडालाई सम्बोधन गर्ने अवसरका रूपमा बुझिनुपर्छ । तर व्यवहारमा निर्वाचन प्रतिस्पर्धा, प्रचारप्रसार, आर्थिक प्रभाव र

**चुनावी प्रक्रियामा पैसाको अत्यधिक प्रयोग, नकारात्मक प्रचार, चरित्र हत्या र अस्वस्थ प्रतिस्पर्धाले लोकतान्त्रिक मूल्यहरू कमजोर बनाइरहेका छन् । यसले जनतामा निराशा, अविश्वास र उदासीनता बढाएको छ । जब राजनीति दुःखको संवेदनाबाट टाढा हुन्छ, तब त्यसमा नैतिकताको स्थान क्रमशः घट्दै जान्छ ।**

**राजनीतिक भ्रष्टाचार, मत किनबेच, हिंसा, चरित्र हत्या र आर्थिक दुरूपयोग आत्मिक अशुद्धताका प्रतिफल हुन् । जब नेतृत्वमा आत्मिक अनुशासन हुँदैन, तब राष्ट्र दिशाहीन बन्छ ।**

शक्ति प्रदर्शनको केन्द्रमा सीमित हुँदै गएको देखिन्छ ।

चुनावी प्रक्रियामा पैसाको अत्यधिक प्रयोग, नकारात्मक प्रचार, चरित्र हत्या र अस्वस्थ प्रतिस्पर्धाले लोकतान्त्रिक मूल्यहरु कमजोर बनाइरहेका छन् । यसले जनतामा निराशा, अविश्वास र उदासीनता बढाएको छ । जब राजनीति दुःखको संवेदनाबाट टाढा हुन्छ, तब त्यसमा नैतिकताको स्थान क्रमशः घट्दै जान्छ ।

हालको राजनीतिक परिवेशमा जेन जेड आन्दोलनले नयाँ चेतना र सक्रिय नागरिकताको स्वर उजागर गरेको छ । युवा पुस्ताले पारदर्शी, जवाफदेही र सेवा–उन्मुख प्रशासनको माग गर्दै डिजिटल निगरानी, सामाजिक सञ्जाल र सार्वजनिक दबाबमार्फत सुधारको पहल गरिरहेका छन् । उनीहरूले स्पष्ट रूपमा देखाएका छन् कि संरचनात्मक परिवर्तन मात्र पर्याप्त छैन, मूल्य–आधारित प्रशासनिक संस्कार आवश्यक छ ।

प्रशासनिक संयोजनको अभावले स्वास्थ्य, शिक्षा, विकास र सामाजिक सेवामा गम्भीर समस्या सिर्जना गरेको छ । तहबीचको कमजोर समन्वयले स्रोतको दुरूपयोग, ढिलाइ र सेवामा असमानता बढाएको छ । यसले संघीयताको मूल उद्देश्य नै कमजोर बनाइरहेको छ ।

दुःखको दर्शनले मानिसलाई करूणा, सहानुभूति, विनम्रता र उत्तरदायित्व सिकाउँछ । यही दर्शन राजनीतिक नेतृत्वका लागि मार्गदर्शक बन्नुपर्छ । जनताको पीडा बुझ्ने, आवाज सुन्ने र समाधानतर्फ इमानदार प्रयास गर्ने नेतृत्व नै साँचो नैतिक नेतृत्व हो। निर्वाचन त्यसको परीक्षण गर्ने महत्वपूर्ण माध्यम हो ।

दुःखले मानिसलाई आत्मिक शुद्धितर्फ डोऱ्याउँछ । आत्मिक शुद्धि भनेको लोभ, मोह, अहंकार, ईर्ष्या, क्रोध र स्वार्थबाट मुक्त हुनु हो । तर आजको राजनीतिमा यी सद्‌गुणभन्दा अवगुणहरु बढी हावी छन् । सत्ता प्राप्तिको लोभ, पद जोगाउने मोह र प्रतिस्पर्धीप्रति ईर्ष्याले भ्रष्टाचार, अपराध र अनैतिक व्यवहारलाई बढावा दिएको छ ।

राजनीतिक भ्रष्टाचार, मत किनबेच, हिंसा, चरित्र हत्या र आर्थिक दुरूपयोग आत्मिक अशुद्धताका प्रतिफल हुन् । जब नेतृत्वमा आत्मिक अनुशासन हुँदैन, तब राष्ट्र दिशाहीन बन्छ । सत्ता बाहिर रहँदा जनताको पीडाको भाषा बोल्नेहरु सत्ता प्राप्त गरेपछि अहंकारको किल्लाभित्र थुनिन्छन्, जसले राजनीतिक पतन निम्त्याउँछ ।

शेक्सपियरको किङ लियर र दाँतेको डिभाइन कमेडी ले देखाएझैं, दुःख आत्मबोध र पुनर्जागरणको यात्रा हो । बुद्धले पनि दुःख स्वीकार गरेपछि आत्मज्ञान प्राप्त गरे । आजका नेताहरूले पनि सुविधाको मोह त्यागेर जनताको पीडा बुझ्न सकेमात्र साँचो नेतृत्व जन्मिन्छ ।

जेन जेड आन्दोलनले यही आत्मसमीक्षाको आवश्यकता उजागर गरेको छ । डिजिटल निगरानी, पारदर्शी बजेट, नागरिक सहभागिता र परिणाममुखी मूल्याङ्कन प्रणालीमार्फत मात्र प्रशासनिक सुधार सम्भव हुन्छ ।

आगामी २०८२ को निर्वाचन यस्तो मोड हो, जहाँ मुलुकले आत्मसमीक्षा गर्नुपर्नेछ । के हामी आत्मिक अनुशासनयुक्त, नैतिक र सेवा–मुखी राजनीति रोज्नेछौँ ? कि फेरी लोभ, हिंसा र स्वार्थको बाटो अपनाउनेछौँ ?

दुःख र संघर्षलाई आत्मसात् गरेरमात्र राष्ट्र निर्माण सम्भव हुन्छ । जब राजनीति जनताको पीडासँग जोडिन्छ र नैतिक मूल्यद्वारा निर्देशित हुन्छ, तब मात्र लोकतन्त्र सार्थक, समावेशी र दिगो बन्छ । यही चेतनाले नेपालको वर्तमान र भविष्यलाई उज्यालो दिशामा डोऱ्याउने आशा गर्न सकिन्छ ।

## निर्वाचन राजनीतिक चेतको सदुपयोग गर्ने समय

अहिले राजनीति करियरको अन्तिम गन्तव्यझैँ देखिन थालेको छ । विभिन्न क्षेत्रका व्यक्तिहरु प्रत्यक्ष राजनीतिमा प्रवेश गरिरहेका छन् । यो आवश्यकता हो कि अवसरवाद समयले नै देखाउनेछ । राजनीतिक चेत भनेको दलमा लाग्नु वा उम्मेदवार बन्नु मात्र होइन । नागरिकले कस्तो शासन चाहन्छ, कस्तो प्रतिनिधि रोज्छ र आफ्नो मतले कस्तो नीति अनुमोदन गर्छ–यी विषयमा सजग हुनु नै वास्तविक चेत हो । मतदाताले जसलाई वैधानिकता दिन्छ, सार्वजनिक नीति त्यही दिशामा अघि बढ्छ ।

सबैले प्रत्यक्ष राजनीति गर्नैपर्छ भन्ने छैन । निष्पक्ष खबरदारी गर्ने, पेसागत निष्ठा जोगाउने र तटस्थ विश्लेषण गर्ने चेतनशील नागरिक पनि उत्तिकै आवश्यक छन् । सामाजिक सञ्जाल र लोकप्रिय अनुहारको प्रभाव बढ्दै जाँदा 'भिजन'भन्दा 'पपुलारिटी' हावी नहोस् भन्ने सतर्कता आवश्यक छ । २१ फागुन मतदाताको चेत प्रकट हुने दिन हो । घोषणापत्र, विगत र एजेन्डा मूल्याङ्कन गरेर मत हाल्नु नै नागरिक कर्तव्य हो । देशलाई आज राजनीतिक दलभन्दा बढी राजनीतिक चेत भएका मतदाता आवश्यक छन् ।

## बेरोजगारी र संरचनागत असन्तुष्टि

युवाको असन्तुष्टि भावनात्मकभन्दा बढी संरचनागत देखिन्छ । युवा बेरोजगारी दर १९-२० प्रतिशतको आसपास छ, जुन समग्र बेरोजगारी दरभन्दा उल्लेखनीय रूपमा बढी हो । शिक्षा र सीपबीचको असन्तुलन, भ्रष्टाचार, दण्डहीनता र कमजोर सार्वजनिक सेवा प्रणालीले युवामा राज्यप्रति गहिरो निराशा पैदा गरेको छ ।

सरकारी बजेटमा शिक्षा र रोजगारीका शीर्षकमा विनियोजन भए पनि परिणाम स्पष्ट देखिएको छैन । परियोजना केन्द्रित सोचले नतिजा केन्द्रित उपलब्धि दिन नसक्दा युवामा 'नीति कागजमै सीमित' भन्ने धारणा बलियो भएको छ । यही कारण 'प्रणाली परिवर्तन' को आवाज सशक्त बनेको छ ।

**२१ फागुन मतदाताको चेत प्रकट हुने दिन हो । घोषणापत्र, विगत र एजेन्डा मूल्याङ्कन गरेर मत हाल्नु नै नागरिक कर्तव्य हो । देशलाई आज राजनीतिक दलभन्दा बढी राजनीतिक चेत भएका मतदाता आवश्यक छन् ।**

## डिजिटल राजनीतिः नयाँ विमर्शको उदय

नेपालमा इन्टरनेट पहुँच ७० प्रतिशतभन्दा बढी पुगेको छ । सामाजिक सञ्जाल राजनीतिक बहसको मुख्य प्लेटफर्म बनेको छ । टिकटक, फेसबुक, युट्युब र एक्स जस्ता माध्यमले चुनावी अभियानको स्वरूप परिवर्तन गरिदिएका छन् । उम्मेदवारको विगत, कार्यसम्पादन र विश्वसनीयताको मूल्याङ्कन अब केही क्लिकमै सम्भव भएको छ । यसले पारदर्शिता बढाएको छ, तर मिथ्या सूचना र दुष्प्रचारको जोखिम पनि बढाएको छ । त्यसैले निर्वाचनको अखण्डता सुनिश्चित गर्नु अत्यावश्यक छ ।

## निर्वाचन : वैधानिकता र उत्तरदायित्वको आधार

लोकतन्त्रमा नागरिक सार्वभौम हुन्छन् र मतादेश नै सत्ताको वैधानिक आधार हो । निर्वाचनले गणितीय रूपमा सरकार गठनको अधिकार दिन्छ, तर सरकार टिक्ने आधार कार्यसम्पादन र व्यवहार नै हो । सुशासन दिन नसक्ने सरकारलाई पदच्युत गर्ने अन्तिम अधिकार जनतामै निहित हुन्छ ।

विश्व अनुभवले देखाएको छ कि निर्वाचन मात्र पर्याप्त हुँदैन । सन् २०२४ मा विश्वका ७२ देशमा निर्वाचन भए, तर सबै ठाउँमा लोकतन्त्र उन्नत छैन । निर्वाचन ' लोकतन्त्र' नभई 'निर्वाचनतन्त्र' मा परिणत हुने खतरा तब हुन्छ जब पारदर्शिता, समावेशिता र निष्पक्षता कमजोर हुन्छ ।

## लोकतन्त्रको क्षयीकरण : विश्व अनुभव र सन्दर्भ

विश्वका केही देशहरूमा लोकतन्त्र संस्थागत र सुदृढ छ । उदाहरणका रूपमा डेनमार्क, नर्वे, फिनल्यान्ड, स्विट्जरल्यान्ड, न्युजिल्यान्ड र क्यानडा जस्ता मुलुकहरूमा स्वच्छ निर्वाचन, पारदर्शी शासन र बलियो संस्थागत संस्कृतिले लोकतन्त्रलाई दिगो बनाएको छ ।

तर कतिपय देशहरूमा सीमित व्यक्तिको वर्चस्व, आर्थिक असमानता र दण्डहीनताले लोकतन्त्र कमजोर भएको छ । उदाहरणका रूपमा म्यानमार, हंगेरी, टर्की, अफगानिस्तान र भेनेजुएलामा लोकतान्त्रिक अभ्यास संकटमा परेको देखिन्छ । यी अनुभवले स्पष्ट गर्छ–निर्वाचन नियमित भए पनि सुशासन र संस्थागत निष्ठा बिना लोकतन्त्र स्थिर हुँदैन ।

## नेपालको संवैधानिक अभ्यास र चुनौती

नेपालले २०७२ मा संविधान जारी गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको औपचारिक संरचना स्थापना गऱ्यो । तर संविधानले वाचा गरेको सुशासन व्यवहारमा कमजोर देखिएको छ । भ्रष्टाचार, दण्डहीनता, राजनीतिक अस्थिरता र बिचौलिया संस्कृतिले जनविश्वास कमजोर बनाएको छ । बहुमत र गठबन्धन सरकारहरूको निरन्तर फेरबदलले नीति निरन्तरता र दीर्घकालीन दृष्टि प्रभावित भएको छ ।

संवैधानिक संकट तब गहिरिन्छ जब जनभावना र शासनबीच दूरी बढ्छ । हाल देखिएको असन्तोष त्यसैको परिणाम हो । यसको निकास पुनः जनादेशमै निहित छ, तर त्यो जनादेश केवल गणितीय बहुमत नभई नैतिक वैधता पनि हुनुपर्छ ।

## सुशासनको मेरूदण्ड

राज्य-निर्माणको अर्को आधार प्रशासनिक प्रणाली हो । संरचना र कानुन मात्र पर्याप्त हुँदैनन्; निष्ठा र अनुशासन अनिवार्य हुन्छ । निष्ठा भनेको सार्वजनिक हितलाई व्यक्तिगत स्वार्थभन्दा माथि राख्ने प्रतिबद्धता हो । अनुशासन भनेको नियम, समय र जिम्मेवारीप्रति उत्तरदायित्व हो । यी मूल्य कमजोर हुँदा भ्रष्टाचार, ढिलासुस्ती र अनियमितता बढ्छन् ।

नेपालमा प्रशासनिक कर्मचारीतन्त्रीकरण र सेवा वितरणमा राजनीतीकरणले जनविश्वास कमजोर बनाएको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयन,

कडा निगरानी, दण्ड र पुरस्कारको स्पष्ट प्रणाली, पारदर्शी भर्ती प्रक्रिया र नियमित प्रशिक्षण प्रशासन सुधारका आधार हुन् । सदाचार र सुशासन परिपूरक अवधारणा हुन्—एक कमजोर हुँदा अर्को पनि कमजोर हुन्छ ।

### निर्वाचनबाट राज्य-पुनर्निर्माणतर्फ

२१ फागुन २०८२ को निर्वाचन नेपालका लागि केवल अर्को चुनाव होइन; पुस्तागत संक्रमणको निर्णायक मोड हो । युवाले उठाएका प्रश्न, डिजिटल विमर्शले सिर्जना गरेको पारदर्शिता र जनतामा बढ्दो उत्तरदायित्वको मागले राजनीतिक संस्कार परिवर्तनको संकेत दिएका छन् ।

तर निर्वाचनमात्र पर्याप्त छैन । सुशासन, प्रशासनिक निष्ठा, अनुशासन र सदाचार संस्थागत नभएसम्म लोकतन्त्रको गुणस्तर उकासिँदैन । राजनीतिक दलहरूले घोषणापत्रमा उल्लेखित प्रतिबद्धता कार्यान्वयनमा रूपान्तरण गर्न सकेमात्र जनविश्वास पुनःस्थापित हुनेछ ।

राज्य र प्रशासनिक प्रणालीको सार जनताको जीवनस्तर उकास्नु, सार्वजनिक हितको संरक्षण गर्नु र दीगो विकास सुनिश्चित गर्नु हो । निष्ठा, अनुशासन र सुशासनमा आधारित प्रशासनिक प्रणालीले मात्र राज्य संयन्त्रलाई प्रभावकारी बनाउँछ । यही मूल्यमा आधारित निर्वाचन र शासन अभ्यासले नेपाललाई उत्तरदायी, समावेशी र विश्वासिलो लोकतन्त्रतर्फ अग्रसर गराउनेछ । अन्यथा, असन्तोषको चक्र दोहोरिरहने जोखिम टार्न सकिँदैन ।

**चुनावी सरकारको मूल दायित्व स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन गराउनु हो । उसले दीर्घकालीन नीतिगत निर्णयभन्दा बढी जनविश्वास कायम राख्न ध्यान दिनुपर्छ । संवैधानिक नैतिकताको पालन, तटस्थता र पारदर्शिता चुनावी सरकारको परीक्षणका मुख्य मापदण्ड हुन् ।**

### संवैधानिक संकट र निकास

'संवैधानिक संकट' तब उत्पन्न हुन्छ जब संविधानले समाधानको मार्ग नदियो वा शक्तिहरूले संविधानलाई बेवास्ता गरे । अधिकार क्षेत्र अतिक्रमण हुँदा 'संवैधानिक गतिरोध' देखा पर्छ । लोकतान्त्रिक संस्कृतिको अभावमा यस्ता संकटहरु चर्किन्छन् । नेपालको वर्तमान अवस्था पनि पुस्तागत संक्रमणको मोडमा छ । निर्वाचनबाट आउने परिणामले तत्काल सबै समस्या समाधान नहोला, तर वैधानिक निकासको आधार भने निर्माण गर्न सक्छ ।

### चुनावी सरकारको जिम्मेवारी

चुनावी सरकारको मूल दायित्व स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन गराउनु हो । उसले दीर्घकालीन नीतिगत निर्णयभन्दा बढी जनविश्वास कायम राख्न ध्यान दिनुपर्छ । संवैधानिक नैतिकताको पालन, तटस्थता र पारदर्शिता चुनावी सरकारको परीक्षणका मुख्य मापदण्ड हुन् । तोकिएको मितिमा निर्वाचन सम्पन्न गरी सत्ता हस्तान्तरण गर्नु नै संवैधानिक संकटको लोकतान्त्रिक निकास हो । ■


## गौशाला नगरपालिकाको अनुरोध

- आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- नगरपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।

**गौशाला नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

गौशाला बजार, महोत्तरी, मधेश प्रदेश




# ‘अनुशासन बोलीमा होइन, व्यवहारमा देखिनुपर्छ’

सुधार भनेको कुरा बोलिमा भनेर हुँदैन । त्यसलाई क्रमशः सबै मिलेर सुधार गर्दै लग्नुपर्छ । जनप्रतिनिधि र कर्मचारीको समन्वयमा जनताका काम छिटोछरितो र पारदर्शि ढंगले गर्दामात्र नागरिकले सुशासनको अनुभूति गर्न सक्छन् ।

**औरही नगरपालिका मधेश प्रदेशको महोत्तरी जिल्लामा अवस्थित एउटा स्थानीय तह हो । विकासका विभिन्न आयामहरूको प्रयोग गर्दै अगाडि बढिरहेको यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा हाल सुशीलप्रसाद आचार्य कार्यरत हुनुहुन्छ । सार्वजनिक प्रशासनका क्षेत्रमा लामो अनुभव सँगाल्नु भएका उपसचिव आचार्यसँग नगरपालिकामा संचालित विकास निर्माणका योजना, कार्यान्वयनको अवस्था, कानुनी प्रक्रिया, सुशासनलगायतका विषयमा केन्द्रित भएर समुन्द्र अधिकारीले गरेको कुराकानी प्रस्तुत छः**

**आमनागरिकलाई सुशासनसहितको डिलिभरी दिनलाई सेवा प्रवाह, जनउत्तरदायित्व र संस्थागत सुधारका विषयमा के कस्ता कार्यहरू अगाडि बढाउनुभएको छ ?**

सुधार भनेको कुरा बोलिमा भनेर हुँदैन । मैले यहाँका साथीहरूलाई पहिलो भेटमै म आफु पनि कुनै गलत काम गर्दिन, तपाइँहरूले पनि गलत काम गर्न मलाई पनि नभन्नुस्, त्यो बाहेक अरू काममा चाहिँ कुनै पनि सम्झौता नगर्नुस्, ढिलासुस्ती नगर्नुस् भनेर मैले सुरूवात त्यसरी गरेको थिएँ । त्यसले निकै सकारात्मक असर परेको छ र कर्मचारी उहाँहरूले पनि यसरी हामीलाई खुलेर कुनै पनि गलत काम नगर्नु भनेर भनेको पहिलो प्रमुख प्रशासकीय अधिकृत पाएका छौं भन्नुभएको छ । मैले अहिलेसम्म जनताको हुने काम कुनै पनि कारण र कुनै पनि बहानामा ढिलो नगर्नुस् भनेको छु । म पनि पहिलेदेखि नै यस्तै गर्दै आएको हुनाले मैलेचाहिँ अब सुशासनका ठूला कुराभन्दा पनि व्यवहारमा हामीले हाम्रो व्यवहारिक पक्ष कमजोर छ । अब स्थानीय तहको सेवा प्रवाहको बारेमा त हामीले आफैं तारिफ गरेर हुँदैन किनभने यथार्थ त्यस्तै छ । त्यसलाई क्रमशः सबै मिलेर सुधार गर्दै लग्नुपर्छ । मेरो एउटा सौभाग्य भनेको पहिल्यै अनुभवमा यहाँका जनप्रतिनिधिहरू जसले मलाई त्यस्तो कुनै पनि गलत काम गर्नु भनेर न इसारामा न बोलिमा, न प्रभावमा भन्नु भएको हुनाले मलाई यहाँ सजिलो छ ।

**अनावश्यक ढिलासुस्ती, सिफारिस र कागजी झन्झट घटाउन प्रविधिमुखी सुधारका लागि कत्तिको जोड दिनु भएको छ ?**

हामी सिफारिसदेखि लिएर सबै कुरामा अनलाइन सिस्टमै गइरहेका छौं । यहाँको मुख्य समस्या भनेको हामीलाई कर्मचारीको अभावको कारणले गर्दा यो सानो पालिका अनि अहिले करारका कर्मचारी दरबन्दीमा राख्न नपाउने भनेर केहीलाई हटाउनु पऱ्यो । हामीले प्रदेश सरकारलाई दरबन्दीका लागि अनुरोध गरेर पठाएका छौं । त्यो पास भएर आएपछि हाम्रो सेवा प्रवाहचाहिँ अझ चुस्त दुरूस्त हुन्छ भन्ने आशा गरेका छौं ।

**एउटा प्रशासनिक नेतृत्वका हिसाबले औरही नगरपालिकामा विकासका आवश्यकता र सम्भावनाका साथसाथै चुनौतिहरू के के देख्नुभयो ?**

औरहीचाहिँ भर्खर गाउँबाट नगरउन्मुख नगरपालिका देखिन्छ । यहाँ पूर्वाधारका कामहरू पनि कम छन् । यहाँको मुख्य समस्या भनेको बाढी, पहिरो र खानेपानी छ । त्यो दुईटै कुरामा औरही नगरपालिका चाहिँ कमजोर देखिएको छ । किनभने यसको आफ्नो आन्तरिक आय छैन । केन्द्र र प्रदेशको अनुदान र सहयोगमा मात्रै भर पर्नुपर्ने छ । त्यसकारणले गर्दा खानेपानी र बाढीको समस्या यहाँ विकरालको रूपमा रहेको छ । त्यतातिर हामीले ध्यान दिए पनि जति दिनुपर्थ्यो त्यति दिन नसकेको हो कि जस्तो मलाई लाग्छ । अब यो नीति बनाउने, बजेट पास गर्ने जनप्रतिनिधिको काम हो । म त्यहाँ जाँदा बजेट पास भइसकेको थियो । अहिले नगरपालिकाले ल्याएको नीति, कार्यक्रम तथा बजेटको अधिनमै रही काम भइरहेको छ । यहाँको प्रमुख चुनौति भनेको आफ्नो आन्तरिक आय छैन । त्यसले हामीलाई अलिकति अप्ठ्यारो पारिरहेको मैले महसुस गरेको छु ।

**स्थानीय तहका लागि छुट्याइएको अनुदान रकम पनि पूर्णरूपमा हस्तान्तरण नहुने परिपाटीले बजेट तथा योजना कार्यान्वयनमा चाहिँ के कस्ता समस्या देख्नुहुन्छ ?**

जति दिनुपर्ने हो जति आउनु पर्ने हो, त्यति नआएको चाहिँ हो । तर यहाँको बजेटै कटौती गर्ने भन्ने त्यस्तो चाहिँ छैन । हाम्रो पालिकाको जुन आन्तरिक आयको हिसाबले हेर्ने हो भने त हामीलाई संघ र प्रदेशबाट धेरै ठूलो सहयोग भएको छ ।

**नागरिकका माग सम्बोधनका नाममा जनप्रतिनिधिहरूले टुक्रे कार्यक्रमहरूमा जोड दिनु एउटा बाध्यता अथवा राजनीतिक उद्देश्य पनि होला तर पनि स्पष्ट नतिजा नदिने कार्यक्रमहरूलाई निरूत्साहित गर्न उहाँहरूलाई कत्तिको घचघच्याउने गर्नुभएको छ नि ?**

विकास निर्माणको भौगोलिक हामीलाई ज्ञान अभाव पनि नहुने हामी नयाँ जाने त्यो ठाउँमा, प्रमुख प्रशासकीय अधिकृत लामो समय बस्ने पनि होइन । कमकम समय बस्ने अनि अब जनप्रतिनिधि भनेको जनताले पत्याएको मान्छे हो । उहाँहरूले गरेको काम उहाँहरूले ल्याएको योजनालाई हामीले शंकाको दृष्टिकोणले हेर्नु हुँदैन । किनभने सबभन्दा जनताको नजिक भएर काम गर्ने मान्छे उहाँहरू नै हो । हामीले त्यसलाई चाहिँ एउटा गुणस्तरको हिसाबले कार्यान्वयन गर्ने हो । त्यतातिर हामीले ध्यान दिने हो । जनप्रतिनिधिले गरेको काममा अलिअलि स्वार्थ पनि होला, अनि अलिअलि पार्टीगत कुरा होला, अलिकति भोटको राजनीति पनि होला । तर त्यो जहाँ भए पनि जता भए पनि त्यो जनताकै विकास हुने भएको हुनाले त्योभन्दा पनि गुणस्तरतिर अलि जोड दिनुपर्छ भनेर मेरो आफ्नो टिमलाई पनि र जनप्रतिनिधिहरूलाई मैले भन्ने गरेको छु । हामी गुणस्तरमा चाहिँ कुनै पनि सम्झौता गर्दैनौं । विकास कहाँ गर्ने, के गर्ने त्यो तपाइँहरूले हामीलाई भन्ने हो । हामीले सहयोग गर्ने हो तर गुणस्तरमा चाहिँ सम्झौता नगरीदिनु होला मेरो अनुरोध त्यही हो भनेर मैले भनेको छु ।

**पछिल्लो समय स्थानीय तहका गतिविधिमा नागरिक सहभागिता घट्दै गएको, अपनत्व र संरक्षणमा चासो नदेखिनु एउटा समस्या छ भनिन्छ भने अर्कोतिर उपभोक्ता समितिमा पनि विचौलिया हावी हुँदै गइरहेको भन्ने कुराले स्थानीय तहको विकासमा कस्तो खालको बाधा पारिरहेको अनुभूति गरिहनुभएको छ ?**

कुनै पनि योजनाको कार्यान्वयन पहिल्यै स्टिमेट गरेर बनाएको हुन्छ । हाम्रो प्राविधिक अनि त्यो उपभोक्ता समितिले गुणस्तरमा सम्झौता गरेन भने बिचमा जो आए पनि त्यसमा केही फरक पर्दैन । हामीले हेर्ने भनेको गुणस्तर हो । गुणस्तरमा चाहिँ हामीले सम्झौता गर्नु हुँदैन भनेर जनप्रतिनिधिलाई पनि भनेको छौं र कर्मचारीलाई

भनेको छ । उहाँहरू त्यो कुरामा चाहिँ एकदमै सचेत हुनुहुन्छ ।

**त्यसो त जनप्रतिनिधिहरूले पनि विशेषगरी छिटो परिणाम दिने पूर्वाधार निर्माण बढी जोड दिनु त्यसबाहेक मानव विकास र क्षमता अभिवृद्धिका कार्यक्रमहरूलाई पनि सँगसँग त्यतिधेरै समेट्न नसक्नुले विकासका गतिविधि प्रभावकारी हुन नसकेका हुन् कि जस्तो लाग्दैन, तपाईँलाई ?**

अहिले जनताको इच्छा आकांक्षा भनेको स्थानीय तहले चाहिँ सबैथोक गरिदिन्छ भन्ने भएको छ । स्थानीय निकायसँग एकातिर सीमित स्रोत साधन छ भने अर्कोतिर केन्द्र र प्रदेशले यहाँको समस्यालाई तुरुन्तै सोच्दैन किनभने त्यो अलि पर छ । अनि नागरिकको घचघच्याउने ठाउँ पालिका हुँदोरहेछ । जस्तो कुनै केन्द्रीय सरकारको बजेटमा बनेको रोड भत्कियो भने पनि आउने भनेको पालिकामै हो । एउटा बिजुलीको चिम फुट्यो भने पनि आउने यहीँ हो । अनि दुई जना मान्छेको झगडा पर्‍यो भने पनि आउने नगरपालिकामै हो । त्यस्तो हुँदाखेरी हाम्रोमा नगर प्रहरी छैन । हामीले १०/१२ जना नगर प्रहरी राखेका थियौं । त्यसलाई मन्त्रालयको परिपत्र अनुसार हामीले बाध्य भएर हटाउनुपर्‍यो । अहिले हामीसँग एउटा कहिँकेही अप्ठ्यारो पर्‍यो भने पनि खटाइदिने मान्छेहरू छैन । त्यसकारणले त्यो बाध्यताको बिचमा नागरिकहरूको माग जायज छ । तर कसले गरिदिने भन्ने छैन । सबै कुराको माग स्थानीय तहले नै गरिदिने हो नि भन्ने भान नागरिकलाई परेको छ । स्थानीय तहले सम्बोधन गर्दैन भन्ने पनि होइन गर्नुपर्छ । जतिसक्दो जोड गर्नुपर्छ । यसमा हामी तीन तहको सरकारको बिच समन्वयमा अलि कमी मैले महसुस गरेँ ।

**आमनागरिकको सशक्तिकरणको लागि आयआर्जन बढाउने सीप विकास, लघु उद्यम प्रवर्द्धन, सहकारी सहयोग र बजार व्यवस्थापनका लागि स्थानीय सरकारले के कस्ता पहल गरिरहेको छ ?**

अब हामीले रोजगारीको कुरा गर्ने हो भने स्वरोजगारको लागि त उद्यमशिलताको विकास हुनुपर्‍यो । उद्यमशिलताको विकास भएपछि जनतालाई एउटा सीप दियो भने त्यसैले रोजगारी आफुलाई पनि दिन्छ र अर्कालाई पनि रोजगारी दिन्छ भन्ने आधारमा हामीहरू त्यसरी अगाडि बढिरहेका छौं । तर जसका लागि हामीसँग बजेटकै अभाव छ । मैले योभन्दा अगाडि श्रम मन्त्रालयमा काम गरेको हुनाले यहाँ श्रम नपाउने कारणले गर्दाखेरी धेरै मान्छे वैदेशिक रोजगारमा जाने गरेका छन् । एउटा कम्तिमा पनि हामीले प्रत्येक पालिकामा को मान्छे कहाँ गएर आयो, तिनीहरूको सीप के छ, दक्षता के छ, अनुभव के छ भनेर एउटा रेकर्डमात्रै राखिदिन सकियो भने पनि धेरै राम्रो हुन्थ्यो । राज्यलाई भोलि पोलिसी बनाउन अथवा कुनै नेपालमै पनि धेरै कामहरू छ त्यो काम चाहिँ विदेशीहरूले आएर गरिराखेका छन् ।



**जनप्रतिनिधि र हामी कर्मचारी दुइ वटै पक्षले एक अर्काको मन जितेर ऐन नियम, कानुनको पालना गरेर भएका कुरा बढीभन्दा बढी जनतालाई चाहिँ संप्रेषण गरेर पारदर्शि हुनसक्यौं भने त्यो आफैं पारदर्शिता र सुशासन बढ्दै जान्छ ।**

नेपालीहरूले त्यो थाहा नपाएर पनि कति त बाध्य भएर बाहिर गइरहेको अवस्था छ अनि कामको मिसम्याच पनि छ । त्यतातिर पनि अलिकति जोड दिन सकियो भने राम्रो हुन्छ जस्तो लाग्छ ।

**स्थानीय तहमा वर्षेनी बेरूजु र आर्थिक पारदर्शिताका सवालमा ओभरसाइट एजेन्सीहरूले प्रश्न उठाइरहँदा सामाजिक जवाफदेहिताको लागि प्रशासनिक तहबाट कत्तिको सजगता अपनाउने गर्नुभएको छ नि ?**

हामीले वार्षिक बजेट पनि प्रकाशित गरेका छौं । हामीले ३/३ महिनामा खर्चको विवरण पनि दिन्छौं । अरू हाम्रा सम्बन्धित निकाय कोलेनिका, मलेनिका, जताजता मन्त्रालयमा पठाउनुपर्ने रिपोर्ट पनि पठाएर वेवसाइटमै राख्ने गरेका छौं । अहिले पहिलाको भन्दा पारदर्शिता सबै तहमा बढेको छ । तर पनि अब कुनै कुनै ठाउँमा कतिपय कुरामा चाहिँ जनप्रतिनिधि र कर्मचारीहरूको बिचमा मनमुटाव भएको कारणले गर्दाखेरी केही अप्रिय घटना पनि घटेका छन् । हामी दुइ वटैले एक अर्काको मन जितेर ऐन नियम, कानुनको पालना गरेर भएका कुरा बढीभन्दा बढी जनतालाई चाहिँ संप्रेषण गरेर पारदर्शि हुनसक्यौं भने त्यो आफैं पारदर्शिता र सुशासन बढ्दै जान्छ । जबसम्म हामीले त्यस्ता क्रियाकलाप गर्दैनौं तबसम्म त्यो हुँदैन । त्यसकारण हामीले भएका कामकारबाहीका सम्बन्धमा जतिसक्यो जनतालाई सुसुचित गराउने नीति चाहिँ अवलम्बन गरिन्छ त्यति नै पारदर्शि हुन्छ । हामी दिशातर्फ अगाडि बढिराखेका छौं ।

**समृद्धि पालिका र सवल नागरिकको लक्ष्य पूरा गर्न औरही नगरपालिकाले अबका वर्षमा चाहिँ कस्ता विषयलाई समेट्नुपर्ने देख्नुहुन्छ नि, तपाईँले ?**

सबभन्दा पहिलो त हामीले जनतालाई बलियो बनाउनुपर्‍यो । यहाँका पूर्वाधारहरू विकासमा जोड दिनुपर्‍यो । त्यसमा मुख्यतः शिक्षा, स्वास्थ्य, यातायात यी कुरामा हामीले ध्यान दिनुपर्छ । यहाँ शिक्षाको स्थिति त्यति सन्तोषजनक छैन । हाम्रो पालिकामा ८२ जना शिक्षकको दरबन्दी कम छ । शिक्षकलाई पनि पर्याप्त मात्रामा तालिम दिन सकेका छैनौं । त्यस्तै स्वास्थ्यमा यसपाली हाम्रो पालिका जिल्लामा सबैभन्दा प्रथम भयो । तर पनि हामी सन्तुष्टचाहिँ छैनौं । किनभने एउटा राम्रो अस्पताल पनि यहाँ छैन । हामीले नगर अस्पताल भनेका छौं करारमा डाक्टर राखेका थियौं । उहाँलाई पनि मन्त्रालयको परिपत्रका कारण हटाउनुपर्‍यो । त्यसकारणले शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी र बाढी नियन्त्रण यी पाँच वटा कुरालाई प्राथमिकता दिएर हामी अघि बढ्यौं भने पक्कै नै औरही नगरपालिकाले आउँदा केही वर्षमा चाहिँ राष्ट्रिय लक्ष्य प्राप्त गर्न सक्छ भन्ने आशा गर्न सकिन्छ ।

## सूचना ! सूचना !! सूचना !!!

नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकमा व्यवस्था भए अनुसार प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित गरिने छैन भनि व्यवस्था भए बमोजिम नेपाल सरकारले सूचिकृत गरेको ७० प्रकारका औषधीहरुमध्ये जिल्ला अस्पतालबाट ७०, प्राथमिक स्वास्थ्य सेवा केन्द्रबाट ५८ र स्वास्थ्य चौकीबाट ३६ प्रकारका औषधी निःशुल्क वितरण भइरहेकोले सो सेवाको उपभोग गर्नुहुन सर्वसाधारणहरुलाई जानकारी गराइन्छ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
**प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखा**
काठमाडौं

## उष्ण प्रदेशीय बागबानी केन्द्रको कार्य विवरणहरूः

- आँप, लिची, केरा, भूइकटहर लगायतका उष्णप्रदेशीय फलफूलको जातीय संरक्षण एवं सम्वर्द्धन ।
- उष्ण तथा समशितोष्ण फलफूल तरकारी आलंकारिक एवं रैथाने बालीहरुको उच्च गुणस्तरयुक्त बीउ तथा बिरुवाको उत्पादन तथा बिक्री वितरण गर्ने ।
- उष्ण प्रदेशीय फलफूल उत्पादन तथा विकास सम्वन्धमा उत्पादक कृषकलाई तालिम प्रदान गर्ने ।
- स्थानिय एवं वाह्रय श्रेत्रको हावापानी सुँहाउँदो फलफूल तरकारी आलक्तारिक एवं रैथाने बालीहरुका जर्मप्लाज्म संकलन तथा संबर्द्धन उत्पादन तथा वितरण गर्ने ।
- उष्ण प्रदेशीय फलफूल विकास सम्वन्धमा नजिकको कृषि अनुसन्धान केन्द तथा ज्ञान केन्द्रसंग समन्वय एवं सहकार्य गर्ने ।
- फार्मको उत्पादकत्व एवं आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने ।
- फलफूल तरकारी एवं आलंकारिक बोटविरुवा आदिमा विद्यमान रहेका समस्याहरुको पहिचान गरेर खोजी एवं विकास गर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि विभाग**
**राष्ट्रिय फलफुल विकास केन्द्र**
**उष्ण प्रदेशीय वागबानी केन्द्र**
नवलपुर, सर्लाही



**विनय पौडेल**
प्रमुख प्रशासकीय अधिकृत
हरिपुर नगरपालिका
सर्लाही

बेरूजुको हिसाब अहिले वेवसाइटमै प्रकाशन हुन्छ । जनताहरूले त्यो हेरेर दवाव सिर्जना गर्ने, मुद्दा हाल्ने जस्ता कुराले जनप्रतिनिधिहरू पनि त्यसमा एकदम सचेत हुनुहुन्छ । कर्मचारीहरू पनि बेरूजु आउने खालको काम गर्नु हुँदैन भनेर सचेत हुनुहुन्छ ।

# 'सुशासन, पारदर्शिता र सेवा सुधारको मार्गमा छौं'

सार्वजनिक सुनुवाइ, नागरिक वडापत्र र गुनासो पेटिकामार्फत पारदर्शिता कायम गर्दै सबै वडामा कर्मचारी तथा स्वास्थ्य चौकीमा आवश्यक जनशक्ति व्यवस्थापन गरिएको छ। स्वास्थ्य सूचकमा प्रदेशमै दोस्रो र वित्तीय आयोगको मूल्याङ्कनमा पनि राम्रो अङ्क प्राप्त गर्न सफल भएका छौं ।

**हरिपुर नगरपालिका मधेश प्रदेशको सर्लाही जिल्लामा अवस्थित एउटा स्थानीय तह हो । विकासका विभिन्न आयामहरूको प्रयोग गर्दै अगाडि बढिरहेको यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा हाल *विनय पौडेल* कार्यरत हुनुहुन्छ । सार्वजनिक प्रशासनका क्षेत्रमा लामो अनुभव सँगाल्नु भएका प्रमुख प्रशासकीय अधिकृत पौडेलसँग नगरपालिकामा संचालित विकास निर्माणका योजना, कार्यान्वयनको अवस्था, कानुनी प्रक्रिया, सुशासनलगायतका विषयमा केन्द्रित भएर *सुरेशराज बरालले* गरेको कुराकानी प्रस्तुत छः**

**आमनागरिकलाई सुशासनसहितको डिलिभरी दिनलाई सेवा प्रवाह, जनउत्तरदायित्व र संस्थागत सुदृढीकरणका के कस्ता सुधारका कार्यहरू अगाडि बढाउनुभएको छ ?**

सार्वजनिक सुनुवाईहरू समय समयमा हुने गरेका छन् । नागरिक वडापत्रहरू अनि गुनासो पेटीकाहरूको व्यवस्था गरिएको छ । करारमै राखेर भए पनि सबै वडाहरूमा कर्मचारीहरूको व्यवस्थापन गरिएको छ । त्यस्तै स्वास्थ्य चौकीहरूमा पनि आवश्वयक जनशक्ति व्यवस्थापन गरिएको छ । स्वास्थ्यको क्षेत्रमा प्रदेशमै हामी दोस्रोमा छौं । भर्खरै वित्तीय आयोगले निकालेको मूल्यांकनमा पनि हामीलाई राम्रै ६१ अंक प्राप्त छ । त्यसमा पनि जिल्लामै हामी तेस्रो स्थानमा छौं ।

**अनावश्यक ढिलासुस्ती, सिफारिस र कागजी झन्झट घटाउन प्रविधिमुखी सुधारका लागि कत्तिको जोड दिनुहुन्छ नि ?**

हाम्रो सेवाहरू प्रायः सबै सफ्टवेयर बेसमा छ । सफ्टवेयर बेसमा दर्ता चलानीदेखि लिएर न्यायिक समितिहरू, अनलाइमा पनि गुनासो दिनसक्ने गरी व्यवस्था गरेका छौं । त्यस्तो ढिलासुस्ती भन्ने कुरा हाम्रोमा छैन । सेवाग्राहीले कागजी प्रक्रिया पुऱ्याएर आएपछि १०/१५ मिनेटमै हाम्रो सर्भिस डेलिभरी भइहाल्छ ।

**एउटा प्रशासनिक नेतृत्वको हिसाबले हरिपुरमा विकासका आवश्यकता र सम्भावनाका साथसाथै चुनौतिहरूचाहिँ के के देख्नुहुन्छ ?**

हरिपुरको मुख्य समस्या भनेको आफ्नो आन्तरिक स्रोत एकदमै कम छ । करिब ५०/६० लाख जतिको मात्रै आन्तसिरक स्रोत छ । त्यसबाहेक संघ, प्रदेशकै भर हो । अब भने आन्तरिक स्रोत बढाउनेतर्फ ध्यान दिनुपर्ने छ । स्थानीय तहहरूले विकास निर्माणका कामहरूमा विशेषगरी भौतिक र सामाजिक विकासतिरै विशेष जोड दिएका हुन्छन् । हामीले पालिकामा भौतिक निर्माणभन्दा पनि स्वास्थ्य र शिक्षामै धेरै लगानी गरेका छौं । हाम्रो सबैभन्दा बढी लगानी नै स्वास्थ्य र शिक्षामा छ । त्यसको रिजल्ट पनि क्रमशः देखिँदै गएको छ । अब स्वास्थ्यमा हामी प्रदेशकै दोस्रो भइहाइहाल्यौं । त्यस्तै शिक्षाको क्षेत्रमा पनि हामीले करिब करिब दुई करोड रूपैयाँ छुट्याएका छौं । स्वयंसेवक शिक्षकहरूको व्यवस्थापन गरेका छौं । हाम्रो शिक्षाको क्षेत्रमा राम्रै छ । भौतिक निर्माणमा पनि राम्रै प्रगति भइरहेको छ ।

**स्थानीय तहका लागि छुट्याइएको अनुदान रकम पनि पूर्णरूपमा हस्तान्तरण नहुने परिपाटीले बजेट तथा योजना कार्यान्वयनमा चाहिँ के कस्ता समस्या देख्नुहुन्छ ?**

माथिबाटै बजेट घटेर आउने भएपछि हामीले योजना नै कार्यान्वयन गर्दैनौं । माथिबाट जति प्रतिशत घटेर आउने हो त्यतिको वडाहरूलाई यो कारणले नगर्ने भनेर निर्देशन दिएका हुन्छौं । तर पहिल्यै स्वीकृत भएका योजनाहरू कार्यान्वयन गर्न समस्या हुन्छ ।

**चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ नि ?**

चालुतर्फ राम्रै हुन्छ भने पुँजिगततर्फ अलि कम हुने हुन्छ । अहिले चुनावको माहोल पनि छ । जसले गर्दा विकासका कामहरू लगभग ठप्प जस्तै छ । जनताहरू पनि उपभोक्ता समिति बनेर नआउने, श्रमिकहरू पनि कोही म्यादी प्रहरी जाने, ठेक्दारहरू पनि चुनावतिरै व्यस्थ भएर होला अहिले काम रोकिएको अवस्था छ । अहिले जनता पनि नआउने, काम पनि नहुने अवस्था छ ।

**नागरिकका माग सम्बोधनका नाममा जनप्रतिनिधिहरूले टुक्रे कार्यक्रमहरूमा जोड दिनु एउटा बाध्यता अथवा राजनीतिक उद्देश्य पनि होला तर पनि स्पष्ट नतिजा नदिने कार्यक्रमहरूलाई निरूत्साहित गर्न उहाँहरूलाई कत्तिको घचघच्याउने गर्नुभएको छ नि ?**

हामीले उहाँहरूलाई सकेसम्म वितरणमुखी कार्यक्रमहरू नल्याउन सल्लाह सुझाब दिइरहेका हुन्छौं । सुरू सुरूमा जनप्रतिनिधिहरू पनि नयाँ भएको र नागरिकका माग पनि त्यसमै बढी हुने हुनाले कतैकतै त्यस्तो देखिए पनि अहिले त्यो अवस्था छैन । यहाँका नगर प्रमुखज्यू पनि धेरै शिक्षत हुनुहुन्छ । उहाँले यस्ता कुरालाई निरूत्साहित नै गर्नुपर्छ भनेर लाग्नुभएको छ । उहाँ शिक्षा क्षेत्रमा पनि लामो सयम काम गरेको व्यक्ति भएकाले पनि दिगो प्रतिफल दिने योजनामा नै बढी जोड दिनुहुन्छ । अहिले जनप्रतिनिधिहरूमा पनि त्यो खालको सोच विकास भइसकेकाले टुक्रे योजनाभन्दा पनि अलि ठूलै खालकै योजनामा बढी जोड रहेको पाइन्छ ।

**पछिल्लो समय स्थानीय तहका गतिविधिमा नागरिक सहभागिता घट्दै गएको, अपनत्व र संरक्षणमा चासो नदेखिनु एउटा समस्या छ भनिन्छ भने अर्कोतिर उपभोक्ता समितिमा पनि विचौलिया हावी हुँदै गइरहेको भन्ने कुराले स्थानीय तहको विकासमा कस्तो खालको बाधा पारिरहेको अनुभूति गरिहनुभएको छ ?**

यहाँ धेरैजस्तो कामहरू उपभोक्ता समिति मार्फतै हुन्छ । त्यसरी गरेको काम पनि राम्रो हुन्छ । अहिलेसम्म यहाँका जनताहरू मिलेर राम्रै काम भइरहेका छन् । बरू ठेक्कापट्टाबाट हुने काम समयमा पूरा नहुने अवस्था हुन्छ । ठेकेदारले ठेक्का सम्झौता गर्ने अनि विभिन्न बहानामा बिचमै ठेक्का छोड्ने, ढिला गर्ने जस्ता समस्याहरू हुन्छन् ।

**त्यसो त जनप्रतिनिधिहरूले पनि विशेषगरी छिटो परिणाम दिने पूर्वाधार निर्माण बढी जोड दिनु त्यसबाहेक मानव विकास र क्षमता अभिवृद्धिका कार्यक्रमहरूलाई पनि सँगसँग त्यतिधेरै समेट्न नसक्नुले विकासका गतिविधि प्रभावकारी हुन नसकेका हुन् कि जस्तो लाग्दैन, तपाईंलाई ?**

स्थानीय तहमा बजेट सीमित हुन्छ । सबैतिर बजेट पुऱ्याउन गाह्रो छ । सीमित बजेटमा सबै क्षेत्रलाई सम्बोधन गर्नुपर्ने हुँदाखेरी कुनै क्षेत्रमा अलि कम अनि कुनै क्षेत्रमा अलि बढी परिरहेको हुन्छ । मुख्य समस्या भनेकै सीमित बजेटको हो । धेरै वटा क्षेत्रहरूमा पुऱ्याउनु पर्ने हुन्छ । सामान्यतया एउटा पालिकामा १०/११ करोड

विकास बजेट हुन्छ । त्यसले शिक्षा, स्वास्थ्य, सामाजिक विकास अरू क्षेत्रतिर जाँदाखेरी कमै हुने हुँदा सबै क्षेत्रमा पुर्‍याउन सकिँदैन । त्यसैले पनि अब सबै क्षेत्रलाई समेट्न पालिकाहरूले आन्तरिक स्रोत बढाउन ध्यान दिनुपर्ने हुन्छ ।

**आमनागरिकको सशक्तिकरणको लागि आयआर्जन बढाउने सीप विकास, लघु उद्यम प्रवर्द्धन, सहकारी सहयोग र बजार व्यवस्थापनका लागि स्थानीय सरकारले के कस्ता पहल गरिरहेको छ ?**

हाम्रो अहिले गरिबी निवरणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) चलिरहेको छ । त्यसमा पहिले पहिले माथिबाटै बजेट आउँथ्यो । अहिलेचाहिँ घटाउँदै आएर नगरपालिकाले नै बजेट छुट्याएर चलिरहेको छ । बजार व्यवस्थानका सवालमा पनि बजार हरूमा ट्रष्टहरू बनाउने कामहरू गरिरहेका छौं । यहाँ चार पाँच वटा बजारहरू छन् । त्यसमा सरसफाई, लाइटहरू जडान गर्ने कामहरू भइरहेको छ । सहकारीको सम्बन्धमा पनि त्यसमा जो जो संलग्न हुनुहुन्छ । उहाँहरूले पनि विविध कार्यक्रमहरू गरिरहनुभएको हुन्छ । त्यस्तै किसानका लागि मल, विऊविजन, प्राविधिक सहयोग, सिंचाइ लगायतका व्यवस्थापनका लागि पनि उत्तिकै जोड दिइरहेका छौं ।

**स्थानीय तहमा वर्षेनी बेरूजु र आर्थिक पारदर्शिताका सवालमा ओभरसाइट एजेन्सीहरूले प्रश्न उठाइरहँदा सामाजिक जवाफदेहिताको लागि प्रशासनिक तहबाट कत्तिको सजगता अपनाउने गर्नुभएको छ नि ?**

बेरूजुको हिसाब अहिले वेवसाइटमै प्रकाशन हुन्छ । जनताहरूले त्यो हेरेर दवाव सिर्जना गर्ने, मुद्दा हाल्ने जस्ता कुराले जनप्रतिनिधिहरू पनि त्यसमा एकदम सचेत हुनुहुन्छ । कर्मचारीहरू पनि बेरूजु आउने खालको काम गर्नु हुँदैन भनेर सचेत हुनुहुन्छ । हाम्रोमा बेरूजु फर्स्योट समिति पनि त्यसले बेरूजुहरू असुल उपर गर्ने काम गरिरहेको छ । आर्थिक पारदर्शिताका सवालमा अहिले नागरिकमा पनि सचेत र खबरदारी चेतना भएको हुनाले त्यसमा पनि सबै पक्ष सजग भएको अवस्था छ । हामीले कहाँ कति खर्च भयो, केमा खर्च भयो भनेर वेवसाइटमै राख्ने गरेको हुनाले पनि यहाँ त्यस्तो अवस्था छैन ।

**नगरपालिकाले योजना बैंकमार्फत विकासका कार्यक्रमहरू कार्यान्वयनमा कत्तिको जोड दिएको छ नि ?**

हामीले इ-योजना बैंक पनि बनाएका छौं । त्यसमा मध्यकालिन खर्च संरचना छ । सबै वडाबाट हामी प्रत्येक वर्ष योजना बैंकको लागि योजना माग्छौं । नगरसभामा पनि योजना बैंकमा भएका कार्यक्रमहरू पेश हुन्छ । त्यसैमा भएका योजनाहरूलाई पहिलो प्राथमिकता दिएर हामीले योजना बैंकबाटै बजेटहरू बनाउने गरेका छौं ।

**समृद्ध पालिका र सवल नागरिकको लक्ष्य पूरा गर्न हरिपुर नगरपालिकाले अबका वर्षमा चाहिँ कस्ता विषयलाई समेट्नुपर्ने देख्नुहुन्छ ?**

हरिपुर नगरपालिकाले आगामी वर्षहरूमा पनि स्वास्थ्य क्षेत्रमा सुधारका कार्यक्रमहरू गर्नुपर्ने देखिन्छ । त्यस्तै शिक्षा क्षेत्रमा पनि । अब जनप्रतिनिधिहरूको पनि अन्तिम अन्तिम वर्ष करिब एक वर्ष बाँकी छ । विकासको मुख्य क्षेत्र भनेकै स्वास्थ्य र शिक्षा रहेछ । त्यही भएर उहाँहरूले स्वास्थ्य र शिक्षा क्षेत्रमा केन्द्रित भएर आगामी दिनहरूमा कार्यक्रमहरू बनाउनु भयो भने त्यसले हरिपुरको विकासमा सहयोग पुग्ने देखिन्छ । ■


# महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ललितपुर, बागमती प्रदेश, नेपाल

## जनस्वास्थ्य सम्बन्धी सन्देशमुलक सूचना

- प्रत्येक ६/६ महिनामा नियमित स्वास्थ्य परीक्षण गरौं ।
- स्वास्थ्य परीक्षणलाई नियमित तथा स्वास्थ्य सेवा लिन राष्ट्रिय बीमा कार्यक्रममा आवद्ध होऔं ।
- गर्भा अवस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं र स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुती सेवा लिऔं ।
- नियमित पोषिलो खानेकुरा खाऔं ।
- सुत्केरी तथा गर्भवती महिला, किशोर-किशोरी तथा बालबालिकाको पोषण अवस्थामा विशेष ध्यान दिऔं ।
- बच्चा जन्मने बित्तिकै बिगौती दुध जतिसक्दो चाँडो खुवाऔं साथै ६ महिनासम्म आमाको मात्र दुध खुवाऔं ।
- बच्चा जन्मेपछि पनि सुत्केरी जाँच कम्तीमा ४ पटक स्वास्थ्य संस्था गएर गराऔं ।
- आफ्ना बालबालिकालाई राष्ट्रिय तालिका अनुसार स्वास्थ्य संस्थामा गई पूर्ण खोप लगाऔं ।
- कोभिड १९ लगायत अन्य सरुवा रोगहरुबाट बचौं ।
- नसर्ने रोगको प्रकोप नियमित बढिरहेको हुँदा नियमित खानपानमा ध्यान दिनुका साथै नियमित शारीरिक व्यायाम तथा कसरत गरौं ।
- डाक्टर तथा स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधीको प्रयोग नगरौं ।

# निष्ठा, अनुशासन र सुशासनः प्रभावकारी राज्य संयन्त्रको नयाँ मार्ग

**जहाँ प्रशासनिक कर्मचारीहरू निष्ठावान र अनुशासित हुन्छन्, त्यहाँ मात्रै दिगो विकास र शान्तिपूर्ण समाज सम्भव हुन्छ । नेपाललाई सशक्त, सक्षम र उत्तरदायी प्रशासन चाहिन्छ, जसले देशलाई नयाँ उचाइमा पुर्‍याउनेछ ।**



**तोमनाथ उप्रेती**
उपसचिव, नेपाल सरकार

**नेपालको निजामती सेवामा नैतिक आचरण र सदाचार कमजोर रहेको पाइन्छ । यसको कारण राजनीतिक र प्रशासनिक नेतृत्वको कमजोरिता, दण्ड र पुरस्कारको प्रभावकारी व्यवस्था नहुनु, आचारसंहिता कार्यान्वयनको अनुगमन नहुनु, र दण्डहीनता बढ्नु हो ।**

राज्य र प्रशासनिक प्रणालीको सार जनताको जीवनस्तर उन्नत पार्नु, सार्वजनिक हितको संरक्षण गर्नु र दीगो विकास सुनिश्चित गर्नु हो । तर संरचना वा नियम बनाउनुले मात्र प्रशासनिक दक्षता र प्रभावकारिता सुनिश्चित हुँदैन । त्यहाँ निष्ठा र अनुशासन जस्ता मूल्यहरू अपरिहार्य आधार बन्नुपर्छ । निष्ठा र अनुशासनमा आधारित प्रशासनिक प्रणाली नै सुशासनको वास्तविक मार्ग हो ।

कार्यसम्पादनलाई व्यावसायिक र जनमुखी बनाउने मूल्य, सिद्धान्त र मानकहरूको अवलम्बन नै नैतिकता र सदाचारिता हो । सदाचार र नैतिकता हरेक मानिसले पालना गर्नुपर्ने असल व्यवहार वा आचरण हो । प्रत्येक पदाधिकारीबाट सेवाग्राहीले खास व्यवहारको अपेक्षा गर्छन् । त्यो अपेक्षा पूरा गर्न सके मात्र सार्वजनिक प्रशासनमा प्रभावकारिता आउँछ र सर्वसाधारण सन्तुष्ट हुन्छन् । राज्यलाई सधैं इमानदार मानिसहरूको खाँचो पर्दछ । सर्वसाधारणहरूको अनुभूतिमा नैतिक आचरणको स्तर निकै कमजोर रहेको अवस्था छ । नागरिकहरू स्तरीय सेवा र सेवामैत्री व्यवहारको अपेक्षामा छन् । तर त्यसको सामर्थ्य र तत्परता सार्वजनिक क्षेत्रमा देखिएको छैन ।

संस्थाहरूको कर्मचारीतन्त्रीकरण र सेवा वितरणमा राजनीतीकरणले प्रशासनयन्त्र पक्षपाती देखिएको छ । सदाचार र सुशासन एक अर्काका परिपूरक हुन् । सदाचार भएका नागरिक बिना सुशासन कायम गर्न अप्ठ्यारो हुन्छ भने सुशासन कायम गर्न नसकिएमा सदाचारीता हराउँदै जान्छ र दुराचारीले समाजमा राज गर्छन्। जसको कारण राष्ट्रको गरिमा, समृद्धि बढ्नु त परै जाओस् सामान्य मानवीय सम्बन्धमा समेत गिरावट आउँछ । कारण राष्ट्र निर्माणमा सदाचार र सुशासनको ठूलो महत्व छ । मानव समाज नीति, कर्म र आचरणबाट चल्ने हो ।

निष्ठा आफ्नो कर्तव्य र जिम्मेवारीप्रति ईमानदारी, सत्यनिष्ठा र प्रतिबद्धता हो । जब कर्मचारी आफ्नो कार्यमा निष्ठावान हुन्छ, तब उसले आफ्नो व्यक्तिगत स्वार्थलाई परास्त गरेर सार्वजनिक हितलाई सर्वोच्च मान्छ । निष्ठावान प्रशासनिक कर्मचारीले निर्णय गर्दा न्याय, पारदर्शिता र नागरिकको भलाइको दृष्टिले विचार गर्छ । यसले भ्रष्टाचार, अनियमितता र अन्य नकारात्मक प्रवृत्तिलाई न्यून गर्छ ।

अनुशासन कार्यप्रवाहमा निश्चित नियम, समयबद्धता र जिम्मेवारी पालन गर्ने क्षमता हो । अनुशासनबिना कुनै पनि संगठन प्रभावकारी हुन सक्दैन । प्रशासनमा अनुशासनको अभाव हुँदा काम ढिलो हुन्छ, जिम्मेवारी छुट्छ, र निर्णय प्रक्रियामा अनियमितता बढ्छ । अनुशासनले मात्र कर्मचारीलाई व्यक्तिगत दक्षता र संगठनात्मक लक्ष्योद्वारमा केन्द्रित बनाउँछ ।

नेपालजस्ता विकासोन्मुख राष्ट्रका लागि, जहाँ प्रशासनिक प्रणाली ऐतिहासिक, सामाजिक र राजनीतिक दबाबसँग जुझ्दै आएको छ । निष्ठा र अनुशासनको महत्व अझ बढी छ । कर्मचारीले आफ्नो काममा नैतिक जिम्मेवारी, पारदर्शिता र उत्तरदायित्वलाई आत्मसात गर्नुपर्छ । सरकारी निकाय, नीति निर्माता र नागरिकबीच सहकार्य हुँदा मात्र सुशासन साकार हुन्छ ।

निष्ठा, अनुशासन र सुशासनमा आधारित प्रशासनिक प्रणालीले मात्र राज्य संयन्त्रलाई प्रभावकारी बनाउँछ । यसले नागरिकको विश्वास बढाउँछ, सामाजिक न्याय सुनिश्चित गर्छ, नीति कार्यान्वयनमा पारदर्शिता ल्याउँछ र दीगो विकासको मार्ग प्रशस्त गर्छ । यही मूल्यमा आधारित

प्रणालीले नेपालको प्रशासनिक संरचनालाई मात्र सुदृढ बनाउने छैन, भविष्यका पुस्ताका लागि एउटा समृद्ध, उत्तरदायी र विश्वासिलो राज्यको निर्माण गर्ने छ ।

नेपालमा प्रशासनिक प्रणालीले विकास र समृद्धिका लागि महत्वपूर्ण भूमिका खेल्छ । तर विगतदेखि अहिले सम्मको अवस्थालाई हेर्दा, प्रशासनिक क्षेत्रमा निष्ठा र अनुशासनको कमीले सरकारका योजना र कार्यक्रमहरु प्रभावकारी रूपमा कार्यान्वयन हुन सकिरहेका छैनन् । भ्रष्टाचार, अनियमितता र जवाबदेहिताको अभावले जनविश्वासमा चोट पुर्याएको छ । यसले सेवा प्रवाहमा ढिलासुस्ती, असमानता र अनियमितताहरु निम्त्याएको छ, जसले विकास प्रक्रिया निकै प्रभावित बनाएको छ । यद्यपि संविधानमा भ्रष्टाचार मुक्त, पारदर्शी र जवाफदेही प्रशासनको व्यवस्था भएता पनि व्यवहारमा यी मूल्यहरु कमजोर भएका छन् । त्यसैले नेपालमा निष्ठा र अनुशासनमा आधारित प्रशासनिक प्रणालीको पुनर्निर्माण अत्यावश्यक छ ।

नेपालको प्रशासनिक प्रणालीमा सुधारको लागि पहिलो प्राथमिकता हो– निष्ठा र अनुशासनको पुनःस्थापना। निष्ठा कर्मचारीहरूको आफ्नो कर्तव्यप्रति पूर्ण समर्पण र ईमानदारी हो, जसले उनीहरूलाई जनसेवामा समर्पित बनाउँछ । अनुशासनले समयपालन, नियमअनुसार काम गर्ने शैली र व्यवहारलाई सुनिश्चित गर्छ । यी दुबै मूल्यहरूको अभावमा प्रशासनिक कामकाज ढिलासुस्ती, असंगत निर्णय र अनियमितताको चपेटामा पर्छ । नेपालमा वर्तमान प्रशासनिक कर्मचारीमा त्यस्ता कमजोरीहरु देखिन थालेका छन्, जसले जनतासँग सरकारको दूरी बढाएको छ । यसरी, शासनप्रणालीमा विश्वास कायम राख्न र विकासका लक्ष्य हासिल गर्न निष्ठा र अनुशासन पुनःस्थापना अनिवार्य छ ।

निष्ठा र अनुशासन कायम राख्न आवश्यक छ कि प्रशासनिक संरचनामा पारदर्शिता, जवाफदेहिता र गुणस्तर सुधारका कदमहरु अघि बढाइयोस्। कर्मचारी छनोट प्रक्रियामा प्रतिस्पर्धात्मक परीक्षा र मूल्यांकनलाई सुदृढ पार्नु पर्दछ ताकि योग्य र निष्ठावान व्यक्ति मात्र प्रशासनमा प्रवेश गर्न सकून् । साथै, नियमित प्रशिक्षण र मूल्यांकनमार्फत कर्मचारीहरूको कार्यशैली सुधार गर्नुपर्ने हुन्छ। भ्रष्टाचार रोक्न कडा निगरानी र कठोर कानुनी कारबाहीको व्यवस्था गरिनुपर्छ । यसले निष्ठा र अनुशासन कायम राख्नमा मद्दत पुऱ्याउनेछ । हालका घटनाले देखाएका छन् कि कमजोर निगरानी र अनियमितताले प्रशासनमा अनाचारको सम्भावना बढाइरहेको छ, जसलाई सम्हाल्न नीतिगत सुधार आवश्यक छ ।

नेपालमा प्रशासनिक पुनर्निर्माणको अर्को महत्वपूर्ण पक्ष हो–सांस्कृतिक र सामाजिक मूल्यहरूको पुनःप्रबर्द्धन । नेपाल विविध जाति, भाषा र संस्कृतिको मुलुक हो । यसै विविधता भित्र इमानदारी, कर्तव्यपरायणता र सहिष्णुताको संस्कार विकास गर्न सक्नुपर्छ । कर्मचारीहरूले आफूलाई देश र जनताको सेवक मानेर काम गर्ने चेतना विकास गर्नुपर्नेछ । यसका लागि प्रेरणादायक नेतृत्व, सकारात्मक कार्यसंस्कृति र सहकार्य बढाउने वातावरण निर्माण गर्नुपर्ने हुन्छ । जबसम्म कर्मचारीहरूमा सेवा भाव र अनुशासन नआउँछ, तबसम्म प्रशासनिक सुधार पूर्ण रूपमा सम्भव छैन ।

प्रशासन सुधार राज्यको संगठनात्मक संरचना, कार्यविधि, प्रक्रिया, व्यवहार र मनोवृत्तिमा गुणात्मक सुधार ल्याउन गरिने सुनियोजित प्रयास हो । यो राज्य पुनर्संरचनाको महत्वपूर्ण अङ्ग हो र सार्वजनिक कार्यको गुणस्तरमा वृद्धि ल्याउने उद्देश्य राख्छ । सुशासन प्रशासनको अग्रभाग हो, जसले शासनको दक्षता र वैधानिकता बढाउँछ । सदाचार राम्रो आचरणसँग सिमित नभइ जीवनमा गति र दिशा दिन्छ, जसले राष्ट्रको समृद्धि र प्रगति सुनिश्चित गर्छ । नागरिकमा सदाचारको विकासले सुशासनलाई सहज बनाउँछ र यसले राष्ट्रलाई समृद्ध बनाउन मद्दत पुऱ्याउँछ ।

सदाचार व्यक्तिको विवेक वा अन्तरात्मामा छिपेर रहने त्यस्तो शक्ति हो, जसले व्यक्तिलाई गलत काम नगर्न सचेत गराउँछ । सदाचारी मानिस अन्तरात्माको यही आवाजका कारण स्वार्थ, लोभ, लालसा, आग्रहजस्ता कमजोरीसँग सम्झौता गर्दैनन्। सदाचारका मान्यताका रूपमा वैधानिकता, सेवाभाव, निष्पक्षता, स्वच्छता, स्वार्थहीनता, इमानदारिता र सदाचारिता जस्ता विषयहरु पर्दछन् । जसले सार्वजनिक पदाधिकारी तथा संस्थालाई आदर्श अवस्थामा पुर्याउन मद्दत गर्छन् । त्यसैले संस्थाका मूल्य घोषणा गर्ने र ती मूल्यअनुरूपका पदाधिकारीका आचरण व्यवस्थित गर्न नीति, नियम र आचारसंहिता लागू गर्ने, जिम्मेवारी वहन गर्दा निष्ठाको शपथ लिनेजस्ता कार्यहरु गरिन्छन् ।

अहिले सार्वजनिक प्रशासनमा चाहिएको विषय नै सदाचार र सुशासन हो । सदाचार र सुशासन एक–अर्कामा अन्तर–आबद्धित छन् । सार्वजनिक संस्थाहरु समाजलाई व्यवस्थित गर्न सिर्जना भएका हुन् । संस्थाको नेतृत्व पनि समाजमा असल आचरण स्थापित गरी संस्कार र सभ्यता व्यवस्थित गर्न निर्माण भएको हुन्छ । नेतृत्व मूलतः विधि र निष्ठाको प्रतीक हो । नीतिप्रतिको निष्ठा नेतृत्व निर्माणको आधार हो, यसरी नेतृत्व निर्माण भएपछि उसले नीतिनिष्ठालाई बलियो बनाउँछ । नेतृत्वको उदाहरणीयताले संस्थाहरु बलिया हुन्छन् । संस्थाहरु बलिया हुनु सुशासनको जग बस्नु हो । सुशासनका लागि नै पदाधिकारी तथा संस्थाहरु परिचालित हुन्छन्, जसमा

**निष्ठा भनेको आफ्नो कर्तव्यप्रति ईमानदारी, सत्यनिष्ठा र प्रतिबद्धता हो, जसले व्यक्तिगत स्वार्थभन्दा सार्वजनिक हितलाई प्राथमिकता दिन्छ । निष्ठावान कर्मचारीले निर्णयमा न्याय, पारदर्शिता र नागरिकको भलाइ सुनिश्चित गरी भ्रष्टाचार र अनियमितता घटाउँछ ।**

**नेपालमा प्रशासनिक प्रणालीले विकास र समृद्धिका लागि महत्वपूर्ण भूमिका खेल्छ । तर विगतदेखि अहिले सम्मको अवस्थालाई हेर्दा, प्रशासनिक क्षेत्रमा निष्ठा र अनुशासनको कमीले सरकारका योजना र कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकिरहेका छैनन् ।**

नैतिकता, सदाचार र व्यावसयिकताका मूल्य आचरणमा देखिनुपर्छ ।

नेपालको निजामती सेवामा नैतिक आचरण र सदाचार कमजोर रहेको पाइन्छ । यसको कारण राजनीतिक र प्रशासनिक नेतृत्वको कमजोरिता, दण्ड र पुरस्कारको प्रभावकारी व्यवस्था नहुनु, आचार संहिता कार्यान्वयनको अनुगमन नहुनु, र दण्डहीनता बढ्नु हो । यसले सरकारी सेवा र विकास कार्यमा असर पुऱ्याउँछ र सुशासन कायम गर्न चुनौती पुऱ्याउँछ ।

सार्वजनिक प्रशासनमा हाम्रा संस्कार, कार्यशैली, आचरण र व्यवहारमा सुधारको कमीले आजको समाजमा गम्भीर समस्याहरु उत्पन्न गरेका छन् । यसको प्रत्यक्ष प्रभाव आम जनताको प्रशासन संयन्त्रप्रति बढ्दो वितृष्णा र निराशा हो । जब प्रशासनिक प्रणाली प्रभावकारी, पारदर्शी र नैतिक दृष्टिले कमजोर हुन्छ, तब नागरिकको विश्वास कमजोर पर्छ र शासन व्यवस्थामा असंतोष फैलिन थाल्छ । यसले न केवल सार्वजनिक प्रशासनको छवि बिगार्छ, अपितु राष्ट्रको समग्र विकास र सुशासनमा पनि विघ्न पुऱ्याउँछ । प्रशासनिक प्रणालीको सुधारको लागि संस्थागत सुधार र सशक्त नेतृत्वको आवश्यकता छ । सबै स्तरका अधिकारीहरूलाई नैतिक मूल्यमान्यता र उच्च आचरणका साथ काम गर्न प्रेरित गर्नुपर्नेछ । यस्तो वातावरणमा भ्रष्ट्राचार र अन्य अनियमितताहरु स्वतः कम हुनेछ । यस्ता सुधारले मात्र प्रशासनमा विश्वास पैदा गर्न सक्छ र सुशासनको दिशा तय गर्न सकिन्छ । यस प्रकार, प्रशासन सुधारका लागि समर्पण, समन्वय र सामूहिक प्रयासले राष्ट्रको समृद्धि र विकासमा टेवा पुर्याउन सक्छ ।

प्रशासन सुधार र सार्वजनिक प्रशासनमा सकारात्मक रूपान्तरण ल्याउनका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा प्रशासनिक प्रणालीमा निष्ठा, आचरण, संस्कार, कार्यशैली र व्यवहारमा सुधार गर्नु हो । प्रशासनलाई स्वच्छ, पारदर्शी, नागरिकमैत्री, भ्रष्ट्राचारमुक्त र नैतिक बनाउनु आजको आवश्यकता हो । यस्ता गुणहरूलाई आफ्नो प्रशासनिक कर्तव्यको अंश बनाउने कार्य प्राथमिकता हुनुपर्छ । यसका लागि, शासकीय व्यवस्थापनका सबै तहका पात्रहरु बीच सहकार्य, संवाद र समन्वयको संस्कृति बनाउनु पर्छ, जसले नैतिक आधारलाई मजबुत पार्न मद्दत पुऱ्याउँछ ।

निष्ठा र अनुशासनको संयोजनले सुशासनको मार्ग प्रशस्त गर्छ । सुशासन केवल कानूनको पालना होइन; यो निर्णयको पारदर्शिता, प्रक्रिया र नतिजामा जनसामान्यको विश्वास कायम गर्ने क्षमता हो । सुशासन भएको राज्यमा सेवा प्रदायक र नागरिकबीच पारस्परिक भरोसा बढ्छ, भ्रष्टाचार न्यून हुन्छ, नीति कार्यान्वयन प्रभावकारी बनिन्छ र दीगो विकासका लक्ष्य हासिल गर्न सहज हुन्छ ।

अन्त्यमा भन्नुपर्दा, नेपालमा निष्ठा र अनुशासनमा आधारित प्रशासनिक प्रणालीको पुनर्निर्माण विकासको मूल आधार हो । यसका लागि कानुनी, नीतिगत र व्यवहारगत सुधारहरु अनिवार्य छन् । पारदर्शिता, जवाफदेहिता, गुणस्तरीय सेवा प्रवाह, कडा निगरानी र प्रशिक्षणमार्फत मात्र प्रशासनिक प्रणालीलाई सुधार्न सकिन्छ । यसले मात्रै जनताको विश्वास पुनःपाएको र समृद्ध नेपालको सपना साकार हुन सक्छ । जहाँ प्रशासनिक कर्मचारीहरु निष्ठावान र अनुशासित हुन्छन्, त्यहाँ मात्रै दिगो विकास र शान्तिपूर्ण समाज सम्भव हुन्छ । नेपाललाई सशक्त, सक्षम र उत्तरदायी प्रशासन चाहिन्छ, जसले देशलाई नयाँ उचाइमा पुऱ्याउनेछ । ■


# लक्ष्मीनिया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**धनुषा, मधेश प्रदेश, नेपाल**

## जनस्वास्थ्य सम्बन्धी सन्देशमुलक सूचना

- प्रत्येक ६/६ महिनामा नियमित स्वास्थ्य परीक्षण गरौं ।
- स्वास्थ्य परीक्षणलाई नियमित तथा स्वास्थ्य सेवा लिन राष्ट्रिय बीमा कार्यक्रममा आवद्ध होऔं ।
- गर्भा अवस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं र स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुती सेवा लिऔं ।
- नियमित पोषिलो खानेकुरा खाऔं ।
- सुत्केरी तथा गर्भवती महिला, किशोर-किशोरी तथा बालबालिकाको पोषण अवस्थामा विशेष ध्यान दिऔं ।
- बच्चा जन्मने बित्तिकै बिगौती दुध जतिसक्दो चाँडो खुवाऔं साथै ६ महिनासम्म आमाको मात्र दुध खुवाऔं ।
- बच्चा जन्मेपछि पनि सुत्केरी जाँच कम्तीमा ४ पटक स्वास्थ्य संस्था गएर गराऔं ।
- आफ्ना बालबालिकालाई राष्ट्रिय तालिका अनुसार स्वास्थ्य संस्थामा गई पूर्ण खोप लगाऔं ।
- कोभिड १९ लगायत अन्य सरुवा रोगहरुबाट बचौं ।
- नसर्ने रोगको प्रकोप नियमित बढिरहेको हुँदा नियमित खानपानमा ध्यान दिनुका साथै नियमित शारीरिक व्यायाम तथा कसरत गरौं ।
- डाक्टर तथा स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधीको प्रयोग नगरौं ।

## ईश्वरपुर नगरपालिकाको अनुरोध

- आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- नगरपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।

**ईश्वरपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ईश्वरपुर, सर्लाही, मधेश प्रदेश, नेपाल

## "सिंचाइ क्षेत्रको विस्तार, उत्पादन वृद्धिको आधार" सिंचाइ गरौ, उत्पादन बढाऔ

- जल उत्पन्न प्रकोपबाट हुने मानव बस्ती, कृषी योग्य जमिन तथा निर्मित विकासका पूर्वाधारहरुको संरक्षण गरौं ।
- सिंचाइका लागि सतह तथा भुमीगत जलस्रोतलाई संयोजनात्मक रुपमा उपयोग गरौं ।
- नदी तथा जलाधार व्यवस्थापन गरी जल उत्पन्न प्रकोपबाट हुने क्षति न्यूनिकरण गरौं ।

नेपाल सरकार
**बागमती सिंचाइ आयोजना**
बागमती, सर्लाही

# प्रकृतिसँग मेलमिलापः जलवायु परिवर्तनको साझा भविष्य

**२१औँ शताब्दीमा जलवायु परिवर्तनले तापक्रम वृद्धि, समुद्री सतह बढोत्तरी र प्राकृतिक प्रकोपमार्फत मानवता र पृथ्वीको भविष्यलाई गम्भीर चुनौती दिएको छ । नेपालजस्ता हिमाली मुलुकमा हिमनदी पग्लनु, विपद् तीव्र हुनु र कृषि अस्थिरताले किसान तथा खाद्य सुरक्षामा गहिरो संकट सिर्जना गरेको छ ।**

यशोदा कोइराला

**हिमालय 'तेस्रो ध्रुव'का रूपमा पृथ्वीको जलवायु सन्तुलन, एसियाली मौसमी प्रणाली र जलचक्रसँग गहिरो रूपमा जोडिएको संवेदनशील पारिस्थितिक केन्द्र हो । यसको अवस्था दक्षिण एसियाको मनसुन, जल आपूर्ति र तापक्रम नियन्त्रणमार्फत एसियाली सभ्यता तथा विश्वव्यापी जलवायु स्थायित्वसँग प्रत्यक्ष रूपमा गाँसिएको छ ।**

मानव सभ्यताको इतिहास प्रकृतिसँगको अन्तर्सम्बन्धको कथा हो । तर औद्योगिकीकरण, अविवेकपूर्ण उपभोग र प्राकृतिक स्रोतहरूको अन्धाधुन्ध दोहनले यो सम्बन्ध संकटमा परेको छ । जलवायु परिवर्तन वर्तमानको कठोर यथार्थ बनेको छ । तापक्रम वृद्धि, अनियमित वर्षा, हिमनदी पग्लिनु, बाढी, खडेरी र जैविक विविधताको क्षयजस्ता प्रभावहरूले मानव जीवन, अर्थतन्त्र र सामाजिक संरचनालाई प्रत्यक्ष असर गरिरहेका छन् ।

जलवायु संकट मानव-प्रकृति सम्बन्धको असन्तुलनको परिणाम हो । प्रकृतिलाई उपयोगको वस्तु ठान्ने दृष्टिकोणले पारिस्थितिक सीमालाई अतिक्रमण गरेको छ । यसले विशेष गरी विकासोन्मुख तथा हिमाली मुलुकहरूलाई बढी जोखिममा पारेको छ, जहाँ न्यून योगदान हुँदाहुँदै पनि प्रभाव अत्यधिक छ ।

यस्तो सन्दर्भमा "प्रकृतिसँग मेलमिलाप" साझा भविष्यको अपरिहार्य दर्शन हो । यसले विकास र संरक्षणबीच सन्तुलन, मानव आवश्यकता र प्रकृतिको सहनशीलताबीच समन्वय, तथा वर्तमान र भावी पुस्ताबीच नैतिक उत्तरदायित्वको बोध गराउँछ । जलवायु परिवर्तनको सामना गर्न सामूहिक चेतना, सहकार्य र प्रकृतिमैत्री नीतिको आवश्यकता आजको प्रमुख चुनौती र अवसर दुवै बनेको छ ।

हिमालय पृथ्वीको जलवायु सन्तुलनको सम्पूर्ण ग्रहको पारिस्थितिक प्रणालीसँग जोडिएको संवेदनशील धड्कन हो । 'तेस्रो ध्रुव'का रूपमा चिनिने हिमालय-हिन्दुकुश क्षेत्र ध्रुवीय क्षेत्रपछिको सबैभन्दा ठूलो हिम-हिउँ भण्डार हो, जसले एसियाको जलवायु, मौसमी प्रणाली र जलचक्रलाई सन्तुलनमा राख्ने महत्वपूर्ण भूमिका खेल्दछ । यही क्षेत्रले दक्षिण एसियाको मनसुनलाई दिशा दिन्छ, तापक्रम नियन्त्रणमा सहयोग पुऱ्याउँछ र विशाल भूभागको जल आपूर्ति सुनिश्चित गर्छ । त्यसैले हिमालयको अवस्था केवल पहाडको विषय होइन, यो एसियाली सभ्यता र विश्वव्यापी जलवायु स्थायित्वसँग गाँसिएको प्रश्न हो ।

हिमालय-हिन्दुकुश क्षेत्रबाट उत्पन्न हुने कोशी, गण्डकी, कर्णाली, सिन्धु, गङ्गा र ब्रह्मपुत्रजस्ता नदी प्रणालीहरु दुई अर्बभन्दा बढी मानिसको जीवनरेखा हुन् । यी नदीहरूले कृषि उत्पादन सम्भव बनाएका छन् । जलविद्युत् विकासको आधार दिएका छन् । जैविक विविधतालाई संरक्षण गरेका छन् र हजारौँ वर्षदेखि मानव सभ्यताको विकासलाई गति दिएका छन् । तर यी नदीहरु हिमनदी र हिमपातमा निर्भर छन् र जब हिमनदी असन्तुलित हुन्छन्, तब सम्पूर्ण नदी प्रणाली जोखिममा पर्छ ।

वैश्विक तापक्रम वृद्धिसँगै हिमालयका हिमनदीहरु तीव्र गतिमा पग्लिनु दीर्घकालीन जल असुरक्षाको संकेत हो । सुरुमा हिम पग्लिँदा नदीमा पानीको मात्रा बढेर बाढी र हिमताल विस्फोटको जोखिम बढ्छ; तर दीर्घकालमा हिमनदी सुक्दै जाँदा नदी प्रवाह घट्छ, जसले कृषि, खानेपानी र ऊर्जा उत्पादनमा गम्भीर संकट निम्त्याउँछ । यसरी जलवायु परिवर्तनले छोटो र लामो दुवै अवधिमा अस्थिरता सिर्जना गरिरहेको छ ।

हिमालयमा बढ्दै गएको असामान्य वर्षा, अनियमित मनसुन, बाढी, पहिरो र लामो खडेरीजस्ता घटनाहरूले यो क्षेत्र जलवायु संकटको अग्रपंक्तिमा पुगेको पुष्टि गर्छन् । कमजोर भू-संरचना, तीव्र भूक्षय र अव्यवस्थित विकासले जोखिमलाई अझै बढाएको छ । यो संकट पहाडी

भूभागमै सीमित छैन; यसको असर समथर भूभागको खाद्य सुरक्षामा, तटीय क्षेत्रमा बाढी जोखिममा र विश्वव्यापी जलचक्रको सन्तुलनमा समेत प्रत्यक्ष देखिन थालेको छ ।

हिमालयको सास गह्रौं हुँदै जाँदा पृथ्वीको धड्कन पनि असन्तुलित बन्दै गएको छ । त्यसैले हिमालयको संरक्षण साझा वैश्विक उत्तरदायित्व हो । जलवायु न्याय, वैज्ञानिक सहकार्य र दीर्घकालीन अनुकूलन रणनीति बिना हिमालयको संकट समाधान हुन सक्दैन । हिमालय जोगाउनु भनेको नदी जोगाउनु हो, नदी जोगाउनु भनेको सभ्यता जोगाउनु हो र अन्ततः पृथ्वीको जलवायु सन्तुलन सुरक्षित गर्नु हो ।

हिमालयको जलवायु संकटले सामाजिक र राजनीतिक संरचनालाई पनि चुनौती दिएको छ । जलस्रोतको असमान वितरण, जल-ऊर्जा-खाद्य सुरक्षा, सीमा पार गर्ने नदीहरूको व्यवस्थापन, जलवायु आप्रवासन र भूराजनीतिक तनावहरु यसै संकटसँग गाँसिएका छन् । विशेषतः नेपालजस्ता न्यून उत्सर्जन तर उच्च जोखिममा रहेका देशहरु जलवायु अन्यायको कठोर वास्तविकता भोगिरहेका छन् ।

विश्वको छत भनेर चिनिने हिमालय पृथ्वीको जीवनधाराको एक महत्वपूर्ण स्तम्भ हो । यहाँको हिमनदी, बरफका ढिस्को र शीतल हावा सम्पूर्ण एशिया महादेशमा नदी प्रणाली, कृषि, जल स्रोत र पारिस्थितिक सन्तुलनको आधार हुन् । हिमालयको स्वास्थ्य पृथ्वीको जलवायु सन्तुलनसँग सीधै जोडिएको छ र यसको मौसमी परिवर्तनले हजारौं वर्षदेखिका मानव सभ्यता र प्राकृतिक परिवेशमा गहिरो प्रभाव पार्दछ ।

हालका वर्षहरूमा विश्वव्यापी तापमान वृद्धिले हिमालयको ढिस्को पग्लन सुरू गरिसकेको छ । गोरखा, कंचनजंगा, सगरमाथा लगायतका हिमनदी क्षेत्रहरूमा पग्लिरहेको बरफले गंगा, ब्रह्मपुत्र, मेखना र अन्य महत्वपूर्ण नदीहरूमा पनि अस्थिरता ल्याइरहेको छ । यसले मात्र सिंचाइ, पिउने पानी र जैविक विविधतामा संकट ल्याउँदैन, सँगसँगै बाढी, भू-स्खलन र प्राकृतिक विपद्को सम्भावनालाई पनि बढाउँछ ।हिमालयको पग्लिँदो बरफ र तापमान वृद्धिले स्थानीय जीवनशैली मात्र होइन, विश्वको जलवायु चक्रमा पनि प्रभाव पारिरहेको छ । हिमाली क्षेत्रको तापमान वृद्धिले हिमनदीको वर्षा र हिउँको मात्रा बदल्दैछ, जसले नदी प्रवाहको नियमिततालाई चुनौती दिइरहेको छ । परिणामस्वरूप, खेतीयोग्य जमिनमा सिँचाइ अस्थिर भएको छ, माछापालन र जलविद्युत् स्रोतहरु अस्थायी संकटमा छन् र मानव बसोबास प्रभावित हुँदैछ ।

**हिमालयको सास कमजोर बन्दै जाँदा पृथ्वीको धड्कन पनि असन्तुलित भएकाले यसको संरक्षण साझा वैश्विक उत्तरदायित्व हो, जुन जलवायु न्याय, वैज्ञानिक सहकार्य र दीर्घकालीन अनुकूलन बिना सम्भव छैन । हिमालय जोगाउनु भनेको नदी, सभ्यता र अन्ततः पृथ्वीको जलवायु सन्तुलन सुरक्षित गर्नु हो ।**

**दिगो विकास र वातावरणमैत्री पूर्वाधारमार्फत मात्र मानव र प्रकृतिबीच सन्तुलन कायम रहन्छ । आजको सचेत र जिम्मेवार कदमले नै हिमालय, जलस्रोत र मानव जीवनको सुरक्षित तथा समृद्ध भविष्य सुनिश्चित गर्न सक्छ ।**

मानव इतिहासमा विकासको नाममा गरिएको अन्धाधुन्ध औद्योगिकीकरण, पेट्रोलियम र कोइलाको अत्यधिक प्रयोग, वन विनाश र वातावरणविरोधी गतिविधिहरूको प्रतिफलस्वरूप पृथ्वीको जलवायु प्रणाली असन्तुलित बन्दै गएको छ । यसले पृथ्वीको तापक्रम वृद्धिको रूप लिएको छ, जसलाई वैज्ञानिकहरूले "वैश्विक उष्णता" भनेर व्याख्या गरेका छन् । यसको प्रत्यक्ष प्रभाव स्वरूप चरम मौसमी घटना, समुद्री सतहको वृद्धि, बाढी, खडेरी, हिमताल फूट, वर्षाको अनियमितता र रोगव्यापकता बढ्दै गएका छन् ।

नेपालको हिमालहरू, जसलाई पृथ्वीका 'तेस्रो ध्रुव' पनि भनिन्छ, तीव्र गतिमा पग्लँदै गइरहेका छन् । जलवायु परिवर्तनका कारण तापक्रम वृद्धिले हिमनदीहरु सुक्दै गएका छन्, जसले गर्दा ग्लोबल वार्मिङले हिमाली पारिस्थितिक प्रणालीमा गम्भीर असर पारेको छ । हिमाल पग्लिँदा बन्ने ग्लेशियर तालहरूको विस्फोटको सम्भावना बढ्दो छ, जसले तल्लो भेगमा रहेका गाउँ, शहर र खेतिपातीमा विनाश ल्याउन सक्छ । जलवायु परिवर्तनले वर्षा प्रणालीमा पनि गडबडी ल्याएको छ – कतै अत्यधिक वर्षा, कतै अत्यधिक खडेरी । यसले कृषिमा गम्भीर असर पुर्याइरहेको छ, जुन नेपालजस्तो कृषि प्रधान देशको आर्थिक स्थायित्वका लागि खतरनाक संकेत हो ।

२१औँ शताब्दीमा जलवायु परिवर्तन मानवता र पृथ्वीको भविष्यका लागि गम्भीर चुनौती बनेको छ । तापक्रम वृद्धिले समुद्री सतह बढाइरहेको छ, जसले तटीय शहरहरूलाई डुबानको जोखिममा राखेको छ । नेपालजस्ता हिमाली र विकासशील मुलुकहरूमा यसको प्रभाव अझ स्पष्ट देखिन्छ–हिमनदीहरु पग्लँदै छन्, ग्लेशियर ताल विस्फोटको खतरा बढ्दैछ, बाढी, पहिरो र असिनाका घटनाहरु तीव्र भएका छन् । कृषि प्रणाली अस्थिर बन्दै गएकाले किसान र खाद्यान्न उत्पादनमा संकट उत्पन्न भएको छ ।

विकास र वातावरणबीचको असन्तुलनले जलवायु संकट गहिरिँदै गएको छ । न्यून उत्सर्जन हुँदाहुँदै पनि नेपालजस्ता देशहरु बढी प्रभावित छन् । हिमालयको स्वास्थ्य बिग्रिँदा एशियाली जल, कृषि र मानव जीवन नै जोखिममा पर्छ, त्यसैले साझा र न्यायपूर्ण जलवायु उत्तरदायित्व अपरिहार्य छ । हिमालय र पृथ्वीको जलवायु भविष्य सुरक्षित गर्न मानव चेतना, दिगो नीति र सामूहिक जिम्मेवारी अपरिहार्य छन् । स्थानीय समुदाय, सरकार, वैज्ञानिक, पर्यावरणविद् र अन्तर ाष्ट्रिय संस्थाबीच सहकार्य बिना यो सम्भव छैन । वन संरक्षण, जलाशय व्यवस्थापन, कार्बन उत्सर्जन न्यूनिकरण, हरित ऊर्जा प्रवर्द्धन र विपद् पूर्वचेतावनी प्रणालीजस्ता उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । दिगो विकास र वातावरणमैत्री पूर्वाधारमार्फत मात्र मानव र प्रकृतिबीच सन्तुलन कायम रहन्छ । आजको सचेत र जिम्मेवार कदमले नै हिमालय, जलस्रोत र मानव जीवनको सुरक्षित तथा समृद्ध भविष्य सुनिश्चित गर्न सक्छ ।

# स्वास्थ्य कार्यालय

**कटुञ्जे, भक्तपुर**

## नियमित रुपमा स्वास्थ्य जाँच गरौं

**नियमित स्वास्थ्य परीक्षण किन ?**

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

**त्यसैले,**

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

---

## "हाम्रो कला हाम्रो संस्कृति, मध्यपुर थिमि हाम्रो सम्पत्ति"

- आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- नगरपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।

# मध्यपुर थिमी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भक्तपुर, बागमती प्रदेश, नेपाल

# वस्तुगत प्रश्नोत्तर

नेपालको उत्तर दक्षिण औसत चौडाई कति किमी रहेको छ ?
- १९३ किमी

नेपालको सबैभन्दा उत्तरी बिन्दु कुन हो ?
- चाङ्ला

पचाल झरना कति मिटर अग्लो रहेको छ ?
- ३८१ मि.

नेपाल पिक कुन जिल्लामा पर्दछ ?
- ताप्लेजुङ

नेपालमा सबैभन्दा बढी गुम्बा भएको जिल्ला कुन हो ?
- सोलुखुम्बु

माघ-फागुनमा कुन ऋतु पर्दछ ?
- शिशिर

दरौदी नदीको उद्‌गम स्थल कुन हो ?
- बुद्ध हिमाल

तीनतिरबाट नदीले सीमाना छुट्याएको जिल्ला कुन हो ?
- ओखलढुंगा

नेपालका कतिवटा जिल्लाले भारतको सीमाना छोएका छन् ?
- २७ वटा

रेडपाण्डाका लागि प्रसिद्ध राष्ट्रिय निकुञ्ज कुन हो ?
- लाङ्टाङ

नेपाल राष्ट्र बैंकले सुन निक्षेपको व्यवस्था कहिले गरेको हो ?
- वि.सं. २०७६ फागुन २२

'नेपालका भाषा र सरकारी कामकाज' नामक पुस्तकका लेखक को हुन् ?
- भीमनारायण रेग्मी

नेपालको सबैभन्दा गहिरो गल्छी दानागल्छीको गहिराई कति छ ?
- ६९६७ मि.

कोरोला नाका कुन जिल्लामा पर्दछ ?
- मुस्ताङ

इम्जा हिमताल कुन जिल्लामा पर्छ ?
- सोलुखुम्बु

क्षेत्रफलको आधारमा सबैभन्दा सानो प्रदेश कुन हो ?
- मधेश प्रदेश

नेपालको कुन वन क्षेत्रमा औषधीय युक्त वनस्पतिको सघनता बढी छ ?
- लेकाली

सख्खरको लागि प्रसिद्ध स्थल कुन हो ?
- बैतडी

शालिग्राम पाइने विश्वको एक मात्र नदी कुन हो ?
- कालिगण्डकी

विश्वको सबैभन्दा ठूलो भुपरिवेष्ठित देश कुन हो ?
- काजकिस्तान

नुवाकोटस्थित नेपालकै ठुलो सौर्य उत्पादनको सुरुवात कहिलेदेखि भएको हो ?
- विसं २०७९ भदौ १०

विराटनगरलाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा कहिले गरिएको हो ?
- वि.सं. २०८० वैशाख ३

विश्वको सबैभन्दा होचो उपत्यका कुन हो ?
- अरूण उपत्यका, नेपाल

अन्तरिक्षमा हिँड्ने पहिलो चिनियाँ महिला को हुन् ?
- वाङ यापिङ

नेपालमा गाउँपालिका मात्र भएको जिल्ला कति वटा छन् ?
- ५ वटा

नेपालको हावापानीलाई कति प्रकारमा विभाजन गरिएको छ ?
- ५ भाग

संसारको कुन देशले सूर्यको ठाडो किरण पाउँदैन ?
- उरूग्वे

सुमेरू महासागरको गहिरो भाग कुन हो ?
- मोलि द्वीप

संसारको सबैभन्दा गहिरो नदी कुन हो ?
- कंगो नदी

औद्योगिक क्रान्ति कुन देशबाट सुरू भयो ?
- इंग्ल्याण्ड

खड्कनिशाना अड्डाको स्थापना गर्ने राणा प्रधानमन्त्री को हुन् ?
- चन्द्र शमशेर

नेपालको संविधानअनुसार आधारभूत र माध्यमिक शिक्षा कसको अधिकार अन्तर्गत पर्दछ ?
- स्थानीय तहको

समुद्रको गहिराई नाप्ने यन्त्रलाई के भनिन्छ ?
- फेदोमिटर

फिफा विश्वकप २०२६ को लोगो कहिले सार्वजनिक भएको हो ?
- सन् २०२३ मे १८

विसं २०८० जेठ १५ मा अर्थमन्त्री प्रकाशशरण महतद्वारा आव २०८०/८१ का लागि प्रस्तुत बजेटको राशि कति रहेको छ ?
- रू. १७ खर्ब ५१ अर्ब ३१ करोड

सरकारले राष्ट्रिय शिक्षा दिवस कहिले मनाउने निर्णय गरेको छ ?
- असोज २

पाल्दोक शब्द कुन जातिसँग सम्बन्धित छ ?
- जिरेल

नेपालको सबैभन्दा होचो विमानस्थल कुन हो ?
- विराटनगर विमानस्थल

सबैभन्दा क्रियाशिल धातु कुन हो ?
- फ्रान्सियम

सबैभन्दा बढी गाउँपालिका भएको जिल्ला कुन हो ?
- धादिङ (११ वटा)

त्रिवर्ग भित्र कुन कुन पर्दछ ?
- धर्म, अर्थ र काम

नेपाल र अस्ट्रेलियाबिच जलस्रोत व्यवस्थापनसम्बन्धी सम्झौता कहिले भएको हो ?
- सन् २०२२, अगस्ट २९

गोल्ड म्यान पुरस्कार केसँग सम्बन्धित छ ?
- वातावरणीय क्षेत्र

राष्ट्रिय बाल दिवस कहिले मनाइन्छ ?
- भदौ २९

विश्वको सबैभन्दा पछि पत्ता लागेको महादेश कुन हो ?
- अन्टार्टिका

नयाँ संसार उपनामले कुन महादेशलाई चिनिन्छ ?

- उत्तर अमेरिका

प्रकाशको तिव्रता नाप्ने यन्त्रलाई के भनिन्छ ?

- क्यन्डेला

कसको हत्याको कारण कोत पर्व भएको हो ?

- गगनसिंह

नेपालमा सबैभन्दा पहिले कहिले बजेट प्रस्तुत भएको थियो ?

- २००८ माघ २१

विश्वमा सबैभन्दा धेरै देशसँग सीमाना जोडिएको राष्ट्र कुन हो ?

- चिन

नेपालमा जनगणना कार्य कहिलेदखि सुरू भएको हो ?

- विसं १९६८

एसिया प्रशान्त आर्थिक सहयोग (एपेक) को स्थापना कहिले भएको हो ?

- सन् १९८९

प्रहरी र जेल नभएको देश कुन हो ?

- आइसल्यान्ड

नेपाल नामक टोल विश्वको कुन देशमा पर्दछ ?

- जापान

रेडियोका आविष्कारक को हुन् ?

- गुग्लिएल्मो मार्कोनी

प्रकाशले एक सेकेन्डमा कति दुरी पार गर्छ ?

- ३ लाख किमी

लाउरेस वर्ल्ड स्पोर्ट्स अवार्ड अन्तर्गत स्पोटर्सम्यानसिप अवार्ड-२०२३ जित्ने फुटबल खेलाडी को हुन् ?

- लियोनल मेसी

नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) कहिलेदेखि कार्यान्वयनमा ल्याएको हो ?

- वि.सं. २०८० जेठ १

नेपालको राष्ट्रिय प्रकृति संरक्षण कोषलाई 'प्रत्यक्ष पहुँच एकाइ' को रूपमा मान्यता दिने संस्था कुन हो ?

- हरित जलवायु कोष (जिसिएफ)

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको फास्ट ट्र्याक अर्थात् द्रुत मार्गको लम्बाइ कति रहेको छ ?

- ७२.५ किलोमिटर

सार्क सचिवालयबाट नियमित रूपमा निस्कने पत्रिकाको नाम के हो ?

- पिजेन

जलवायु परिवर्तनसम्बन्धी 'पेरिस सम्झौता' बाट अमेरिका कहिले बाहिरिएको हो ?

- सन् २०२० नोभेम्बर ४

श्रमसम्बन्धी मुद्दा हेर्ने उद्देश्यका साथ श्रम अदालतको गठन कहिले गरिएको हो ?

- वि.सं. २०७७ असोज २९

गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कारको स्थापना कहिले भएको हो ?

- विसं २०६२

विश्वमै पहिलो पटक सुँगुरको मुटु मानिसमा प्रत्यारोपण कहिले गरिएको हो ?

- सन् २०२२ जनवरी ७

सरकारले सवारीचालक अनुमतिपत्र (लाइसेन्स) मा 'स्मार्टकार्ड' को व्यवस्था कहिलेदेखि गरेको हो ?

- विसं २०७२ मंसिर १४


## "स्वच्छ ! सुन्दर !! समुन्नत !! हरिपुर !!!"

- **आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।**
- **हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।**
- **नगरपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।**
- **जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।**
- **जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।**
- **आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।**
- **नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।**
- **नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।**
- **आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।**

**हरिपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सर्लाही, मधेश प्रदेश, नेपाल**

# बुढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

काठमाडौं, बागमती प्रदेश, नेपाल

## जनस्वास्थ्य सम्बन्धी सन्देशमुलक सूचना

- प्रत्येक ६/६ महिनामा नियमित स्वास्थ्य परीक्षण गरौं ।
- स्वास्थ्य परीक्षणलाई नियमित तथा स्वास्थ्य सेवा लिन राष्ट्रिय बीमा कार्यक्रममा आवद्ध होऔं ।
- गर्भा अवस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं र स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुती सेवा लिऔं ।
- नियमित पोषिलो खानेकुरा खाऔं ।
- सुत्केरी तथा गर्भवती महिला, किशोर-किशोरी तथा बालबालिकाको पोषण अवस्थामा विशेष ध्यान दिऔं ।
- बच्चा जन्मने बित्तिकै बिगौती दुध जतिसक्दो चाँडो खुवाऔं साथै ६ महिनासम्म आमाको मात्र दुध खुवाऔं ।
- बच्चा जन्मेपछि पनि सुत्केरी जाँच कम्तीमा ४ पटक स्वास्थ्य संस्था गएर गराऔं ।
- आफ्ना बालबालिकालाई राष्ट्रिय तालिका अनुसार स्वास्थ्य संस्थामा गई पूर्ण खोप लगाऔं ।
- कोभिड १९ लगायत अन्य सरुवा रोगहरुबाट बचौं ।
- नसर्ने रोगको प्रकोप नियमित बढिरहेको हुँदा नियमित खानपानमा ध्यान दिनुका साथै नियमित शारीरिक व्यायाम तथा कसरत गरौं ।
- डाक्टर तथा स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधीको प्रयोग नगरौं ।

---

# औरही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय


औरही, महोत्तरी, मधेश प्रदेश, नेपाल


## जनस्वास्थ्य सम्बन्धी सन्देशमुलक सूचना

- प्रत्येक ६/६ महिनामा नियमित स्वास्थ्य परीक्षण गरौं ।
- स्वास्थ्य परीक्षणलाई नियमित तथा स्वास्थ्य सेवा लिन राष्ट्रिय बीमा कार्यक्रममा आवद्ध होऔं ।
- गर्भा अवस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं र स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुती सेवा लिऔं ।
- नियमित पोषिलो खानेकुरा खाऔं ।
- सुत्केरी तथा गर्भवती महिला, किशोर-किशोरी तथा बालबालिकाको पोषण अवस्थामा विशेष ध्यान दिऔं ।
- बच्चा जन्मने बित्तिकै बिगौती दुध जतिसक्दो चाँडो खुवाऔं साथै ६ महिनासम्म आमाको मात्र दुध खुवाऔं ।
- बच्चा जन्मेपछि पनि सुत्केरी जाँच कम्तीमा ४ पटक स्वास्थ्य संस्था गएर गराऔं ।
- आफ्ना बालबालिकालाई राष्ट्रिय तालिका अनुसार स्वास्थ्य संस्थामा गई पूर्ण खोप लगाऔं ।
- कोभिड १९ लगायत अन्य सरुवा रोगहरुबाट बचौं ।
- नसर्ने रोगको प्रकोप नियमित बढिरहेको हुँदा नियमित खानपानमा ध्यान दिनुका साथै नियमित शारीरिक व्यायाम तथा कसरत गरौं ।
- डाक्टर तथा स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधीको प्रयोग नगरौं ।

# विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरु निःसन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुनसक्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरु तथा निर्देशनहरुअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन होसियारी अपनाउनु पर्छ। विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ, विषादी अन्तिम प्रयोग र बाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरु तथा प्रयोग हुने बालीहरुबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नु हुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनु पर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ। विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तैः विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

नेपाल सरकार

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

---

# जनस्वास्थ्य सम्बन्धी सन्देशमुलक सूचना

- प्रत्येक ६/६ महिनामा नियमित स्वास्थ्य परीक्षण गरौं।
- स्वास्थ्य परीक्षणलाई नियमित तथा स्वास्थ्य सेवा लिन राष्ट्रिय बीमा कार्यक्रममा आवद्ध होऔं।
- गर्भा अवस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं र स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुती सेवा लिऔं।
- नियमित पोषिलो खानेकुरा खाऔं।
- सुत्केरी तथा गर्भवती महिला, किशोर-किशोरी तथा बालबालिकाको पोषण अवस्थामा विशेष ध्यान दिऔं।
- बच्चा जन्मने बित्तिकै बिगौती दुध जतिसक्दो चाँडो खुवाऔं साथै ६ महिनासम्म आमाको मात्र दुध खुवाऔं।
- बच्चा जन्मेपछि पनि सुत्केरी जाँच कम्तीमा ४ पटक स्वास्थ्य संस्था गएर गराऔं।
- आफ्ना बालबालिकालाई राष्ट्रिय तालिका अनुसार स्वास्थ्य संस्थामा गई पूर्ण खोप लगाऔं।
- नसर्ने रोगको प्रकोप नियमित बढिरहेको हुँदा नियमित खानपानमा ध्यान दिनुका साथै नियमित शारीरिक व्यायाम तथा कसरत गरौं।
- डाक्टर तथा स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधीको प्रयोग नगरौं।

**हरिवन नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

हरिवन, सर्लाही, मधेश प्रदेश, नेपाल

# नेपाल बैंक लिमिटेडको

## आकर्षक कर्जा सुविधाहरु

### सरल प्रक्रिया तथा सुलभ ब्याजदरमा उपलब्ध छन्...




**कल सेन्टर: ०१-५९७१२२२**

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय: धर्मपथ, काठमाडौं
कल सेन्टर: ०१-५९७१२२२
टोल फ्री नं.: १६६००१३७३७३
नेपालको पहिलो बैंक
www.nepalbank.com.np